मुगाल (मुगुम) जातिको चिनारी

कर्मध्वज लामा

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

मुगाल (मुगुम) जातिको चिनारी

कर्मध्वज लामा

प्रकाशक
नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

जातिशास्त्रीय अध्ययन श्रृङ्खला २९

मुगाल (मुगुम) जातिको चिनारी

अनुसन्धान/लेखन : कर्मध्वज लामा
प्रबन्ध सम्पादक : सरीना गुरुङ
भाषा सम्पादक : पदम राई

प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर, नेपाल
फोन नं. +९७७-०१-५१८३२५२/५१८३१७४
Email: mail@nfdin.gov.np
URL: www.nfdin.gov.np

सर्वाधिकार : प्रकाशक

प्रकाशन प्रति : ५००
संस्करण : प्रथम, वि.सं. २०८० (सन् २०२३)

मुद्रण : क्लासिक प्रिन्टिङ सर्भिस
अनामनगर, काठमाडौँ, नेपाल
फोन: +९७७-०१-४१०२६०२

ISBN : 978-9937- 9556-8-3

Mugal (Mugum) Ethnographic profile, research and written by **Karma Dhoj Lama** in 2023.

प्रकाशकको स्वीकृति नलिई समीक्षा र अन्य अनुसन्धानात्मक उद्धरणबाहेक यस पुस्तकको कुनै पनि अंश पुनः मुद्रण गर्न पाइने छैन ।

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

उपाध्यक्षको मन्तव्य

नेपालका आदिवासी जनजातिहरूका मातृभाषा, लिपि, संस्कार-संस्कृति प्रकाशन गर्ने सिलसिलामा '**मुगाल** (**मुगुम**) **जातिको चिनारी**' नामक कृति प्रकाशन गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नेपालको अमूल्य सम्पत्तिका रूपमा रहेका बहुभाषा, बहुसंस्कृति, बहुधर्म नेपालको विशिष्ट परिचयहरू हुन्। यी अमूल्य निधिहरूका विकास, संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ५९ समुदायलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिएको छ। यसै संयन्त्रमार्फत आदिवासी जनजातिसँग सम्बन्धित जाति, भाषा, धर्म, संस्कार-संस्कृति, इतिहास र मातृभाषा साहित्यका अध्ययन-अनुसन्धानदेखि प्रकाशनमा प्रतिष्ठानले सहयोग गर्दै आएको छ। '**मुगाल** (**मुगुम**) **जातिको चिनारी**' त्यहीँ श्रृङ्खलाको निरन्तरतास्वरूप प्रकाशन गरिएको हो।

प्रस्तुत कृतिले **मुगाल** (**मुगुम**) समुदायका भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, आर्थिक र शैक्षिक अवस्थाको उजागर गरी यस क्षेत्रमा अध्ययन-अनुसन्धान गर्न चाहने अध्येताका लागि महत्वपूर्ण सन्दर्भ सामग्री बन्ने कुरामा कुनै द्विविधा छैन।

अन्त्यमा, अनुसन्धाता तथा लेखक **कर्मध्वज लामा** तथा **मुगाल समुदायको उन्नति** र प्रगतिका लागि शुभकामनासहित यस कृतिको अनुसन्धान, लेखन, सम्पादन, विश्लेषणात्मक टिप्पणी र प्रकाशनमा संलग्न सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु।

.....

गोकुलप्रसाद घर्ती

(उपाध्यक्ष)

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प्रकाशकीय

जातिशास्त्रीय चिनारी श्रृङ्खला- २९ मा **मुगाल** (**मुगुम**) **जातिको चिनारी**लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र मुगाल जनजाति समाज कल्याण केन्द्रको संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको हो ।

नेपालका आदिवासी जनजातिहरूका जातीय, भाषिक, धार्मिक, सांस्कृतिकजस्ता विविध विषयहरूमा सहयोग गर्न **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना भएको हो । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपछि नेपालमा **राष्ट्रिय जनजाति विकास समिति**मार्फत आदिवासी जनजातिहरूलाई सहयोग भइरहेको थियो । वि.सं. २०५८ सालमा ऐनमार्फत **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को स्थापना र समायोजन भई आदिवासी जनजातिहरूका हितमा वृहत्तर र प्रभावकारी रूपमा यी समुदायका लागि काम गरिरहेको छ ।

पिछडिएका यी समुदायलाई देशको मूल प्रवाहमा ल्याउनको लागि वर्षेनी विभिन्न कार्यक्रम र परियोजनाहरूमार्फत सहयोग भइरहेको छ । आदिवासी जनजातिका बारेमा लेखिएका ऐतिहासिक दस्तावेज, जातीय, भाषिक, सांस्कृतिक, सामाजिक, आर्थिक, धार्मिक, आदि विविध आयामका दस्तावेजहरूलाई प्रतिष्ठानले कुनै सिधै त कुनै अध्ययन-अनुसन्धान गराई कृतिको रूपमा प्रकाशन गर्दै पाठकसामु ल्याउने काम गर्दै आइरहेको छ ।

यसैको निरन्तरतास्वरूप '**मुगाल** (**मुगुम**) **जातिको चिनारी**' प्रकाशित गरिएको हो ।

प्रतिष्ठानले सूचीकृत आदिवासी जनजाति समूहहरूको जातीय चिनारी (इथ्नोग्राफिक प्रोफाइल) तयार पार्ने क्रममा अनुसन्धानदाता **कर्मध्वज लामा**ले आ.व. २०६७/०६८ मा **मुगाल** (**मुगुम**) **जातिको चिनारी**को अध्ययन-अनुसन्धान गर्नुभएको थियो । सो अध्ययन र लेखन प्रक्रियामा वैज्ञानिक पद्दति, मार्गनिर्देशन, सुपरीवेक्षण कार्य डा. लाल श्याँकारेलु रापचा र प्रा.डा. ओम गुरुङले प्रतिवेदनमा समालोचना तथा विश्लेषणात्मक टिप्पणी गर्नुभएकोमा विज्ञहरूप्रति आभार ब्यक्त गर्दछु र मुगाल जातिको बारेमा यस कृतिले धेरै हदसम्म जान्न र बुझ्नलाई सहयोग पुग्ने छ भन्ने अपेक्षा गरिएको छ । यस प्रकाशित पुस्तकमा व्यक्त विचारहरू लेखकका निजी हुन् ।

अन्तमा अध्ययन-अनुसन्धानदेखि प्रकाशनसम्मको कार्यमा लेखक, '**मुगाल जनजाति समाज कल्याण केन्द्र**'को सहकार्य, यो कार्यमा सहयोग गर्नुहुने सहभागीहरू, भाषा सम्पादन गर्नुहुने पदम राई साथै यो पुस्तक प्रकाशनसँग प्रत्यक्ष-परोक्ष रूपमा जोडिनुभएका महानुभावहरूलाई एकमुष्ट धन्यवाद व्यक्त गर्दछु ।

सरीना गुरुङ
प्राज्ञिक तथा अनुसन्धान महाशाखा

Regd. No.: 335/057/058

मुगाल जनजाति समाज कल्याण केन्द्र
Mugal Janajati Samaj Kalyan Kendra

शुभकामना

भौगोलिक दृष्टिकोणले पिछडिएको क्षेत्र, राज्यसत्ताद्वारा विभेदमा पारिएको समुदाय, सामाजिक र सांस्कृतिक बहिष्करणमा पारिएका नेपालका आदिवासी जनजातिहरूमध्ये **मुगाल** (**मुगुम**) समुदाय नेपाल आदिवासी जनजातिको वर्गीकरणमा सीमान्तकृत समूहमा पर्दछ । आफ्नै समुदायभित्र भाषा, संस्कार, संस्कृति जोगाउन हामीलाई हम्मे-हम्मे परिरहेको अवस्थामा यसबारे सबैलाई सचेत हुन जरुरी छ ।

यस्तो कठिन अवस्थामा सचिव/सहसचिव छोर्गेल लामा (मुगुम) र साङ्मो लामा (मुगुम) को अथक प्रयासबाट 'मुगाल (मुगुम) जातिको चिनारी' नामक पुस्तक प्रकाशन हुन लागिरहेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ । यस पुस्तकको प्रकाशनबाट मुगाल (मुगुम) जातिलाई जागरुक गराउने र सांस्कृतिक, भाषिक जागरणमा उल्लेख्य योगदान पुग्ने आशा लिएको छु ।

यस पुण्य अवसरमा समुदायको यथार्थ इतिहास चित्रण प्रस्तुत गर्ने र यस प्रकाशनले मुगाल (मुगुम) समुदाय, मुगुको भौगोलिक अवस्थिति चिनाउने कामलाई अघि बढाउनेछ भन्ने विश्वास लिएको छु । मुगाल जनजाति समाज कल्याण केन्द्रसँग समन्वय र सहकार्य गरेर अध्ययनको सुरुवातदेखि यो पुस्तक प्रकाशनसम्म सहयोग गर्ने सरकारी निकाय संस्था नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र यो कार्यमा संलग्न सम्पूर्ण कर्मचारी लगायत अमूल्य समय दिनुहुने खेन्पो ग्यूर्मे छुल्ड्रिम (मुगुम), लामा ठिल्ले

(मुगुम), प्रधानाध्यापक/संस्थापक कार्मा छोजोम (मुगुम) र निर्देशक (महालेखा परीक्षकको कार्यालय) छिरिङ तोप्के लामा (मुगुम) ज्यूहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्दछु।

अन्तमा विगत लामो समयदेखि अहोरात्र खोज, अनुसन्धान गरी पुस्तकीय रूपमा तयार पार्न निरन्तर क्रियाशील लेखक कर्मध्वज लामालाई हृदयदेखि प्रशंसा गर्दछु।

.....

याङ्जोल लामा

अध्यक्ष

मुगाल जनजाति समाज कल्याण केन्द्र

कृतज्ञता

यो पुस्तक आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको विभिन्न आदिवासी जनजातिहरूको चिनारी (इत्थ्नोग्राफिक प्रोफाइल) तयार गर्ने परियोजनाअन्तर्गत पर्ने मुगाल जातिबारे लेखिएको पुस्तक हो । पुस्तकमा मुगाल जातिको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक अवस्थालाई विस्तृत रूपमा समेट्ने प्रयत्न गरिएको छ। स्थलगत अध्ययनमा आधारित भएर लेखिएको यो पुस्तक मुगाल (मुगुम) जातिबारेको एक महत्वपूर्ण दस्तावेज हो ।

यो पुस्तक लेखन तथा अध्ययन/अनुसन्धानका क्रममा थुप्रै व्यक्तिहरूबाट अमूल्य सहयोग प्राप्त भएको थियो । अध्ययनमा निरन्तर सहयोग गर्नुहुनेमा टोमा लामा (मुगुम), गुरु श्याङ्ग्याप कार्मारोङ, आङ्ग्याल लामा र दावा तामाङ (मुगुम) हुनुहुन्छ । अमूल्य सहयोगका लागि उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । मुगु गाउँमा खाने, बस्नेको बन्दोबस्त गर्ने दोर्जे लामा (मुगुम) र परिवारको गुणलाई सदा सम्झिरहने छु। तथ्याङ्क सङ्कलनमा सहयोग गर्नुहुर्ने फुर्वा तामाङ (मुगुम), म्हिन्छोङ लामा (मुगुम), छेवाङ लामा (मुगुम), हेसेफिल्के एवम् समस्त मुगु गाउँबासीप्रति म कृतज्ञ छु। उहाँहरूको सहयोगबाट नै यो अध्ययन र लेखन सम्भव भएको हो । गमगढीमा गाँस र बासको प्रबन्ध गरी गुण लाउनुहुने साङ्मो लामा (कार्मारोङ) र परिवारलाई आतिथ्यका लागि धेरै धन्यवाद छ।

यस अध्ययनका लागि महत्वपूर्ण अवसर प्रदान गर्ने आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, विशेष गरी प्रतिष्ठानका पूर्व अनुसन्धान प्रमुख डा. लाल श्याँकारेलु रापचा र प्राज्ञिक तथा अनुसन्धान महाशाखाको निमित्त प्रमुख सरीना गुरुङप्रति विशेष आभार प्रकट गर्दछु। वि.सं. २०६७ सालमै अध्ययन सम्पन्न भइसकी प्राविधिक कारण प्रकाशन हुन नसकेको यो

पुस्तकलाई थप अध्ययनसहित प्रकाशनको लागि महत्वपूर्ण साथ र सहयोग गर्नुहुने आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानका अनुसन्धान परामर्शदाता सन्तलाल मेचेलाई पनि धन्यवाद छ। यो अध्ययनलाई समीक्षा गरी महत्वपूर्ण प्रतिक्रिया, सल्लाह र सुझाव दिनुहुने प्रा.डा. ओम गुरुङलाई धेरै धन्यवाद छ । भाषा सम्पादनमा महत्वपूर्ण सहयोग गर्नुहुने पशुपति बहुमुखी क्याम्पस, चाबहिलका उप-प्राध्यापक हरिहर चापागाईप्रति धेरै आभारी छु।

अन्तमा, दुर्गम गाउँमा एक्लो यात्रा गर्न अनुमति तथा प्रेरणा दिने पूज्यनीय आमाबुबा; जो अहिले हामीमाझ हुनुहुन्न, स्व. कान्छीमाया तामाङ र स्व. हजारसिंह तामाङका साथ सम्पूर्ण परिवारप्रति सदा कृतज्ञ छु । अध्ययन/अनुसन्धानमा सधै हौसला, साथ र सहयोग गरिदिने जीवनसंगिनी सुशीला थिङ, छोरी केन्सुन तामाङ र छोरा डोन्डुप तामाङलाई स-प्रेम धन्यवाद।

कर्मध्वज लामा

विषय सूची

अध्याय-एक **पेज नं.**

परिचय १

१.१ मुगाल (मुगुम) जाति १

१.१.१ मुगाल : अरुको पहिचानले चिनिएको समुदाय ३

१.१.२ मुगाल र तामाङ : विरोधाभास कथन ३

१.१.३ मुगाल : पहिचान पुनर्निर्माणको राजनीति ६

१.१.४ शारीरिक बनावट ९

१.२ जातीय इतिहास र पुख्यौंली भूमि ९

१.३ मुगुमको शाब्दिक अर्थ १२

१.४ मुगु अर्थात् मुगुम गाउँको इतिहास १३

अध्याय-दुई

भौगोलिक अवस्था, प्राकृतिक श्रोत र भौतिक पूर्वाधार **१५**

२.१ भौगोलिक अवस्था तथा प्राकृतिक श्रोत १६

२.१.१ भूगोल १६

२.१.२ हावापानी १७

२.१.३ वनस्पति १८

२.१.३.१ जडिबुटी १८

२.१.३.२ फलफूल १८

२.१.३.१.३ अन्नबाली १८

२.१.४ नदीनाला १८

२.१.५ खानी १८

२.१.६ हिमश्रृङ्खला १८

२.१.७ वन्यजन्तु तथा पन्छी १९

२.२ भौतिक पूर्वाधार १९

अध्याय-तीन

सामाजिक तथा जनसाङ्ख्यिकीय अवस्था **२१**

३.१ जनसङ्ख्या २२

३.२ पारिवारिक संरचना २५

३.३ श्रम विभाजन २६

३.४ नातेदारी व्यवस्था २८

३.५ सामाजिक स्तरीकरण/तह ३०

३.६ घर बनावट ३३

३.७ सामाजिक विकास ३५

३.७.१ शिक्षा ३५

३.७.२ स्वास्थ्य ४२

३.७.३ खानेपानी ४३

३.७.४ ऊर्जा/बिजुली बत्ती ४४

३.७.५ आमसञ्चार ४५

३.७.६ यातायात ४६

३.७.७ सुरक्षा ४७

३.८ सामाजिक गतिशिलता ४८

३.८.१ बसाइँसराइ ४८

३.८.२ राजनीति ५२

अध्याय-चार

भाषा र धर्म **५३**

४.१ भाषा ५३

४.१.१ मुगाल (मुगुम) भाषाका केही शब्दहरू ५५

४.१.२ मुगाल (मुगुम) भाषाका केही वाक्यहरू ६०

४.१.३ मुगाल (मुगुम) भाषामा सात बारको नाम ६२

४.१.४ मुगाल (मुगुम) भाषामा अङ्क गणना ६२

४.२ धर्म ६४

४.३ गुम्बा व्यवस्थापन ६७

४.४ मुगाल समुदायको तीर्थस्थल ६८

४.५ मुगाल समुदायका देवीदेवताहरू ६९

अध्याय पाँच
संस्कार, रहनसहन र परम्परा ७०
५.१ जन्मसंस्कार ७०
५.२ विवाहसंस्कार ७२
५.२.१ मागी विवाह ७३
५.२.२ भागी (प्रेम) विवाह ८०
५.२.३ जारी विवाह ८१
५.३ मृत्युसंस्कार ८२
५.४ सोल्जी संस्कार ८६
५.५ न्युङ्ने संस्कार ८७
५.६ वेषभूषा तथा गरगहना ८८
५.७ खानपान ९१
५.८ परम्परागत प्रथाहरू ९२
५.८.१ सामाजिक तथा न्यायिक निकाय/व्यक्ति ९२
५.८.२ चुन्बा ९२
५.८.३ लामा ९३

अध्याय-छ
अर्थतन्त्र ९५
६.१ कृषि ९६
६.२ पशुपालन ९८
६.३ व्यापार ९९
६.३.१ वस्तु विनिमय प्रणाली १००
६.३.२ वस्तु-नगद-वस्तु विनिमय प्रणाली १०२
६.४ उद्योगधन्दा तथा हस्तकला १०३
६.५ इष्टमित्र प्रथा १०४
६.६ तिरो प्रथा १०५

६.७ भन्सार कार्यालय १०६
६.८ बजार १०७
६.९ पर्यटन १०८

अध्याय-सात
मुगाल जातिका चाडपर्व तथा नाचहरू ११०
७.१ ल्होसार ११०
७.२ मुगाल जातिको १२ महिनाका नामहरू ११५
७.३ याप्लाङ कोगे पर्व ११६
७.४ मुगाल जातिमा प्रचलित नाचहरू ११८
७.४.१ स्ह्याबरु नाच ११८
७.४.२ चेलु नाच ११९
७.४.३ गिङलु नाच ११९
७.४.४ याप्लाङ कोगे नच १२०
७.५ मुगाल लोक बाजा १२१

अध्याय-आठ
आदिवासी तथा परम्परागत ज्ञान र सीप १२३
८.१ प्राकृतिक स्वास्थोपचार १२३
८.२ धार्मिक लोकरीति १२४
८.३ प्राकृतिक स्रोत व्यवस्थापन १२५

अध्याय-नौ
मुगाल समुदायमा प्रचलित जनश्रुति १२८
९.१ मुगु गाउँमा काग, सर्प र बाघ आउँदैन भन्ने जनश्रुति १२८
९.२ मुगाल समुदायमा प्रचलित वचन बोल्ने नामबारे जनश्रुति १३०

अध्याय-दश
मुगाल समुदाय र संस्कृतिः परिवर्तन र निरन्तरता १३१

अध्याय-एघार
निष्कर्ष १३६

सन्दर्भ सूची १३९

तस्बिर, तालिका तथा अनुसूचीहरू

तस्बिरहरू	पेज नं.
तस्बिर - १ मुगाल जातिको बसोबास रहेको मुगु गाउँ	१५
तस्बिर - २ मुगु गाउँमा प्रवेश गर्न बनाइएको स्वागत द्वार (चिटिम)	१७
तस्बिर - ३ मुगाल बसोबास क्षेत्रमा पाइने यार्सागुम्बा	१९
तस्बिर - ४ मुगु गाउँमा अवस्थित प्राथमिक विद्यालय	२०
तस्बिर - ५ मुगाल जातिको घर	३४
तस्बिर - ६ मुगु गाउँमा भिस्याट प्रणालीबाट सञ्चालित टेलिफोन सेवा	४६
तस्बिर - ७ यातायातको साधनका रूपमा प्रयोग गरिने याक तथा चौँरीगाई	४७
तस्बिर - ८ मुगु गाउँका मुगालहरू हिउँदमा अस्थायी बसोबास गर्ने ठाउँ, सिरानचौर	५१
तस्बिर - ९ मुगुम भाषामा प्रयोग गरिने सम्बोटा लिपि	५४
तस्बिर - १० मुगु गाउँमा अवस्थित भगवान् बुद्धको मूर्ति	६५
तस्बिर - ११ धर्म कमाउनको लागि बनाइएका माने	६७
तस्बिर - १२ मुगु गाउँमा अवस्थित सेरखाङ (वचन बोल्ने गुम्बा)	८६
तस्बिर - १३ मुगाल जातिको वैवाहिक संस्कार	७३

तस्बिर - १४ मृतकको सम्झनामा बनाइएका चिटिमहरू ८६
तस्बिर - १५ मुगाल पुरुष पोशाक तथा गहना ८८
तस्बिर - १६ मुगाल महिला पोशाक तथा गहना ८९
तस्बिर - १७ मौलिक वेषभूषामा मुगाल पुरुष तथा महिला ९०
तस्बिर - १८ मुगु गाउँमा रहेको खेतीयोग्य जमिन ९७
तस्बिर - १९ चौँरी, झोवा, घोडालगायतका पशुहरू चरन क्षेत्रमा चर्दै ९९
तस्बिर - २० परम्परागत पोशाक बुन्दै मुगाल महिला १०४
तस्बिर - २१ मुगु भन्सार कार्यालय १०७
तस्बिर - २२ तिब्बती अस्थायी बजार ह्याजिमार १०८
तस्बिर - २३ मुगु गाउँबाट देखिने हिमालको दृश्य १०९
तस्बिर - २४ याप्लाङ कोगे नाच नाच्दै मुगालहरू १२१
तस्बिर - २५ मुगाल जातिको परम्परागत बाजा घोऊँ/डाङीन १२२

<u>तालिकाहरू</u>

तालिका १ : उमेर समूहगत तथा लैङ्गिक जनसङ्ख्या विवरण २३
तालिका २ : हाड नाता तथा वैवाहिक सम्बन्धबाट विकसित केही नाता सम्बन्धहरू २८
तालिका ३: मुगु गाउँको विस्तृत शैक्षिक अवस्था ३८
तालिका ४ : सञ्चार साधन र तिनको प्रयोग गर्ने उपभोक्ता ४५
तालिका ५ : मुगु गाउँमा मातृभाषा बोल्ने वक्ताको सङ्ख्या ६३

तालिका ६ : मुगु गाउँमा बाली लगाउने र भित्र्याउने समय ९७
तालिका ७ : मुगाल भाषामा १२ महिनाको नाम ११६

अनुसूचीहरू

अनुसूची १ मुगाल जातिसँग सम्बन्धित सङ्घसंस्थाहरू १४४
अनुसूची २ मुगु गाउँमा रहेका गुम्बाहरू १४४
अनुसूची ३ क. मुगु जिल्लाको नक्सा १४५
ख. मुगु गाउँको नक्सा १४६

समर्पित @ पहिचानका लागि अनवरत रूपमा संघर्षरत मुगाल समुदाय र मेरा जीवनका आदर्श व्यक्तित्वहरू बुबा स्व. हजारसिं तामाङ र आमा स्व. कान्छीमाया तामाङप्रति ।

अध्याय : एक

परिचय

१.१ मुगाल (मुगुम) जाति

मुगाल नेपालको कर्णाली प्रदेशअन्तर्गत पर्ने मुगु जिल्लाको साविक मुगु गाउँ विकास समिति र हालको मुगुम कार्मारोङ गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने मुगु गाउँमा बसोबास गर्ने मङ्गोलियन नश्ल तथा तिब्बतीयन भाषिक परिवारको भाषा बोल्ने अल्पसङ्ख्यक[1] एवम् सिमान्तकृत आदिवासी जनजाति हुन् । शाही (२०५८ वि.सं.) का अनुसार मुगाल एघारौँ शताब्दीमा तिब्बतबाट नेपाल आई स्थायी बसोबास गरेका हुन् । यो जातिको आफ्नै भाषा, लिपि, धर्म, संस्कार, परम्परा, रीतिरिवाज र विश्वदृष्टिकोण छन् ।

मुगाल जाति नेपालको उत्तरी क्षेत्र अर्थात् जडान[2] क्षेत्रमा बस्ने भएकाले यिनीहरूलाई जाड वा भोटे[3] भनेर पनि चिन्ने गरिन्छ । स्थानीय मुगाल भाषामा मुगाल जातिलाई मुगुम भनिन्छ । मुगु भन्ने

---

[1] नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार कुल जनसङ्ख्याको ०.५ प्रतिशतभन्दा कम जनसङ्ख्या भएका समुदायलाई अल्पसङ्ख्यक मानिन्छ। यद्यपि सोभन्दा कम जनसङ्ख्या भएका मुगाल समुदायलाई अल्पसङ्ख्यक सूचीमा समावेश गरेका छैनन् । वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनामा मुगाल समुदायको अस्तित्व नदेखिएको र सरकारले अल्पसङ्ख्यकको सूची बनाउँदा सोही जनगणना प्रतिवेदनलाई आधार बनाएकोले मुगाल समुदाय अल्पसङ्ख्यकको सूचीबाट छुटेका हुन् । यहाँ अल्पसङ्ख्यकको अर्थ जनसङ्ख्याको आधारमा मात्रै नभई सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक रूपले पिछडिएको समुदायको रूपमा प्रयोग गरिएको छ ।

[2] उत्तरी हिमालय क्षेत्र/चिसो भू-भाग ।

[3] भोटे शब्दले तिब्बती/भोट क्षेत्रबाट आएको मानिसहरूको समूहलाई बुझाए पनि पछि आएर यो शब्दले अरू समूहका विशेष गरी हिन्दू धर्मावलम्बी आर्य नश्लका मानिसहरूले उनीहरूलाई आफूहरूभन्दा अलग पहिचान भएका मदिरा सेवन गर्ने, असभ्य, अशिक्षित एवम् अपहेलित भावार्थको रूपमा प्रयोग गरेको पाइन्छ ।

गाउँमा बसोबास गरेकाले यहाँको बासिन्दालाई मुगाल भनेको हो भन्ने सामान्य भनाइ रहेको पाइन्छ ।

मुगाल जातिलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन- २०५८ ले ५९ आदिवासी जनजातिभित्र सूचीकृत गरेको छ । सो ऐनमा यस जातिलाई मुगाली भनेर लेखिएको छ । वि.स. २०७८ को राष्ट्रिय जनगणना प्रतिवेदनभन्दा अघिका प्रतिवेदनहरूमा मुगाल जातिलाई समावेश गरिएको पाइँदैन ।[4] यसकारण मुगाल वर्षैदेखि आफ्नै देशभित्र उपेक्षित, उत्पीडित र पहिचानविहीन भएर किनारामा पारिएका जनजाति हुन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (आजउरा) ऐन- २०५८ अस्तित्वमा आउनुभन्दा अघिसम्म यो जाति तामाङ/लामाजस्ता पहिचानले चिनिन्थ्यो ।

कुल जनसंख्या २१२४ जना रहेको मुगाल/मुगुम जातिको मुख्य बसोबास नेपालको उत्तर-पश्चिम हिमालयको काखमा रहेका मुगु गाउँ हो (जनगणना प्रतिवेदन, २०२१) । मुगु गाउँ र यहाँ बसोबास गर्ने मुगाल जाति राज्यको नजरबाट सदियौँदेखि ओझेलमा रहेको छ । यद्यपि धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाका दृष्टिले भने यो गाउँ र यहाँका बासिन्दा विशाल र सम्पन्न छन् ।

मुगाल जातिभित्र १६ भन्दा बढी विभिन्न थरहरू छन् । ती थरहरू छ् योडा, ढावा, आल्छेन, थुवा, खामेन, टिक्टी, चोवा, रोगा, चेन्ल्हाक, सोग्पा, साक्या, शेलचा, छ्याङमा, सेक्पा, लाम्गार, खिम्गार आदि हुन् । यो जाति चलाख र तीक्ष्ण बुद्धिका हुन्छन् (शाही, २०५८ विं. सं.) । 'सात रकाल बराबर एक सिजाल र सात सिजाल बराबर

[4] हेर्नुहोस् केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणनासम्बन्धी प्रतिवेदन (२०११, २००१ र १९९१) ।

एक मुगाल' भन्ने कर्णाली प्रदेशका खसहरूमाझ प्रचलित भनाइले पनि मुगालहरू बुद्धिमान् हुन्छन् भन्ने कुराको संकेत गर्छ ।

१.१.१ मुगाल : अरुको पहिचानले चिनिएको समुदाय

मुगाल समुदायको मूल बसोबास थलो मुगु जिल्लाको उत्तरी गाउँ मुगु हो । तर मुगु गाउँको जनसङ्ख्या तथ्याङ्क (नामावली) मा मुगाल जातिको नाम उल्लेख गरिएको पाइँदैन । जनसङ्ख्या नामावलीमा मुगाल नभई तामाङ र लामा जातिको नाम उल्लेख गरिएको छ । मुगु गाउँका बासिन्दाको नागरिकता प्रमाणपत्र, जग्गा धनी लालपूर्जा, शैक्षिक प्रमाणपत्र, मतदाता परिचय-पत्र र अन्य सरकारी कागजातमा समेत तामाङ र लामा थर लेखिएको छ । यसैले मुगालहरूको आधिकारिक परिचय तामाङ/लामा हो । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा भने मुगाल जातिलाई मुगाली भनिएको छ । यसरी राज्यले मुगाल जातिलाई विरोधाभाष किसिमले फरक-फरक पहिचान दिएको देखिन्छ ।

१.१.२ मुगाल र तामाङ : विरोधाभास कथन

मुगाल जातिलाई आधिकारिक रूपमा तामाङ/लामा थरले चिनिन्छ भन्ने कुरा माथि उल्लेख गरिसक्यौं । उहाँहरूलाई किन 'तामाङ' बनाइयो अथवा मुगाल जातिको थर किन र कसरी 'तामाङ' र 'लामा' भयो भन्नेबारे बहस यस उपशीर्षक अन्तर्गत गरिएको छ ।

मुगाल जातिलाई किन र कसरी तामाङ/लामा थरले चिनायो भन्ने कुरामा फरक-फरक विचार एवम् भनाइहरू पाइन्छन् । वि.सं. २०३६ सालमा अस्थायी नागरिकता प्रमाणपत्र बनाउन आउने खस[5]

[5] सामान्य बोलीचालीको भाषामा कर्णाली प्रदेशको खसान अर्थात् तल्लो क्षेत्रमा बसोबास गर्ने खसभाषी समुदायलाई खस जाति भनेर भनिन्छ ।

जातिका कर्मचारी; जो तामाङ जातिसँग परिचित थिए, मुगाल जातिलाई आफूखुसी तामाङ र लामा लेखेका हुन् भन्ने मुगालहरूको भनाइ रहेको छ भने गैरमुगाल अर्थात् खसहरू चाहिँ मुगालहरूले भोटे भनेपछि नागरिकता नपाइने डरले र तिनीहरू बौद्ध/स्वयम्भू दर्शन गर्न जाँदा तामाङ जातिका बारेमा थाहा भएकाले आफूहरूलाई तामाङ/लामा जाति भनेर लेखाएका हुन भन्ने तर्क गर्दछन् । रविन्द्र तामाङले भने मुगाल जातिको तामाङसँग सम्बन्ध देखाउदै 'मोक्तान' थरका तामाङहरूको आदिथलो मुगु गाउँ हो भनेका छन् (तामाङ, २०६२ वि.सं.) । यो कुरालाई परशुराम तामाङले पनि स्वीकार गरेका छन् । उनका अनुसार तामाङ जातिको 'मोक्तान' [6] थर मुगु ग्याल्छाबाट अपभ्रंश भई बनेको हो (तामाङ, २०७५ वि.सं.) । यी भनाइसँग मोक्तान थरका तामाङहरू भने सहमत देखिँदैनन् । उनीहरूका अनुसार मोक्तानहरूको आदिथलो सिन्धुपाल्चोक जिल्लाको अन्दरपुङ (अत्तरपुर) हो ।[7] मुगाल जातिको सामाजिक व्यवस्था र सांस्कृतिक व्यवहार तामाङ जातिसँग तुलना गर्दा तामाङ (२०६२ वि.सं) र तामाङ (२०७५ वि.सं.) को तर्कसँग सहमत हुन सक्ने ठोस आधार देखिँदैन । यद्यपि यसबारे छुट्टै अनुसन्धान गर्न सकिन्छ ।

शाही (२०५८) अनुसार जिम्मुवाल, मुखिया, ठालु र भलादमीको सल्लाहमा राणाकालमा नै मुगाल समुदायलाई तामाङ/लामाजस्ता थरहरू राखी मुगु गाउँमा बसोबास गराएका हुन् । यस भनाइसँग केही हदसम्म मिल्ने तर्क गरेका छन् हर्क गुरुङले । उनका अनुसार सन्

[6] अठार तामाङहरूमा सातथरे, छथरे र पाँचथरे थिए । तिनीहरू मध्येका पाँचथरे तामाङका एकलाई टुल्कु भिक्षुले साम्जे रेम्बोर्छेको मुगुग्याल्छा भन्ने बगैंचामा ध्यान गर्न पठायो । तपस्याबाट उनले चम्पा अर्थात् पीठोको थुर्मी बनाई पहारामा हान्दा पहारा फुटी पानी निकाल्यो । त्यसैले उसलाई ह्युल्बालीले मुगुग्याल्छा भनियो । त्यसैबाट अपभ्रंश भई 'मोक्तान' बनेको हो ।

[7] सिंहबहादुर मोक्तानसँगको कुराकानीमा आधारित ।

१८५६ को नेपाल-तिब्बत युद्धमा वर्तमान मुगालहरूको भूमिकाबाट प्रसन्न भई जङ्गबहादुरले उनीहरूलाई तामाङ थरको उपाधि दिएका थिए (गुरुङ, २००७) । त्यसैगरी कैदी (२०४९, कार्मारोङ, २०६७ वि.सं. मा उदृत) ले पनि जंगबहादुर राणाले कर्णालीका भोट मूलका जाडहरूलाई तामाङ लेख्ने सनद जारी गरी जात नै बदलिदिएको भनेका छन् । डोरबहादुर विष्टले पनि डोल्पो र त्यसदेखि पश्चिमका हिमालीहरू आफूलाई तामाङ भन्ने गरेको कुरा उल्लेख गरेका छन् (विष्ट, २००७) ।

माथिका भनाइहरूलाई आधार मान्दा र स्वयम् मुगाल समुदायका सदस्यहरूसँगको कुराकानीबाट मुगाल जातिलाई शासकहरूले विभिन्न समयमा तामाङ, लामा, भोटे, मुगालीजस्ता थरहरूले चिनाएको देखिन्छ । यो सन्दर्भ तामाङ जातिलाई चिनाउन तत्कालीन शासकहरूले प्रयोग गरिएको विभिन्न शब्दावली जस्तै *मुर्मी, भोटिया, इसाङ, लामा* आदिसँग मेल खान्छ । जङ्गवीर[8] नाम गरेका एक जना तामाङले सन् १९३२ मा तत्कालीन राणा प्रधानमन्त्री भीमशमशेर र राजा त्रिभुवनसमक्ष 'तामाङ' लेख्न पाउँ भनी चढाएको बिन्ती-पत्रको सुनुवाइपछि मात्रै तामाङहरूले आफूलाई 'तामाङ' भनेर लेख्न र चिनाउन आधिकारिकता पाएको देखिन्छ (होल्मवर्ग, १९८९) । सोभन्दा अघि तामाङ जातिलाई राज्य र तत्कालीन शासकहरूले फरक-फरक जातिका रूपमा चिनाइन्थ्यो । मुगाल जातिका सन्दर्भमा पनि तामाङ जातिको जस्तै तत्कालीन शासकले चिनाउन प्रयोग गरेको शब्दावली हुनसक्छ 'तामाङ/लामा' र कालान्तरमा यहीँ आधिकारिक परिचय स्थापित भएको हुनुपर्दछ ।

[8] मुगु गाउँका स्थानीय मुगाल जातिसँग गरिएको सामूहिक छलफल एवम् तामाङ (२०६३ वि.सं.) मा आधारित ।

मुगाल जातिको आकृति, शारीरिक बनावट र केही भाषिक शब्दावलीहरू केही हदसम्म तामाङ जातिसँग मिल्ने भए पनि भाषा, संस्कृति, रीतिरिवाज, चालचलन र थरजस्ता धेरै कुराहरू तामाङ जातिका भन्दा पृथक् छन् । विभिन्न लेखक तथा विद्वानहरू होल्मवर्ग (१९८९), फ्रिके (१९९३), विष्ट (२००७), तामाङ (२००८), तामाङ (२०७५ वि.सं.) आदिले तामाङ जातिका बारेमा लेखिएका पुस्तकहरू अध्ययन गर्दा मुगाल जातिलाई तामाङ जाति हो भन्ने ठोस आधारहरू देखिँदैनन् । शाही (२०५८ वि.सं.) ले पनि मुगाल जातिको भाषा, गोत्र र थर तामाङ जातिको भन्दा फरक रहेको कुरा औँल्याएका छन् ।

१.१.३ मुगालः पहिचान पुनर्निर्माणको राजनीति

पहिचान कुनै जाति वा समुदायको जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । साश्वतवादी (Priomoderlist)[9] हरूका अनुसार पहिचान ऐतिहासिक र परम्परागत रूपमा निर्मित प्रकृया हो । यो स्थिर हुनुको साथै भावनात्मक र मनोवैज्ञानिक पक्षसँग गाँसिएको हुन्छ ।

जब कुनै जाति वा समुदायमाथि राज्य पूर्वग्राही बन्छ, अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन गरिन्छ । उनीहरूको भाषा, धर्म, संस्कार, संस्कृति र परम्परालाई सम्मान गर्दैन । भावनालाई बेवास्ता गर्ने काम हुन्छ । त्यतिबेला पहिचानको राजनीति जन्म हुने गर्दछ । विश्वमा देखिएको पहिचानको राजनीतिक इतिहासले यहीँ बताउँछ ।

अठारौं शताब्दीमा निर्मित आधुनिक नेपाल राज्यले आदिवासी जनजातिहरूलाई उपेक्षा, अपहेलना र उत्पीडन मात्रै गरेनन्, उनीहरूको धर्म, संस्कार, रीतिरिवाज र परम्परालाई नै लोप गराउने

[9] साश्वतवादी (प्राइमोडलिष्ट) जनजातीय पहिचान र राष्ट्रियतालाई व्याख्या र विश्लेषण गर्ने एउटा विचार समूह हो ।

नीति ल्याए । नेपाली समाजको विशेषता बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक भएर पनि नेपाल राज्यको स्वरूप र चरित्र केन्द्रीकृत र एकात्मक भएकोले राज्यसंरचनाको विभिन्न निकाय र तहहरूमा आदिवासी जनजातिहरू समाहित हुन सकेका छैनन् । राज्यले आदिवासी जनजातिहरूलाई जाति, भाषा, धर्म, लिङ्ग, वर्ग र क्षेत्रको आधारमा विभेद गरेको हुँदा राष्ट्रिय राजनीतिक जीवनको मूल प्रवाहबाट उनीहरू अलग्गिएका हुन् (गुरुङ, २००९) ।

आदिवासी जनजातिमाथिको दमन, शोषण र उत्पीडन नेपालमा मात्रै नभई विश्वव्यापी घट्ना हो । यसको प्रतिकार विभिन्न समुदायले आ-आफ्नै किसिमले गर्दै आएको छ । पहिचानको राजनीतिले विश्वव्यापी रूपमा उचाइ लिदै जाँदा, यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि पऱ्यो । त्यसो त नेपालमा पहिचानको मुद्दा राणाकालीन समयमा नै उठिएको थियो । सिमान्तकृत आदिवासी जनजाति समुदायहरूले राणा शासन कालमै उच्च हिन्दू जातिको दमनविरुद्ध विभिन्न किसिमले विरोध र विद्रोह गरेका थिए (क्यापलन, १९७०; सगन्त, १९९६; हांगेन र लावती, २०१३ ई.वी.मा उद्धृत) । गुरुङ (२००९) का अनुसार नेपालमा पहिलोपटक सन् १७७८ मा पल्लो किरातका लिम्बूहरूले भाषिक दमनका विरुद्ध आन्दोलन गरेका थिए ।

विश्वमा धेरै पहिले नै उठेको पहिचानको मुद्दा नेपालमा पनि पृथ्वीनारायण शाहको असली हिन्दूस्थान बनाउने अभियानसँगै देखा परेको हो । तर सन् ९० को दशकबाट भने नेपालमा आदिवासी जनजाति पहिचानको आन्दोलन बढी सशक्त भएर आएको देखिन्छ । खासगरी जातीय तथा सांस्कृतिक पहिचानका सवालहरू आन्दोलनका प्रमुख मुद्दाका रूपमा देखिएको छ ।

नेपालमा हुर्कंदै गरेको आदिवासी जनजाति पहिचानको राजनीतिक प्रभाव मुगाल समुदायमा पनि परेको देखिन्छ। यसको पुष्टि पहिचानको आन्दोलनमा उनीहरूको सशक्त उपस्थितिले गर्दछ। मुगाल समुदायको प्रमुख मुद्दा भनेको जातीय पहिचान हो। नेपालको राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण प्रतिवेदनहरूमा मुगाल समुदायलाई तामाङ जातिको रूपमा उल्लेख गरिएको छ भने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ ले मुगाली भनी सूचीकृत गरेको छ। तर मुगालहरूको तर्क आफूहरू तामाङ, लामा, मुगाली, मुगाल कुनै नभई 'मुगुम' हो भन्ने रहेको छ। उनीहरूको पुरानो र वास्तविक पहिचान 'मुगुम' भएकाले उनीहरू यसलाई पुनर्स्थापित गर्न चाहन्छन्। यसका लागि उनीहरूले आफ्नो नामको पछाडि अथवा थरमा 'मुगुम' लेख्ने अभियानको थालनीसमेत गरिसकेका छन्।

मुगाल समुदायको अहिलेको प्रमुख मुद्दा भनेको आफ्नो वास्तविक पहिचान पुनर्स्थापना गर्नु हो। यसका लागि उनीहरू विभिन्न तरिकाले राज्यसँग माग गरिरहेका छन्। राष्ट्रिय जनगणना २०६८ मा मुगाल जातिले आफूलाई 'मुगुम' भनेर चिनाउन खोज्नु र सोहीअनुरूप घरधुरी सर्वेक्षणमा आफ्नो विवरण प्रस्तुत गर्नु यसको ज्वलन्त उदाहरण हो।[10] तर अझै पनि मुगालहरूको मागप्रति राज्य उदार बन्न सकेका छैनन्। यो कुरा पछिल्लो जनगणना (२०६८) प्रतिवेदनमा मुगाल जातिलाई 'तामाङ'ले नै पुनः चिनाउनुले पुष्टि गर्दछ। यस कार्यले राज्यप्रति मुगालहरूको असन्तुष्टि बढ्दै गएको थियो। यद्यपि २०७८ को जनगणना प्रतिवेदनमा भने मुगाललाई भिन्न जातिको रुपमा समेटिएको छ।

[10] वि.सं. २०६८ सालको मुगु गाउँको घरधुरी सर्वेक्षण ताका अनुसन्धाता/लेखक स्वयं मुगु गाउँमा रहेको।

मुगाल अभियन्ताहरूका अनुसार उनीहरूलाई मुगाल, मुगाली, तामाङ, लामाजस्ता पहिचान खस जातिले दिएको हो । उनीहरूको वास्तविक पहिचान 'मुगुम' हो । त्यसैले आफ्नो पहिचान स्थापित नभएसम्म र सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक र राजनीतिक अधिकारप्राप्त नगरेसम्म आफ्नो आन्दोलन जारी रहने कुरा उद्घोष गरेका छन् ।[11]

१.१.४ शारीरिक बनावट

मुगाल समुदाय मङ्गोल नश्ल अन्तर्गत पर्दछ । यिनीहरू गहुँगोरो वर्णका हुन्छन् । मुगालहरू कालो, मोटो केश, चेप्टो मुखाकृति, गालाको हाड उठेको र छाती ठूलो र आँखा साना, पातला दाह्री जुँगा र सामान्य खालका नाक भएका हुन्छन् । नेपालका अन्य जनजाति समुदायभन्दा औसतमा मुगालहरू अग्लो कदका हुन्छन् । शारीरिक रूपमा पनि यिनीहरू बलिया र हृष्टपुष्ट हुन्छन् ।

१.२ जातीय इतिहास र पुर्ख्यौली भूमि

मुगु गाउँको उत्पत्तिको इतिहास ७०० वर्षभन्दा बढी पुरानो छ । मुगुम अर्थात् मुगु गाउँको वास्तविक तिब्बती नाम 'म्हुम' थियो । १८औँ शताब्दीमा आएर मुगुमको नाम मुगुका रूपमा विकसित भएको हो । मुगुमका बासिन्दालाई पहिले 'म्हुम्पा' भनेर चिनिन्थे । खस अर्थात् यत्से वंशकालमा आएर मुगुमका बासिन्दाहरूलाई मुगुम्पा भन्ने गरिन्थ्यो । यस गाउँका प्रथम बासिन्दाहरू श्हाङ्श्हुङ[12] सभ्यताको विस्तारकालमा बसेका हुन् (मुगुम स्टोरी, २००८) ।

---

[11] टोमा मुगुम, आङग्याल लामा मुगुम, दावा मुगुम र सोनाम मुगुमसँगको कुराकानीमा आधारित ।

[12] वर्तमान हुम्ला जिल्ला र कैलाश मानसरोवर आसपास रहेको तत्कालीन पश्चिम तिब्बतको विशाल पौराणिक अधिराज्य र संस्कृति जुन संस्कृति बोन धर्मसँग सम्बन्धित थिए ।

मुगुमा मानव बसोबासको इतिहासबारे विभिन्न थरिका भनाइहरू पाइन्छन् । शाही (२०५८) का अनुसार चीनको स्वशासित क्षेत्र तिब्बतको डारी प्रदेशबाट ११औँ शताब्दीमा नागराजले कर्णाली प्रदेशमा राज्य स्थापना गर्दा कर्णाली प्रदेश र डारी प्रदेशबीचमा व्यापार गराउन डारी प्रदेशको मेखम गाउँबाट ६० जना भोटेहरू मानसरोवरको तीर्थ गर्न आएका बखत तिनीहरूलाई आफ्नो प्रभावमा पारी मानसरोबरबाटै मुगुममा ल्याई बसोबास गराई व्यापार गर्न सुरु गरे । त्यहीँ समयदेखि यिनीहरू मुगुमा बसोबास गरेका हुन् । आधुनिक नेपालको निर्माण अर्थात् सन् १७६८ अघिसम्म मुगुम गाउँ तिब्बत र यत्से अर्थात् खस राज्यहरूबीचको मुख्य बजारका रूपमा परिचित थियो ।

मुगाल जातिको ऐतिहासिक थलो पुरानो मुगु हो । यस ठाउँलाई मुगालहरू 'घोक्पु' भन्छन् । पुरानो मुगु अहिलेको मुगु गाउँबाट नौ किलोमिटर उत्तरमा पर्दछ । यिनीहरू धेरै पहिले तिब्बतको डारी प्रदेशबाट नेपाल आएका हुन् (शाही, २०५८ वि.सं; मुगुम स्टोरी, २००८) । पुरानो मुगु अत्यधिक हिउँ पर्ने ठाउँ हो । यस ठाउँमा अत्यन्तै चिसो भएकाले दक्षिणका खसान क्षेत्रका मानिसहरूसँग व्यापार गर्न अप्ठ्यारो भयो । त्यसकारण दुवै पक्षलाई सहज बनाउन बस्तीलाई पुरानो मुगुकै केही तल सिरनचौर (स्थानीय भाषामा 'खे') भन्ने ठाउँमा सारियो । तर उत्तरतिरका तिब्बती व्यापारीका लागि यो ठाउँ गर्मी भयो र व्यापारमा असहज भयो । त्यसपछि मुगालहरू सिरनचौरमा करिब तीन वर्षसम्म बसेर अहिलेको मुगु गाउँ भएको स्थानमा बसाइँ सरेका हुन् ।[13] मुगु गाउँमा बस्ने बासिन्दा भएकाले यिनीहरूलाई मुगाल भनेर

[13] मुगाल समुदायका सदस्यहरूसँगको सामूहिक छलफलमा आधारित ।

चिनिएको हो । खसहरू यिनीहरूलाई भोटे र जाड[14] भनेर पनि चिन्ने गर्छन् ।

सरकारद्धारा गठित आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान कार्यदल (वि.सं. २०५३) ले मुगु जिल्लाका मुगु करान[15] क्षेत्र र १२ करान क्षेत्रका बासिन्दाहरूलाई 'मुगाली' भनेर चिनाएका छन् । सरकारद्धारा नै प्रकाशित पुस्तक *'नेपालका आदिवासी जनजातिहरू (२०००)'* मा भने मुगु करानका बासिन्दालाई मात्र 'मुगाल' भनेर उल्लेख गरेका छन् (*हेर्नुहोस्,* उक्याव र अधिकारी, २०००) । गौतम र थापा-मगर (१९९४) ले पनि 'मुगाल' मुगु गाउँमा बसोबास गर्ने समुदाय हो भनेका छन् । तर पाण्डे (वि.सं. २०३४), शर्मा (वि.सं. २०३९) र शाही (वि.सं. २०५८) ले १२ करान र मुगु करान क्षेत्रका बासिन्दालाई नै 'मुगाल' भनेका छन् । यसरी मुगाल समुदायको पहिचानको बारेमा विरोधाभास तर्कहरू रहेका छन् । यसैबीच १२ करान र मुगु करानका बासिन्दाबीच आफ्ना जातीय पहिचानबारे विवाद देखिएको छ । मुख्यतः वि.सं. २०६२/६३ को दोस्रो जनआन्दोलनपछिका समयबाट यो विवाद बढी उत्कर्षमा पुगेको देखिन्छ । पछिल्ला दिनहरूमा १२ करान क्षेत्रका बासिन्दाले आफूलाई 'कार्मारोङ' भनेर चिनाउने गरेका र मुगु गाउँका बासिन्दा मात्रै 'मुगाल' हुन् भन्ने गरेका छन् (कार्मारोङ, वि.सं. २०६७) । यस कुरालाई मुगु गाउँका बासिन्दाले पनि स्वीकार गरेको पाइन्छ । गुरुङ तथा साथीहरूको प्रतिवेदन (वि.सं. २०६५)[16] ले पनि कार्मारोङ र मुगाल जाति छुट्टाछुट्टै आदिवासी जनजाति

---

14 जाडो ठाउँमा बस्ने र जाँड रक्सी खाने जाति ।

15 मुगु जिल्लालाई स्थानीय रूपमा-गम, खत्याड, सोरु र करान गरी ४ भेगहरूमा विभाजन गरिएको छ ।

16 वि.सं. २०६५ सालमा प्राध्यापक ओम गुरुङको संयोजकत्वमा गठित आदिवासी जनजाति सूचीकरण आयोगले ८१ वटा जनजातिलाई सूचीकृत गरेको थियो । सो प्रतिवेदन अहिलेसम्म

पहिचान गरी तिनीहरूलाई भिन्नाभिन्नै आदिवासी जनजातिको सूचीमा सूचीकृत गरेका छन् । सो अप्रकाशित प्रतिवेदनमा मुगाल जातिलाई मुगुम्पा (मुगाली) भनेर समावेश गरिएको छ । वि.सं. २०५४ को सूचीकरण आयोगले मुगाल समुदायभित्र सूचीकृत गरेका १२ करानका आदिवासीलाई वि.सं. २०६५ को आयोगले भने छट्टै 'कार्मारोङ' समुदायको सूचीमा सूचीकृत गरेको छ ।

१.३ मुगुमको शाब्दिक अर्थ

मुगु गाउँमा बस्ने बासिन्दालाई मुगाल जाति भनेर भनिन्छ । यो खसहरूद्वारा राखिएको नाम हो भन्ने तर्क मुगालहरूको छ । तसर्थ उनीहरू आफूलाई मुगालभन्दा पनि मुगुमको रूपमा चिनाउन मन पराउँछन् । मुगुमको शाब्दिक अर्थबारे मुगाल समुदायबीच मुख्यत: दुई फरक विश्वास र भनाइहरू भेटिन्छन् ।

'मुगुम' शब्द 'मुगुरु' शब्दबाट अपभ्रंश भई बनेको हो भन्ने एकथरि भनाइ पाइन्छ । 'मु' को अर्थ 'नाका' र 'गुरु'को अर्थ 'गुरु' अर्थात् सबै नाकाको गुरु 'मुगुम' हो भन्ने गरिन्छ । अर्को भनाइ 'मु' को अर्थ 'सिमाना' र 'गोम' को अर्थ 'एकाग्रह' हो । तिब्बतको सिमानामा पर्ने यस ठाउँमा धेरै वर्ष पहिले आइपुगेका छ्योकु रिम्पोछे एकाग्रह भएर बसेको ठाउँको नाम मुगोम रहन गएको हो भन्ने अर्को विश्वास रहेको पाइन्छ । मुगोम गाउँ स्थापना गर्ने र नाम्जा भञ्ज्याङको बाटो खोल्ने काम छ्योकु रिम्पोछेले गरेका हुन भनिन्छ । मुगुम शब्द अपभ्रंश भई मुगोम भएको र मुगोम शब्दलाई पछि खसहरूले मुगु भन्ने गरेको

प्रकाशित हुन सकेको छैन । सो प्रतिवेदनमा मुगाल जातिलाई मुगुम्पा (मुगाली) भनेर उल्लेख गरिएको छ ।

मुगालहरूको भनाइ पाइन्छ । मुगुम गाउँका बासिन्दा भएकोले हामी मुगुम हो भन्ने मुगाल समुदायको तर्क रहेको छ ।

१.४ मुगु अर्थात् मुगुम गाउँको इतिहास

मुगु गाउँको इतिहास धेरै पुरानो र लामो छ । मुगु गाउँमा मानव बस्ती बस्नुअघि धूपीको रुखले भरिएको घना जङ्गल थियो । किंवदन्तीअनुसार ८५० वर्ष अगाडि मुगु गाउँको सीमा पारिपट्टि तिब्बतको ख्योङमोजोङ जिल्लाबाट आएका मुगुका पहिलो लामा छोपजी कोञ्चोक गोम्बो (छ्योकु रिम्पोछे) आफ्ना सहयोगीसहित डुवा ज्युसा गुफामा ध्यान गर्न बसेका थिए । एक दिन राति उनले पारिपट्टिको जङ्गलका बीचमा आगो बलिरहेको देखे । धेरै दिनसम्म आगो बल्ने काम निरन्तर चलिरह्यो । आगो बलिरहेको ठाउँ अहिलेको मुगु गाउँ थियो । लामाले त्यस आगो बलिरहेको ठाउँमा मानव वस्ती बसाल्ने सोच राखे । सोअनुसार एक रात उनले बत्ती बलिरहेको ठाउँमा दहीले भरिएको कचौरा फ्याँके । भोलिपल्ट बिहानै हेर्न जाँदा त्यो कचौरा जङ्गलका बीचमा रहेको एउटा धूपीको रुखको टुप्पामा देखियो । त्यसपछि लामाले आफ्ना चेलाहरूलाई त्यो रुख काट्न लगाए । लामाको आदेशबमोजिम उनका सहयोगीहरूले त्यो आगो बल्ने रुखलाई काट्न सुरु गरे । रुख धेरै ठूलो भएकाले एकै दिनमा ढाल्न सकिएनछ र काट्दा काट्दै रात परेकाले उनीहरू छोडेर गुफा फर्के ।

भोलिपल्ट बिहान फेरि आधा काटिएको रुखलाई ढाल्न आउँदा उनीहरूले एक दिन अगाडि काटिएको भाग पुरिएर जस्ताको तस्तै भएको पाए । यो देखेर लामा र उनका सहयोगीहरू चकित भए । यस्तो अनौठो क्रम तीन दिनसम्म दोहोरिएपछि लामाले एउटा उपाय अपनाए । अन्तिम दिन उनले रुख काट्दा काटिसकेको भागलाई आफ्नो पटुकाले बेस्सरी बाँधे र आफ्नो गुफा फर्किए । भोलिपल्ट फर्केर आउँदा

अघिल्लो दिन जस्तो घटना दोहोरिएन र बाँकी भाग काटेर रुख ढालियो । तर अचम्म के भयो भने रुख ढाल्दा त्यहाँबाट काग, सर्प र बाघ गरी तीनवटा प्राणीहरू प्रकट भए । रुखबाट प्रकट भएको काग उड्दै गाउँको छोकोसा भन्ने ठाउँमा बस्यो । बाघ खस अर्थात यत्से राज्यबाट बाहिरियो । सर्प गाउँमुन्तिर लाग्यो । त्यसपछि लामा र उनका सहयोगीहरूले त्यस ठाउँमा सुनौलो प्रकाश गुम्बा (सेर्गाङ) र लाब्राङ गुम्बा बनाए । लामा र उनका सहयोगी लाब्राङ गुम्बामा बसे र सुनौलो प्रकाश गुम्बा (सेर्गाङ) उत्सवहरूका लागि प्रयोग गरियो । त्यसपछि मुगु गाउँमा विस्तारै मानव बस्तीको विकास हुन थाल्यो । पछि तिब्बतीहरू डारीको कैलाश पर्वतबाट आएर बसोबास गर्न थाले र विस्तारै जनसङ्ख्या बढ्न थाल्यो । त्यसपछि मुगु जिल्लाको हिमाली गाउँ मुगु नै मुगाल जातिको पुर्ख्यौली थलो बन्यो ।[17] पछि यो थलो नेपाल र तिब्बतबीचको व्यापारिक केन्द्र र नाकाको रूपमा प्रसिद्ध भयो । तिब्बतीहरू नुन, ऊन, राडीपाखी लगायतका वस्तुहरू ल्याएर मुगु गाउँ आउँथे । आलु, कोदो, नाफल, फापरजस्ता अन्नहरूसँग साटी लैजाथे । मुगालहरू तिब्बत र खासन क्षेत्रका मानिसहरूबीच वस्तु विनिमयको लागि मध्यस्थता गर्ने गर्थे । किनभने तिब्बतीहरू खस अर्थात् नेपाली भाषा बुझ्दैनथे भने खसहरू तिब्बती भाषा बुझ्दैनथे । मुगालहरू भने तिब्बती र खस दुवै भाषा राम्ररी बुझ्थे । मुगु गाउँमा यस्तो व्यापार चीनले तिब्बतलाई सन् १९५९ मा आफ्नो नियन्त्रणमा लिनुअघिसम्म व्यापक थियो ।

[17] सामूहिक छलफल (२०६८) र मुगुम स्टोरी (२००८) मा आधारित ।

अध्यायः दुई

भौगोलिक अवस्था, प्राकृतिक श्रोत र भौतिक पूर्वाधार

मुगाल जातिको मूल थलो मुगु जिल्लाको मुगु गाउँ हो । तर प्रतिकूल हावापानी, कठिन भूगोल, कठिन जीवनयापन, अवसर, रोजगारी, सुरक्षा आदिका कारण मुगालहरू मुगु सदरमुकाम गमगढी, जुम्ला सदरमुकाम खलङ्गा, काठमाडौँ, भारतको हिमाञ्चल प्रदेशदेखि अमेरिका र क्यानाडासम्म बसाइँ सरेका छन् । यस अध्यायमा मुगाल जातिको मूल थलो मुगु गाउँको भौगोलिक बनावटका बारेमा चर्चा गरिएको छ ।



तस्बिर १. मुगालहरूको बसोबास रहेको मुगु गाउँ

२.१ भौगोलिक अवस्था तथा प्राकृतिक श्रोत

२.१.१ भूगोल

मुगु गाउँ कर्णाली प्रदेशअन्तर्गत रहेको मुगु जिल्लाको उत्तरी भेगमा अवस्थित छ । पूर्वमा डोल्पा जिल्ला, पश्चिममा हुम्ला जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा मुगु जिल्लाकै कार्मारोङ भेगसँग जोडिएको यो सुदूर र एक्लिएर रहेको हिमाली गाउँ हो (*हेर्नुहोस् अनुसूची ख*) । जिल्ला सदरमुकाम गमगढीबाट २८ कोषको दुरीमा रहेको यो गाउँ तीन दिनको पैदल यात्रापछि पुग्न सकिन्छ । ७०० वर्षभन्दा बढी पुरानो इतिहास बोकेको यो गाउँ समुद्री सतहदेखि ३,८११ मिटर (१२,५०० फिट) उचाइमा रहेको छ। नाम्जा भञ्ज्याङबाट दक्षिणतिर बगिरहेको मुगु कर्णाली नदी (स्थानीय भाषामा नाङ्जा खोला) किनारमा मुगु गाउँ अवस्थित छ । यो गाउँ दुई पहाडहरूबीच सानो उपत्यकामा रहेको छ । यस गाउँमा खेतीयोग्य जमिन १५ प्रतिशत, वनजङ्गल १० प्रतिशत र बाँकी चट्टान र हिउँले ढाकिरहने क्षेत्र छन् (शाही, २०५८) ।

मुगु गाउँका वरिपरि धुपीका रुखहरू प्रशस्त मात्रामा पाइन्छन् । मुगु गाउँको नजिकै पूर्वमा एउटा ठूलो झरना (स्थानीय भाषामा छार्क्यू) खोला बनेर मुगु कर्णाली नदीमा मिसिएको छ। गाउँमा प्रवेश गर्नका लागि परम्परागत प्रवेशद्वार रहेको छ, जसलाई मुगाल भाषामा 'काङनी' भनिन्छ । काङनीलाई स्वागतद्वारको रूपमा , चिनिन्छ ।



तस्बिर २. मुगु गाउँमा प्रवेश गर्न बनाइएको स्वागत द्वार (चिटिम)

२.१.२ हावापानी

मुगु हिमाली गाउँ हो । यस गाउँमा मङ्सिर महिनादेखि चैतसम्म हिउँ पर्ने हुनाले यहाँको हावापानी अत्यन्तै चिसो छ । अत्यधिक हिउँ पर्ने यस गाउँका बासिन्दाहरू पाँच महिना (मङ्सिरदेखि चैतसम्म) का लागि तल्लो भेगको सिरानीचौर खे भन्ने ठाउँमा अस्थायी/मौसमी बसाइँसराइ गर्दछन् । अस्थायी बसाइँसराइ गर्दा अशक्त वृद्धवृद्धा भने मुगु गाउँमै बस्ने गर्दछन् । हिउँ पर्ने तथा धेरै हावा चल्ने भएकाले तिनीहरू घर बाहिर निस्कँदैनन् । बाँकी मौसममा पनि मुगु गाउँमा दिउँसोको समयमा अत्यधिक मात्रामा हावा चल्ने गर्दछ ।

२.१.३ वनस्पति

२.१.३.१ जडिबुटी

मुगु हिमाली गाउँ हो । यहाँ यार्सागुम्बा, चिराइतो, धूपी, च्याउ, सिस्नुजस्ता विभिन्न प्रजातिका बहुमूल्य तथा औषधीजन्य जडिबुटीहरू पाइन्छन् ।

यहाँ भोजपत्र, कटुस, सल्लो लगायतका रुखहरू पाइनुका साथै विभिन्न प्रजातिका फूलहरू समेत पाइन्छन् ।

२.१.३.१.२ फलफूल

मुगु गाउँमा विभिन्न थरिका फलफूलहरू पाइन्छन् । यहाँ पाइने केही फलफूलहरूका नेपाली नामसमेत भेट्टिदैनन् । यहाँ स्याऊ, खुर्पानी, से (स्थानीय नाम), ओखरजस्ता फलफूलहरू पाइन्छन् ।

२.१.३.१.३ अन्नबाली

अत्यन्तै चिसो हिमाली गाउँ मुगुमा केही सीमित अन्नबाली मात्रै उत्पादन हुने गर्दछ । आलु, कोदो, फापर र गहुँ (नावल) यहाँका प्रमुख अन्नबाली हुन् ।

२.१.४ नदीनाला

नेपालको सबैभन्दा लामो कर्णाली नदी मुगु गाउँ भएर बगेको छ । यो नदी जल पर्यटन, सिँचाइ तथा विद्युत् उत्पादनको हिसाबले अपार सम्भाव्य बोकेको प्राकृतिक स्रोत हो । त्यसैगरी गाउँको छेवैमा मनमोहक झरना रहेको छ ।

२.१.५ खानी

मुगु गाउँ क्षेत्रमा विभिन्न खानीहरू रहेका छन् । गाउँदेखि केही घण्टाको दुरीमा पर्ने पालाङजे, इटिङ र थोङ्वा भन्ने स्थानमा तामा खानी र सानो कोईकी क्षेत्रको हिमालमा फलाम खानी रहेको छ ।

२.१.६ हिमश्रृङ्खला

मुगु गाउँबाट थुप्रै मनोरम हिमश्रृङ्खलाहरू अवलोकन गर्न सकिन्छ । कोईकी हिमाल, कान्ति हिमाल र कान्जीरोवा हिमाल यहीँ गाउँ क्षेत्रभित्र पर्दछन् । यो गाउँ वरिपरिका क्षेत्रहरूमा थुप्रै आकर्षक हिम तालहरू र गुफाहरू समेत रहेका छन् ।

तस्विर ३. मुगाल बसोबास क्षेत्रमा पाइने यार्सागुम्बा

२.१.७ वन्यजन्तु तथा पन्छी

मुगु गाउँ क्षेत्रमा विभिन्न प्रकारका वन्यजन्तु तथा पन्छीहरू पाइन्छन् । यहाँ झारल, घोरल, मृग, कस्तुरी, नावर, कालिज, हिउँ कुखुरा, जङ्गली कुकुर, स्याल, हिमाली कालो भालु, हिउँ चितुवा, लंगुर, बाँदरजस्ता थुप्रै प्रजातिका जनावर तथा पन्छीहरू पाइन्छन् ।

२.२ भौतिक पूर्वाधार

भौगोलिक रूपमा अति विकट मुगु गाउँमा आधुनिक भौतिक पूर्वाधारले खासै छोएको छैन । यातायात तथा सञ्चारको आधुनिक सुविधाबाट वर्षौंदेखि यो गाउँ बेखबर छ । तिब्बतसँगको नाका पर्ने यो गाउँमा एउटा भन्सार कार्यालय छ ।

नाका सुरक्षा तथा व्यवस्थापनको लागि एउटा प्रहरी चेक पोस्ट स्थापना गरिएको छ । यसका साथै एउटा प्राथमिक स्वास्थ्य चौकी, एउटा अतिरिक्त हुलाक कार्यालय, एउटा प्राथमिक विद्यालय र एउटा भिस्याट टेलिफोनको सुविधा छ । *भौतिक पूर्वाधारबारे थप छलफल अध्याय ३ र ६ मा गरिएको छ ।*



तस्बिर ४. मुगु गाउँमा अवस्थित प्राथमिक विद्यालय । श्रोत : मुगुम बुद्धिस्ट वेलफेयर एसोसिएसन

अध्याय : तीन

सामाजिक तथा जनसाङ्ख्यिकीय अवस्था

विकास र सेवा सुविधाको दृष्टिले कर्णाली प्रदेश नेपालको ७ प्रदेशहरूमध्ये सबैभन्दा पिछडिएको प्रदेश हो । मुगु कर्णाली प्रदेशभित्रको पनि सामाजिक तथा आर्थिक विकासको दृष्टिले पिछडिएको जिल्ला हो । मुगु गाउँ भौगोलिक रूपमा मुगु जिल्लाको पनि सबैभन्दा विकट गाउँ हो । यो गाउँमा नेपालको अल्पसङ्ख्यक एवम् सीमान्तकृत मुगाल समुदायको बसोबास रहेको छ ।

मानव विकास सूचकाङ्कका दृष्टिकोणबाट हेर्दा विगतका वर्षहरूमा मुगु जिल्ला सबैभन्दा पुच्छरमा अर्थात् ७५औँ स्थानमा रहेको थियो (युएनडीपी, २००४) । जिल्लामा सडक सञ्जाल जोडिनु र जनताको सामाजिक, राजनीतिक चेतनामा आएको विकासको परिणामस्वरूप साक्षरता दर, औषत आयु र प्रतिव्यक्ति आयजस्ता सूचकहरूमा सुधार भई पछिल्ला वर्ष भने मुगु जिल्ला मानव विकास सूचकाङ्कको सूचीमा ०.३९७ अंकका साथ ६६औँ स्थानमा परेका छन् । मानव विकास सूचकाङ्कमा ०.६३२ अंकका साथ काठमाडौँ पहिलो स्थानमा छ भने ०.३६४ अंक रहेको बाजुरा अन्तिम अर्थात् ७५औँ स्थानमा छन् (नेपाल मानव विकास प्रतिवेदन, २०१४ र जि.वि.स मुगु, २०७२) ।

जातीय तथा सांस्कृतिक विभेदका साथै राज्यले अपनाएको माथिबाट तल जाने विकासको ढाँचा (Top Down Model) नै मुगाललगायत समग्र मुगुबासीका जीवनमा सकारात्मक उपलब्धि हासिल गर्न नसक्नुको प्रमुख कारण हो । नेपालको एकीकरण प्रकृयासँगै मुगु रोग, भोक, अभाव, अशिक्षा र अज्ञानताले गाँजिदै आइरहेको छ ।

झण्डै अढाइ सय वर्ष लामो केन्द्रीकृत तथा एकात्मक शासन प्रणाली नै मुगुका मुगालहरू सीमान्तकृत बन्नुको प्रमुख कारण हो भन्ने साझा बुझाइ रहेको छ र यथार्थ पनि यहीँ नै देखिन्छ ।

३.१ जनसङ्ख्या

मुगाल हिमालयको काखमा अवस्थित मुगु गाउँमा बसोबास गर्ने अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय हो । नेपालको पहिलो राष्ट्रिय जनगणना सन् १९५२/५४ देखि पछिल्लो जनगणना सन् २०११ सम्म भएको कुनै पनि जनगणना तथ्याङ्कमा यो समुदायलाई समावेश गरिएको पाइँदैन । तसर्थ मुगाल जातिको वास्तविक जनसङ्ख्या एकिन गर्न कठिन छ । मुगालहरूलाई आधिकारिक रूपमा तामाङ/लामाजस्ता थरहरूले चिनिने हुँदा यिनीहरूको कुल जनसङ्ख्या यति नै हो भन्न सकिने अवस्था छैन । यद्यपि २०२१ को जनगणनाले मुगाल जातिको जनसंख्या २१२४ जना औल्याएका छन् । यो अध्ययन मुगालहरूको आदिथलो मुगु गाउँमा केन्द्रित रहेकाले यो गाउँको जनसंख्यालाई विश्लेषण गरिएको छ ।

सन् २०११ को राष्ट्रिय जनगणनाअनुसार मुगु गाउँमा जम्मा १५३ घरधुरी रहेको छ । सो गाउँको कुल जनसङ्ख्या ८९८ रहेको छ । कुल जनसङ्ख्याको ८६७ जना तामाङ रहेको छ । बाँकी ३१ जनामा २८ जना कामी र ३ जना अन्य जातिको रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०१४) । मुगु गाउँका तामाङ र लामा थरले चिनाएका जाति नै यथार्थमा मुगाल समुदाय भएकाले मुगालहरूको कुल जनसङ्ख्या ८६७ जना नै हो । यस ठाउँका मुगालहरू केही सङ्ख्यामा जुम्ला तथा काठमाडौँमा बसाइँसराइ गरेका हुनाले नेपालमा उनीहरूको जनसङ्ख्या १० हजारको हाराहारीमा रहेको छ भन्ने दाबी मुगाल समुदायको छ । यद्यपि तथ्याङ्कले भने त्यो पुष्टि गर्दैन (*हेर्नुहोस्,* जनगणना २०२१ र

२०११) । मुगु गाउँका यो जातिको जनसङ्ख्याको लैंगिक अनुपातलाई हेर्दा पुरुषको सङ्ख्या ४४० जना र महिलाको ४५८ जना रहेको छ ।

चित्र १: मुगु गाउँको उमेर समूहगत जनसङ्ख्या विवरण



(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

माथिका तथ्याङ्कअनुसार मुगु गाउँमा सबैभन्दा बढी जनसङ्ख्या ५ देखि ९ वर्ष उमेर समूहका १०.६ प्रतिशत रहेको देखिन्छ । त्यसपछि क्रमशः १५ देखि १९ का १०.४ प्रतिशत, २० देखि २४ का १०.२ प्रतिशत, १० देखि १४ का ९.४ प्रतिशत, ० देखि ४ का ९.२ प्रतिशत, २५ देखि २९ का ८.६ प्रतिशत, ३० देखि ३४ का ७.५ प्रतिशत, ३५ देखि ३९ का ५.९ प्रतिशत, ५० देखि ५४ का ५.७ प्रतिशत, ४० देखि ४४ का ५.१ प्रतिशत, ५५ देखि ५९ का ३.८

प्रतिशत, ४५ देखि ४९ का ३.३ प्रतिशत, ६० देखि ६४ का ३.२ प्रतिशत, ७५ वर्ष माथिका २.९ प्रतिशत, ६५ देखि ७० का २.२ प्रतिशत र ७० देखि ७४ वर्ष उमेर समूहका २.१ प्रतिशत रहेका छन् । यी उमेर समूहगत तथ्याङ्कले के देखाउँछ भने मुगाल समुदायमा ठूलो सङ्ख्यामा आश्रित सदस्यहरू रहेका छन्, जसले परिवारमा आर्थिक दायित्व बढाउँदछ । तथ्याङ्कअनुसार ६० प्रतिशत मुगालहरू आर्थिक रूपमा सक्रिय उमेरका समूहका छन् भने बाँकी ४० प्रतिशत आर्थिक रूपमा निष्कृय अर्थात् अरुसँग आश्रित उमेर समूहका छन् ।

तालिका १ : उमेर समूहगत तथा लैङ्गिक जनसङ्ख्या विवरण

गाउँ / लिङ्ग	जम्मा	उमेर समूह															
मुगु		०-४	५-९	१०-१४	१५-१९	२०-२४	२५-२९	३०-३४	३५-३९	४०-४४	४५-४९	५०-५४	५५-५९	६०-६४	६५-६९	७०-७४	७५+
दुवै लिङ्ग	८९८	८३	९५	८४	९३	९२	७७	६७	५३	४६	३०	५१	३४	२९	२०	१८	२६
पुरुष	४४०	४१	४५	४१	४१	४९	३७	३५	२९	२१	१४	२४	१७	१३	१४	७	१२
महिला	४५८	४२	५०	४३	५२	४३	४०	३२	२४	२५	१६	२७	१७	१६	६	११	१४

(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

उमेर समूहगत जनसङ्ख्या हेर्दा मुगु गाउँमा सबैभन्दा बढी ५ देखि ९ वर्ष उमेर समूहका जनसङ्ख्या ९५ जना देखिन्छ भने सबैभन्दा कम ७० देखि ७४ वर्ष समूहका १८ जना देखिन्छ । त्यसैगरी क्रमशः १५ देखि १९ वर्ष उमेर समूहका ९३ जना, २० देखि २४ वर्ष उमेर समूहका ९२ जना, १० देखि १४ वर्ष उमेर समूहका ८४ जना, ० देखि ४ वर्ष उमेर समूहका ८३ जना, २५ देखि २९ वर्ष उमेर समूहका ७७ जना, ३० देखि ३४ वर्ष उमेर समूहका ६७ जना, ३५ देखि ३९ वर्ष उमेर समूहका ५३ जना, ५० देखि ५४ वर्ष उमेर समूहका ५१

जना, ४० देखि ४४ वर्ष उमेर समूहका ४६ जना, ५५ देखि ५९ वर्ष उमेर समूहका ३४ जना, ६० देखि ६४ वर्ष उमेर समूहका २९ जना, ७५ वर्षमाथिका २६ जना र ६५ देखि ६९ वर्ष उमेर समूहका २० जना रहेको देखिन्छ ।

माथिका तालिकाअनुसार मुगाल समुदायमा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी देखिन्छ । समग्र नेपाली समाज पुरुष अधिनस्थ भएकाले महिलाहरू बालबच्चाको हेरचाह गर्ने, खानेपानीको व्यवस्था गर्ने तथा भान्साको काम गर्नेजस्ता अनुत्पादक घरायसी क्रियाकलापमा संलग्न हुने गर्दछ ।

मुगाल समुदाय पनि पुरुष अधिनस्थ भएकाले महिलाहरू आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा पुरुषमाथि आश्रित हुने गरेको देखिन्छ । यसरी ठूलो जनसङ्ख्या अनुत्पादक क्षेत्रमा संलग्न रहनुले समुदायको सगम्र विकासमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

३.२ पारिवारिक संरचना

परिवारको संरचना समय, भूगोल तथा जाति विशेष फरक-फरक हुने गर्दछ । मुगाल समुदायमा बृहत्/संयुक्त[18] तथा एकल[19] प्रकारका परिवारहरूको प्रचलन रहेको पाइन्छ । केही वर्ष अघिसम्म बृहत् तथा संयुक्त परिवारको प्रचलन बढी रहेको मुगाल समुदायमा अहिले बिहे भएको केही वर्ष नबित्दै मूलघरबाट छुट्टिई अलग बस्ने

[18] श्रीमान, श्रीमती र उनीहरूका अविवाहित छोराछोरी रहेको परिवारलाई एकल परिवार भनिन्छ ।

[19] श्रीमान, श्रीमती, छोराछोरी, भाइ, बहिनी, नातिनातिनी, भतिजाभतिजी आदि सँगै रहेको परिवारलाई संयुक्त परिवार भनिन्छ ।

प्रवृत्ति बढ्दै गएको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभाग (२०१४) को प्रतिवेदनअनुसार मुगु गाउँको औसत घरपरिवार आकार ५.८७ रहेको छ । यसको अर्थ पछिल्ला समय मुगाल समुदायमा एकल परिवारको सङ्ख्या हावी हुँदै गएको देखिन्छ । उत्पादन व्यवस्थामा आएको परिवर्तन अथवा पूँजीवादी आर्थिक व्यवस्था र आधुनिकता नै मुगाल समुदायको पारिवारिक संरचना परिवर्तनका प्रमुख कारणहरू हुन् ।

मुगाल समुदायको संयुक्त परिवारमा सामान्यतया जेष्ठ पुरुषको महत्वपूर्ण स्थान हुन्छ। पारिवारिक नेतृत्व र लेनदेनजस्ता सबै कारोबार घरको जेष्ठ पुरुषले नै गर्दछ। उसले नै परिवारका हरेक कुराको निर्णय गर्दछ। सामान्यतय पुरुषले बाहिरी कार्यको व्यवस्थापन गर्ने गरिए पनि आन्तरिक व्यवस्थापन महिला र पुरुष दुवैको संयुक्त निर्णय प्रकृयाबाट सञ्चालन हन्छ ।

३.३ श्रम विभाजन

प्राचीन समाजमा लैंगिक रूपमा फरकफरक जिम्मेवारी अर्थात् श्रम विभाजनमा विशिष्टीकरण थिएन । त्यति बेला एउटै मानिसले फरकफरक भूमिका निर्वाह गर्नुपर्दथ्यो । एउटा पुरुषले सिकार गर्ने कामदेखि लिएर घरायसी कामसमेत गर्दथे भने एउटी महिलाले कन्दमूल बटुल्नेदेखि बालबच्चा स्याहार्नेजस्ता काम गर्दथे (दुर्खिम, १९९७) । तर आधुनिक समाजको विकाससँगसँगै श्रम विभाजन तथा काममा पनि विशिष्टीकरण हुन थाल्यो ।

मुगाल समुदायमा पनि लैंगिक रूपमा श्रम विभाजन रहेको छ । यस समुदायका पुरुषहरू व्यापार/व्यवसाय गर्दछन् । यिनीहरूको मुख्य व्यापार नुन, ऊन, अन्नबाली र यार्सागुम्बा हुन्

(व्यापार/व्यवसायबारे विस्तृत अर्थतन्त्र अध्यायअन्तर्गत व्यापार उपशीर्षकमा चर्चा गरिएको छ)।

मुगाल समुदायका पुरुषहरू व्यापार/व्यवसायको सिलसिलामा अधिकांश समय घरबाहिर रहने गर्दछन् । त्यसैले मुगालहरूलाई घुमन्ते व्यापारी पनि भन्ने गरेको पाइन्छ। उनीहरूको मुख्य व्यापार तिब्बतसँग हुन्छ । तिब्बती बजार हरेक वर्षको साउन महिनामा मात्रै खोलिने भएकोले तिब्बतीसँग उनीहरूको व्यापार वर्षमा एकपटक मात्र हुने गर्दछ। अन्य समयमा मुगालहरू मुगु, जुम्ला तथा काठमाडौँमा व्यापार गर्ने गर्दछ ।

मुगाल पुरुषहरू व्यापारबाट प्राप्त भएको रकम विशेष गरी घरकी मूली महिलालाई जिम्मा लगाउँछन् । महिलाको काम रकम सुरक्षित गरी राख्ने मात्रै हुन्छ। रकमको खर्च गर्ने प्रक्रियामा पुरुषको निर्णय नै महत्व रहन्छ । यद्यपि घरको महत्वपूर्ण निर्णय प्रकृयामा सहभागीमूलक निर्णय प्रकृया नै प्रचलनमा छन् ।

नेपालमा बहुसङ्ख्यक महिला अनुत्पादक अर्थात् आर्थिक उपार्जन नहुने क्षेत्रमा क्रियाशील छन् । मुगाल महिलाहरूको स्थिति पनि उस्तै रहेको छ। मुगाल समुदायमा घरको अधिकांश काम महिलाले नै गर्नुपर्दछ। उनीहरूले बालबच्चा हेर्ने, खाना पकाउने, चिया बनाउने, लुगा धुने, दाउरा खोज्ने, पानी ल्याउने, छ्याङ बनाउने, रक्सी पार्नेजस्ता घरायसी धन्दा गर्नुपर्दछ । मौसमअनुसार हुने खेतीपातीको सम्पूर्ण काम महिलाले नै गर्नुपर्दछ । पुरुषहरू व्यापार/व्यवसायका लागि धेरै समय घरबाहिरै रहने गर्दछन् । पछिल्लो समयमा भने मुगाल महिलाहरूले घरेलु आर्थिक क्रियाकलापलगायत अन्य व्यापार व्यवसायमा समेत सहभागी भई आर्थिक उपार्जनका कार्यमा संलग्न हुने गरेका छन् । प्रायःगरी मुगाली महिलाहरूले घर खर्च आफ्नै

कमाईले धानी साना-साना कार्यमा पुरुषहरूबाट आत्मनिर्भर हुने गरेको देखिन्छ ।

३.४ नातेदारी व्यवस्था

नातेदारी एक सामाजिक व्यवस्था हो । यो हरेक समाजमा हुने गर्दछ र यसले समाजका सदस्यहरूलाई जोड्ने गर्दछ । नाता सम्बन्धले व्यक्ति, परिवार र समाजका भौतिक तथा मनोवैज्ञानिक आवश्यकताहरू पूरा गर्न सघाउ पुऱ्याउँदछ । नातेदारी व्यवस्थाले गर्दा समाजमा गोत्र, कुल, कुटुम्ब, नजिकको अथवा टाढाको बन्धु भन्ने जस्ता अवधारणाहरूको विकास भएको पाइन्छ ।

मुगाल समुदायमा आफ्नै खाले नातेदारी व्यवस्था कायम रहेको छ । अन्य समुदायमा जस्तै यो समुदायमा पनि रगतको नाता; जसलाई हाड नाता भनेर चिनिन्छ, वैवाहिक सम्बन्धको नाता जसलाई गुन्यु नाता भनिन्छ, गरी दुई प्रकारका नाता सम्बन्ध कायम रहेको देखिन्छ । नातेदारी व्यवस्थालाई विश्लेषण गर्दा हाड नाता वैवाहिक सम्बन्धबाट कायम हुन पुगेको नाताभन्दा बढी बलियो देखिन्छ ।

तालिका २ : हाड नाता तथा वैवाहिक सम्बन्धबाट विकसित केही नाता सम्बन्धहरू

हाड नाताबाट निर्मित केही नाता सम्बन्धहरू		वैवाहिक नाताबाट निर्मित नाता सम्बन्धहरू	
मुगुम भाषा	नेपाली भाषा	मुगुम भाषा	नेपाली भाषा
म्हे	हजुर बुबा	पिजा	छोरा
अपी	हजुर आमा	बोउ	छोरी
हासे	ठूलो बुबा	धोउ	ससुरा
आसे	ठूली आमा	ग्यूमू	सासू

आपा	बुबा	आइ	जेठान
आमा/आवा	आमा	इमाइ	जेठानी
आहु	काका	ई	जेठी सासू
आन्ही	काकी	कुबु	साला
ई	दिदी	आइ	भेनाजु
न्हू	बहिनी	म्हाक्पा	ज्वाइँ
आइ	दाइ	निन्हे	सम्धी
छाहु	भतिजा	नावा	बुहारी
न्हो	भाइ	सु	भाउजू

विवाह उत्सव, चाडपर्व, भोजभतेर आदिमा आफ्ना नातेदारहरू जम्मा भई रमाइलो तथा मनोरञ्जन गर्दछन् । त्यसैगरी मृत्युसंस्कार, बिरामी हुँदा तथा विभिन्न दुःख तथा अप्ठ्यारो परेको बेला आफ्ना नाता-कुटुम्बहरूले सहानुभूति दर्साउने तथा सहयोग गर्ने गर्दछन् ।

दुवै प्रकारका नाताहरूको उत्तिकै महत्व रहे पनि सन्दर्भअनुसार कुनै समय रगतसम्बन्धी अर्थात् हाड नातेदारहरूको महत्व हुन्छ भने कुनै बेला विवाहसम्बन्धी नातेदारको । मुगाल समुदायमा विद्यमान अनेकौँ प्रकारका पूजाआजामा रगतसम्बन्धी नातेदारको भूमिका महत्वपूर्ण रहेको हुन्छ भने विभिन्न प्रकारका संस्कारहरू सम्पन्न गर्दा, उत्सव र चाडपर्वहरू मनाउँदा मावली र ससुरालीका नातेदारहरू पनि संलग्न रहन्छन् । मृत्युसंस्कार सम्पन्न गर्दा भने कुटुम्बहरूको ठूलो महत्व रहने गर्दछ ।

नातेदारी प्रथाले गोत्र तथा कुलजस्ता अवधारणाहरूको विकास गराई वैवाहिक सम्बन्ध राख्न हुने वा नहुने भन्ने जस्ता कुराहरूको निर्धारण गर्न मद्दत गर्दछ । मुगाल जातिमा एउटै गोत्रबीच विवाह गर्न निषेध गरिएको हुन्छ ।

३.५ सामाजिक स्तरीकरण/तह

जातीय स्तरीकरण/तह नेपाली समाजको सामाजिक विशेषता हो । मार्क्सवादी दृष्टिकोणले स्तरीकरण/तहलाई समाजका कथित कुलीन वर्गले कमजोर र निमुखा वर्गलाई आफ्ना स्वार्थ पूरा गर्न र आफू अधीनस्थ राख्न बनाएका सामाजिक संरचना मान्दछन् । मार्क्सवादले समाजमा देखिएका तह यसैको प्रतिविम्ब ठान्दछ । तर प्रकार्यवादी समाजशास्त्रीहरू तथा मानवशास्त्रीहरू सामाजिक आवश्यकता परिपूर्ति गर्न तथा समाजलाई सुव्यवस्थित ढङ्गले अगाडि बढाउनका लागि सामाजिक स्तरीकरण/तह अनिवार्य ठान्दछन् (*हेर्नुहोस्* डेबिज तथा मोरे, १९४५ र बर्बर, १९५७) ।

जातीय स्तरीकरण हिन्दू वर्णव्यवस्थाको एक प्रमुख विशेषता हो । तर नेपालका आदिवासी जनजाति समूहहरू, जो हिन्दू वर्णव्यवस्थाभित्र पर्दैनन्, मा समेत कुनै न कुनै रूपको जातीय स्तरीकरण भेटिन्छ । यो हिमाली आदिवासी समुदायहरूमा समेत देखिन्छ । नेपालका आदिवासी जनजाति समुदायहरू जस्तै तामाङ समुदायमा बाह्र र अठार जात, गुरुङमा चार र सोह्र जात, सुनुवारमा बाह्र र दश थर, चेपाङमा पुकुन्थली र कछाडे, थारुमा प्रधान र अप्रधान, शेर्पामा खादेव र खामिन्दु र बाह्रगाउँलेमा कुताग र रिघिनजस्ता विभाजन देखिन्छन् (*हेर्नुहोस्* शेरचन, २००४; आहुति, २०१० र तामाङ, २०७५ वि.सं.) । यी समुदायहरूभित्र पनि केही थरलाई उच्च र केहीलाई नीच दृष्टिले हेर्ने अभ्यास अझै कही न कही पाइन्छन् ।

शेरचन (२००४) ले जनजाति समुदायभित्रको स्तरीकरणलाई हिन्दू जात प्रथाको नकारात्मक प्रभाव औल्याउँदै यसलाई कृत्रिम विभाजन भनेका छन् ।

बाहिरबाट हेर्दा मुगाल जातिभित्र स्तरीकरण/तह नदेखिए पनि भित्री तह (emic perspective) बाट हेर्दा केही न केही रूपमा देख्न सकिन्छ । शाही (२०५८ वि.सं.) ले पनि मुगाल जातिभित्र स्तरीकरण छ भन्ने कुरा गरेका छन् । मुगाल जातिभित्रका थरहरू जस्तै : सोङ्ग्वु, टिग्टी, छुएडा, ढावा, थुवा, खामाङ, छ्याङमा, आल्जेन, चोवा र चल्लावालाई उच्च वर्गमा मानिन्छन् ।

गारा थर भएकाहरूलाई मुगाल समुदायभित्र निम्न समुदायका रूपमा मान्ने गरिन्छ । मुगालहरू गारालाई आफ्नो समुदायको दलित भनेर भन्ने गर्छन् । डोल्पो (२०७५) ले पनि गारा जातिलाई हिमाली दलितको रूपमा परिभाषित गरेका छन् । भूगोल र समुदाय विशेषका कारण गाराहरूको परिचय भिन्न भएको हो । यथार्थमा गाराहरू दलित नै हुन् भन्ने उनको तर्क रहेको छ ।

मुगु गाउँका गाराहरूले उच्च वर्गका मुगालसँग विवाह गर्न पाउदैनन् । यिनीहरू आफ्नै कुल कुटुम्बसँग विवाह गर्दछन् । पेसाले गाराहरू खेतीपाती गर्ने, गरगहना बनाउने, कृषि तथा घरायसी काममा उपयोगी औजार, हातहतियार बनाउने, लुगाफाटा सिलाउनेजस्ता काममा संलग्न हुन्छन् । गारा मुगाल समुदायभित्रको दलित भनेर चिनिए पनि व्यवहारमा अन्य वर्ग र समुदायका मुगालहरूले गाराहरूप्रति नेपालका अन्य जात/जातिले दलितलाई गर्ने जस्तो छुवाछुत तथा भेदभावमा कठोर छैनन् । यद्यपि छुवाछुत तथा विभेदजस्ता समस्याहरू केही न केही रूपमा भने रहेका छन् । उदाहरणको लागि अन्य मुगालहरू गारा मुगालहरूसँग धेरै नजिकिने

गर्दैनन् र तिनीहरूसँग सामाजिक व्यवहार तथा अन्तरक्रिया पनि कम गर्छन् । त्यसैगरी अन्य मुगालहरूको गारा मुगालहरूप्रति गरिने व्यवहार पनि अधिनस्थ खालका देखिन्छन् । यद्यपि गाराहरू उच्च भनिएकाहरूको घरमा र उच्च भनिएकाहरू गाराहरूको घरभित्र ओहोरदोहोर गर्छन् । खानपानमा पनि चोखो (pure) र झुठो (impure) भन्ने चलन देखिँदैन । चाख लाग्दो कुरा के छ भने गाराहरू दलितका रूपमा चिनिए पनि तिनीहरूको सामाजिक-सांस्कृतिक व्यवहार अन्य मुगाल समुदायको जस्तै हुन्छ । उनीहरूले बोल्ने भाषा पनि मुगुम भाषा नै हो । उनीहरूको वेषभूषा पनि उस्तै हुन्छन् । अन्य मुगालहरूले मान्ने सम्पूर्ण चाडपर्वहरू यिनीहरूले पनि सामूहिक रूपमा मनाउने गर्दछन् ।

केन्द्रीय तथ्याङ्क विभाग (२०१४) को प्रतिवेदनले पनि मुगु गाउँमा दलित रहेको देखाएको छ । गारा समुदायलाई नै यहाँ दलितको रूपमा प्रस्तुत गरिएको देखिन्छ । तर गाराहरू मुगाल समुदायभित्रकै निम्न वर्ग/समुदाय भएकाले मुगाल र दलित अलग भने होइनन् ।

आदिवासी समुदायहरू समानता र सामूहिकतामा आधारित हुन्छन् । त्यसैले यी समुदायहरूमा जातको विभाजन र तहहरू हुँदैनन् । उच-नीचजस्ता विभेद हुँदैनन् । तर पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपश्चात् वर्णव्यवस्था अर्थात् जात प्रथालाई व्यापक बनाउँदै जनजाति समुदायहरूमा समेत लाद्ने अभियान थालियो भन्ने आहुति (२०१०) र तामाङ (२०७५) को तर्क रहेको छ । यसको मूल कारण जातिभित्र फुट पैदा गरी राज्य सत्ताविरुद्धको सम्भावित विद्रोहलाई रोक्नु र अर्को उत्पादनका साधन हत्याउन र उच्च जातको श्रेष्ठतालाई नैतिक वैधता प्रदान गर्नु थियो ।

आहुति (२०१०) का अनुसार आर्थिक-राजनीतिक रूपमा कमजोर हुनेहरूलाई नेपालका शासक वर्गले वर्णव्यवस्था थोपर्दै दलित बनाएको हो । मुगु गाउँका गाराहरूको ऐतिहासिक आर्थिक-राजनीतिक स्थिति विश्लेषण गर्दा यो तर्कसँग धेरै हदसम्म सहमत हुन सकिन्छ । समतावादी मुगाल समुदायमा देखिएको जातीय तह पृथ्वीनारायण शाहको असली हिन्दूस्तान निर्माणको अभियान अन्तर्गतको वर्णव्यवस्था विस्तारको प्रभाव हुन् भन्ने प्रशस्त आधारहरू देखिन्छन् । यद्यपि यसबारे विस्तृत अनुसन्धानको विषय बन्न सक्छ ।

३.६ घर बनावट

मुगालहरूको घरको बनावट अन्य जातिको भन्दा बेग्लै रहेको पाइन्छ । मुगुमा तिब्बती शैलीका घरहरू बनेका हुन्छन् । उनीहरूको घर ढुङ्गा, माटो र काठले बनेको हुन्छ । मुगु हिमाली गाउँ भएकाले र माटो धेरै नपाइने हुँदा घर बनाउँदा काठको बढी प्रयोग गरिन्छ । घर बनाउँदा आठ वटासम्म थाम राखिन्छ । घरको गाह्रोमा ढुङ्गा र काठ दुवै प्रयोग गरिन्छ र यसलाई माटोले छोप्ने गरिन्छ । मुगालहरूको घर धेरैजसो तीन तल्लाको हुन्छ । घरको सबैभन्दा माथिको तल्ला अर्थात् छत्मा काठको फल्याक राखेर माटोले छोपेको हुन्छ । तलको तल्लामा पनि काठको फल्याक बिछ्याइएको हुन्छ ।

भुइँ तल्लालाई मुगालहरू गोठ भन्ने गर्दछन् । यो गाईवस्तु राख्नका लागि प्रयोग गरिन्छ । त्यसैगरी पहिलो तल्लालाई छिप्रा भनिन्छ । यो अन्नबाली र नुन भण्डारणका लागि प्रयोग गरिन्छ र अन्तिम तल्ला अर्थात् कोगा परिवारका सदस्यहरू बस्न र भान्साका लागि प्रयोग गरिन्छ ।

मुगाल समुदायको घर प्रायःजसो एकआपसमा जोडिएर बनाएको हुन्छ । यिनीहरूले तल्लामा चढ्नका लागि काठमा खोपा बनाएको भऱ्याङ प्रयोग गर्ने गर्दछन् । घरको हरेक तल्लामा एउटा कोठा रहेको हुन्छ । सो कोठामा एउटा सानो झ्याल राखेको हुन्छ । मुगु गाउँमा धेरै हावा चल्ने भएकोले चिसोबाट बच्नका लागि ठूला झ्यालहरू राख्ने गर्दैनन् । मान्छे बोलाउन, खबर आदानप्रदान गर्न र श्वासप्रश्वासको सहजताको लागि घरको अगाडि भागमा सानो झ्याल राख्ने गरिन्छ । मुगालहरूको घरको छानो समतल हुन्छ । घरको छानोमा काठ बिछ्याएर माटोले छोपेको हुन्छ । प्रत्येक घरको छानोमा दाउराको चाङ बनाएर राखेको हुन्छ । यसो गर्दा हावाहुरीबाट सुरक्षित हुनको साथै दाउराको सङ्कटलाई टार्न सजिलो हुने गर्दछ । छानो परिवारिक जमघट तथा उत्सवहरू मनाउनका लागि समेत प्रयोग गर्ने गरिन्छ ।

तस्बिर ५: मुगाल जातिको घर

३.७ सामाजिक विकास

३.७.१ शिक्षा

कुनै पनि मुलुकको समग्र विकासको आधारभूत पक्ष शिक्षा हो । शिक्षाले व्यक्तिभित्र निहित क्षमतालाई प्रस्फुटन गर्नका साथै ज्ञान, क्षमता, सभ्यता, संस्कृति, संस्कार, बानी व्यहोरा र कर्तव्यको निर्माण गर्दछ । शिक्षा, ज्ञान निर्माण र हस्तान्तरण गर्ने एउटा माध्यम हो । यसले असल समाजको निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले शिक्षालाई गरिबी निवारणको महत्वपूर्ण औजारको रूपमा लिने गरिन्छ (एनपीसी र युनडीपी २००६) ।

समाजशास्त्री इमाइल दुर्खिम (हारालम्बस तथा होल्वर्न, २००५ मा उद्धृत) का अनुसार शिक्षाले व्यक्तिलाई आफ्नो भविष्यको पेसाका लागि आवश्यक निश्चित सीप सिकाउँछ । विद्यालय शिक्षाले बालबालिकालाई सामाजिक मूल्य अन्तरग्रहण गराइदिन्छ, जसले समाज अगाडि बढाउनमा योगदान मिल्दछ ।

मुगु गाउँमा आधुनिक अर्थात् मुलधारको शिक्षा र गुम्बा शिक्षा गरी दुई किसिमका शैक्षिक व्यवस्था विद्यमान रहेका छन् । भौगोलिक विकटता, पूर्वाधारहरूको अभाव, शिक्षकमा जिम्मेवारीपन तथा जवाफदेहिताको अभाव तथा राज्यको बेवास्ताका कारण मुगालहरू नेपालका अन्य जातिभन्दा आधुनिक अर्थात् मुलधारको शिक्षामा धेरै पछाडि छन् । यद्यपि गुम्बा शिक्षामा उनीहरूका सहभागिता उल्लेख्य रहेका छन् । आधुनिक शिक्षामा रहेको मुगाल जातिको अवस्थालाई तल चित्रहरूमा प्रस्तुत गरिएको छ ।

चित्र २ : मुगाल जातिको शैक्षिक अवस्था



(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

माथिको चित्रअनुसार मुगाल जातिको झण्डै आधा जनसङ्ख्या लेखपढ गर्न नसक्ने अर्थात् निरक्षर रहेको छ । मुगु गाउँको कुल जनसङ्ख्यामा ५५.५ प्रतिशत जनसङ्ख्या मात्र साक्षर अर्थात् लेखपढ गर्न सक्ने छन् भने बाँकी ४४.५ प्रतिशत निरक्षर अर्थात् लेखपढ गर्न नसक्ने छन् । यो तथ्याङ्कले नेपालको समग्र साक्षरता दर (६५.९ प्रतिशत) भन्दा मुगालहरूको साक्षरता दर १० प्रतिशतभन्दा बढीले कमी रहेको देखिन्छ। अशिक्षित भएकै कारण मुगालहरू शिक्षा, स्वास्थ्य, राजनीति आदिप्रति सचेत बन्न सकेका छैनन् भने विभिन्न अवसरहरूबाट समेत वञ्चित भएका छन् ।

चित्र ३ : लैङ्गिक रूपमा मुगाल जातिको शैक्षिक अवस्था



शिक्षालाई लैंगिक दृष्टिकोणबाट हेर्दा मुगाल जातिमा महिलाको भन्दा पुरुषको शिक्षामा बढी पहुँच रहेको देखिन्छ । कुल जनसङ्ख्याको ६६.९ प्रतिशत पुरुष साक्षर देखिन्छन् भने महिला ४४.७ प्रतिशत मात्रै साक्षर देखिन्छन् । मानव विकास तथा सामाजिक न्यायको दृष्टिकोणबाट हेर्दा यो अवस्था पक्कै पनि सकरात्मक होइन ।

शैक्षिक रूपमा पुरुषभन्दा महिला पछि पर्नको महत्वपूर्ण कारण पितृसत्ता नै हो । समग्र नेपाली समाजजस्तै मुगाल समुदाय पनि पितृसत्तात्मक सोचबाट टाढा छैनन् । यस समुदायमा पनि छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिएको पाइन्छ । त्यसकारण छोरीको शिक्षामा आर्थिक लगानी गर्न चाहदैनन् । अर्को, पुरुषहरू व्यापार/व्यवसाय तथा आर्थिक उपार्जनका लागि अधिकांश समय घरबाहिर रहने हुँदा घरायसी कामकाजको सम्पूर्ण जिम्मेवारी महिला/छोरीमाथि पर्ने भएकाले उनीहरूले विद्यालय जान पर्याप्त समय पाउँदैनन् । एम.आई.डब्लु.यु.आई.को प्रतिवेदन (२०१४) का

अनुसार मुगाल महिलाहरू दिनको अठार घण्टासम्म काम गर्दछन् । बालबच्चाहरूको हेरचाह गर्ने, खानेकुरा तथा खानेपानीको व्यवस्था गर्ने, दाउरा सङ्कलन गर्ने, बाली लगाउने तथा भित्र्याउने काम मुगाल महिलाहरूले गर्ने गर्दछन् ।

तालिका ३: मुगु गाउँको विस्तृत शैक्षिक अवस्था

५ वर्ष उमेर र सोभन्दा माथिको जनसङ्ख्या		पढ्न र लेख्न सक्ने	पढ्न मात्र सक्ने	पढ्न र लेख्न नसक्ने	साक्षरता उल्लेख नगरेको	साक्षरता प्रतिशत
दुवै लिङ्ग	८१५	४५३	७	३५२	३	५५.५८
पुरुष	३९९	२६७	२	१२९	१	६६.९२
महिला	४१६	१८६	५	२२३	२	४४.७१

(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

माथिको तालिकाअनुसार मुगु गाउँमा पढ्न र लेख्न सक्ने ४५३ जना अर्थात् ५५.५८ प्रतिशत छन् । त्यसै गरी पढ्न मात्र सक्ने ७ जना (०.८६ प्रतिशत), पढ्न र लेख्न नसक्ने ३५२ जना (४३.१९ प्रतिशत) र साक्षरता उल्लेख नगरेका ३ जना (०.३७ प्रतिशत) रहेका छन् । सजिलोका लागि तलको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ४ : मुगु गाउँको विस्तृत शैक्षिक अवस्था



(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

माथिका तथ्याङ्कलाई हेर्दा मुगु गाउँको शैक्षिक अवस्था नेपालको औसत साक्षरता दर (६५.९ प्रतिशत) भन्दा करिब १० प्रतिशतले तल रहेको देखिन्छ। मुगाल समुदायमा लैंगिक साक्षरता दर पनि झण्डै राष्ट्रिय साक्षरता दर (पुरुष साक्षरता दर ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७.४ प्रतिशत) भन्दा १० प्रतिशतकै हारहारीमा तल रहेको देखिन्छ। यो समुदायको पुरुष साक्षरता दर ६६.९ प्रतिशत र महिला साक्षरता दर ४४.७ प्रतिशत रहेको छ।

'शिक्षा लिन पाउने कुनै पनि बालबालिकाको नैसर्गिक अधिकार हो' भनेर नेपालको संविधान (२०७२) ले मौलिक अधिकारका रूपमा व्यवस्था गरेको छ । तर पनि मुगु गाउँका धेरै बालबालिकाहरू आधारभूत शिक्षाबाट वञ्चित छन्। मुगाल समुदाय रहेको मुगु गाउँमा एउटा प्राथमिक विद्यालय मात्र रहेको छ। चिसोका कारण यो विद्यालय छ महिना मात्रै खुल्ने गर्दछ। त्यसैगरी जेठ-असार महिना यार्सागुम्बा सङ्कलन गर्ने मौसम भएकाले शिक्षक तथा विद्यार्थी सबैजना विद्यालय

बन्द गरी यार्सा टिप्न लेकतिर जाने गर्दछन् । गाउँमा रहेका विद्यालयको भौतिक पूर्वाधार तथा व्यवस्थापन अत्यत्नै कमजोर देखिन्छ । शिक्षकहरू अधिकांश समय विद्यालय उपस्थित नहुने हुँदा पठनपाठन नियमित भएको पाईँदैन ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) मा विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ (दुई सय पाँच दिन) दिन पठनपाठन सञ्चालन हुनेछ भनेर उल्लेख गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७६) । तर मुगुम कार्मारोङ गाउँपालिकाभित्र रहेका अधिकांश विद्यालय वर्षमा ८० दिन अर्थात् करिब ३ महिना मात्रै खुल्दछन् । एकातिर विद्यालय कम खुल्ने अर्कातिर शिक्षकहरू विद्यालयमा नियमित नहुने, गैरसरकारी संस्थामा आवद्ध हुने तथा राजनीतिक क्रियाकलापहरूमा समेत सक्रिय भएकाले मुगाल लगायत यस भेकका विद्यार्थीको शैक्षिक उपलब्धि कमजोर रहेका छन् (अन्नपूर्ण एक्सप्रेस, २०१९) ।

मुगु गाउँमा कक्षा पाँचसम्म मात्रै पठनपाठन हुने गर्दछ । बाँकी अध्ययन गर्न गाउँभन्दा टाढा अर्को गाउँमा जानुपर्दछ । त्यसैले मुगाल बालबालिकामा विद्यालय पढाइ छाड्नेको सङ्ख्या धेरै छन् । गाउँमा रहेको प्राथमिक विद्यालयको अध्ययन सक्नेबित्तीकै मुगालहरू आफ्नो बालबालिकाको अध्ययन पूरा भएको ठान्दछन् । चेतनाको अभावमा अधिकांश बालबालिकाहरू विद्यालय नै जाँदैनन् । तर गमगढी, खलांगा र काठमाडौँजस्ता शहरी क्षेत्रहरूमा बसोबास गर्ने मुगाल बालबालिकाहरू भने उच्च तहसम्म अध्ययनरत रहेको पाइन्छ ।

अर्को कुरा, मुगु गाउँका मुगालहरूले मूलधारको शिक्षालाई भन्दा पनि धार्मिक शिक्षालाई बढी महत्व दिइएको पाइन्छ । त्यसैले

बालबालिकाहरू विद्यालय शिक्षाभन्दा गुम्बा शिक्षामा बढी आकर्षित भएको देखिन्छ । मुगु गाउँमा बौद्ध दर्शनमा उच्च शिक्षा हासिल गरेका लामाहरू धेरै छन् । उनीहरू बौद्ध दर्शन अध्ययन गर्न मुलुकभित्रैका गुम्बाहरू तथा भारतका विभिन्न ठाउँहरूमा समेत जाने गर्दछन् ।

केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो प्रतिवेदन (२०१४) का अनुसार मुगु गाउँमा मूलधारको उच्च शिक्षा (स्नातकोत्तर तह) हासिल गर्नेहरू एक जना पनि छैनन् । शिक्षा प्राप्त गर्ने कुल ४५३ जनामध्ये ४ जनाले प्रारम्भिक शिक्षा लिएका छन् भने २४२ जनाले प्राथमिक तहको, ६१ जनाले निम्न माध्यमिक तहको, ४० जनाले माध्यमिक तहको, ७ जनाले एस.एल.सी. उत्तीर्ण, २० जनाले आइ. ए. वा सो सरहको र ६ जनाले स्नातक तहको शिक्षा लिएका छन् । बाँकी ६३ जनाले भने अन्य शिक्षा लिएका छन् । झण्डै दश वर्ष अघि (२०६८) को प्रतिवेदनमा भनेजस्तै हालसम्म पनि मुगु गाउँका कसैले पनि स्नातकोत्तर तह उतीर्ण गरेका छैनन् ।

शिक्षालाई नागरिकको मौलिक एवं आधारभूत अधिकारका रूपमा लिए पनि मुगाल समुदाय यस अधिकारबाट वञ्चित छन् । यो समुदायको शैक्षिक अवस्था हेर्दा सरकारको अनिवार्य तथा निःशुल्क शिक्षा नीतिमाथि नै प्रश्न चिन्ह खडा भएको छ । मुगाल समुदायको शिक्षालाई लैंगिक दृष्टिकोणबाट हेर्दा महिलाको शैक्षिक अवस्था झनै कहालीलाग्दो देखिन्छ । शिक्षामा देखिएको यस किसिमको वञ्चिति तथा विभेदले असल राष्ट्र निर्माणमा पक्कै पनि ठूलो बाधा पार्दछ ।

३.७.२ स्वास्थ्य

स्वास्थ्य, शिक्षा, रोजगारजस्ता कुराहरू हरेक नागरिकको मौलिक अधिकार हो। तर पनि अधिकांश नेपाली नागरिक यो आधारभूत सुविधाबाट वञ्चित छन्। मुगु जिल्लाका धेरै जनसङ्ख्या यस्ता सेवा र सुविधाको पहुँच बाहिर छन्। परिणामस्वरूप मुगु जिल्ला मानव विकास सूचाङ्कमा धेरै पछाडि रहेको छ। यो जिल्लाबासीको औसत आयु ६५.५७ वर्ष रहेको छ, जबकि नेपालको राष्ट्रिय औसत आयु ६८.८० वर्ष छ (नेपाल मानव विकास प्रतिवेदन, २०१४)।

भौगोलिक रूपले विकट मुगु गाउँमा बसोबास रहेका मुगालहरूको स्वास्थ्य स्थिति झनै कमजोर रहेको छ। मुगु गाउँमा एउटा प्राथमिक स्वास्थ्य चौकी रहे पनि स्वास्थ्यकर्मीहरू नियमित बस्दैनन्। स्वास्थ्य चौकीमा आवश्यक औषधी पनि उपलब्ध हुँदैनन्। त्यसैले मुगालहरू आयुर्वेदिक औषधीमा भर पर्दछन्। मुगाल समुदायको आफ्नै आयुर्वेदिक औषधालय छ। जसलाई स्थानीय भाषामा एम्ची वा बैजी भनिन्छ। बैजीले समुदायमा चिकित्सकको भूमिका निर्वाह गर्दछ। जनचेतनाको अभाव तथा स्वास्थ्यमा पहुँच नभएकाले मुगालहरूको जन्मदर र मृत्युदर दुवै बढी रहेको देखिन्छ।

शैक्षिक रूपमा कमजोर रहेकाले मुगालहरूमा जनस्वास्थ्यसम्बन्धी जनचेतनाको कमी देखिन्छ। परिणामस्वरूप उनीहरू स्वास्थ्य तथा सरसफाइमा धेरै पछाडि रहेका छन्। मुगु गाउँमा कुल घरधुरी (१५३) को जम्मा ६ घरपरिवारको मात्रै सामान्य शौचालय छ भने बाँकी १४७ घरधुरीसँग शौचालयको व्यवस्था छैन (केन्द्रीय तथ्याङ्क विभाग, २०१४)।

कुनै पनि मुलुक आर्थिक रूपमा सम्पन्न र समृद्ध हुनका लागि त्यहाँ बस्ने नागरिक स्वस्थ हुन जरुरी हुन्छ। मानिस स्वस्थ भए मात्रै

तिनले उत्पादनमूलक क्रियाकलापमा क्रियाशील रूपमा सहभागी हुन सक्छ । तर मुगाललगायत धेरै नेपालीहरूको स्वास्थ्य सेवामा पहुँच रहेको देखिदैन । यसो हुनुको पछाडि क्षेत्रीय, जातीय तथा लैगिक लगायतका विभेदहरू जिम्मेवार देखिन्छन् । राज्यको सुशासन तथा जवाफदेहिताको अभाव नै मुगाल समुदायको स्वास्थ्य अवस्था कमजोर रहनुको प्रमुख कारण रहेको छ ।

३.७.३ खानेपानी

मानिसको स्वास्थ्य स्थिति विश्लेषण गर्ने एउटा महत्वपूर्ण सूचक उनीहरूले दैनिक जीवनमा उपयोग गर्ने खानेपानीको स्रोत तथा स्वच्छ खानेपानीमा रहेको पहुँच पनि हो । मुगु गाउँका कुल घरपरिवारको ८९ अर्थात् ५८ प्रतिशत घरपरिवारको खानेपानीको स्रोत खोला/नदी हो । यस गाउँका जम्मा ६४ घरपरिवार अर्थात् ४२ प्रतिशतसँग मात्रै धारा/पाइपको खानेपानीको सुविधा रहेको छ । यो राष्ट्रिय तथ्याङ्कभन्दा ५ प्रतिशतले कमी हो । देशका कुल परिवारको ४७.७८ प्रतिशत परिवारले धारा/पाइपको खानेपानी प्रयोग गर्दछ (केन्द्रीय तथ्याङ्क विभाग, २०१४) । कुल जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्यासँग स्वच्छ खानेपानीको पहुँच नभएको हुँदा खोला/नदीको पानी सिधै उपभोग गर्नुपर्ने बाध्यता मुगालहरूमा रहेको छ । त्यसैले यहाँका धेरै मानिसहरूमा झाडापखाला, जन्डिस, रुघाखोकीजस्ता पानीबाट लाग्ने रोगहरू लाग्ने गरेको पाइन्छ ।

चित्र ५ : मुगालहरूले प्रयोग गर्ने खानेपानीको स्रोत

खाना पकाउने इन्धन



मानिसको स्वास्थ्य स्थिति विश्लेषण गर्ने अर्को महत्वपूर्ण सूचक उसले खाना पकाउन प्रयोग गर्ने इन्धन पनि हो । मुगु गाउँका सबै घरपरिवार खाना पकाउनको लागि परम्परागत तरिका नै अपनाउँछन् । केन्द्रीय तथ्याङ्क विभाग (२०१४) का अनुसार, देशका ६४ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरिन्छ । तर मुगु गाउँमा एल.पी. ग्याँस, मट्टीतेल तथा बिजुलीको सुविधा नभएको हुँदा सतप्रतिशत मुगालहरू नै दाउराबाट खानेकुरा पकाउने गर्दछन् । त्यसैले धेरै मुगालहरूलाई दम, खोकी, क्षयरोगजस्ता धुवाँबाट लाग्ने रोगहरू लाग्ने गरेको पाइन्छ ।

३.७.४ उर्जा/बिजुली बत्ती

मुगु गाउँमा बिजुली बत्तीको सुविधा छैन । यहाँका धेरै घरपरिवार सौर्य बत्तीमा निर्भर छन् भने केही घरपरिवार मट्टितेलबाट बाल्ने टुकीको प्रयोग गर्दछन् । केन्द्रीय तथ्याङ्क विभाग (२०१४) का अनुसार मुगु गाउँका कुल घरधुरी १५३ मध्ये १३७ घरपरिवारले सौर्य

बत्ती प्रयोग गर्दछन् भने बाँकी १६ घरपरिवारले बत्तीको लागि मट्टितेल तथा अन्य स्रोतको प्रयोग गर्दछन् । बत्तीको लागि मट्टितेलको प्रयोग गर्दा श्वासप्रश्वास तथा आँखासम्बन्धी विभिन्न रोगहरू लाग्ने गरेको पाइन्छ । बिजुली बत्तीको अभावका कारण उद्योगधन्दा सञ्चालन परम्परागत तरिकाले नै गर्न बाध्य छन् ।

३.७.५ आमसञ्चार

सञ्चार मानव समुदायको एक महत्वपूर्ण पूर्वाधार हो । यसले समाजका सदस्यहरूलाई जोड्ने काम गर्दछ । यद्यपि नेपालको अधिकांश भागमा आधुनिक सञ्चार सेवाको सुविधा पुगेको छैन । मुगु गाउँ विकट हिमाली भेगमा पर्दछ । यहाँका मानिस केही वर्षअघिसम्म आधुनिक सञ्चारको सुविधाबाट वञ्चित थिए । तर हाल मुगु गाउँमा भिस्याट प्रणालीबाट चल्ने एउटा टेलिफोन सेवा उपलब्ध छ । आधुनिक सञ्चारको साधन मोबाइल फोन सेवासमेत यस गाउँमा पुगेको छ । घरबाहिर रहेको परिवारका सदस्य तथा आफन्तहरूसँग सम्पर्क गर्न आमसञ्चारको सेवा र सुविधाले विकट गाउँका मुगाल समुदायलाई ठूलो राहत भएको छ । गाउँमा एउटा अतिरिक्त हुलाक सेवा समेत रहेको छ ।

तालिका ४: सञ्चार साधन र तिनको प्रयोग गर्ने उपभोक्ता

क्रम सङ्ख्या	सञ्चार साधन	उपभोक्ता सङ्ख्या	प्रतिशत
१.	रेडियो	२६	१६.९
२.	टेलिभिजन	६	३.९
३.	मोबाइल फोन	२७	१७.६

(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

तालिका नं ५ का अनुसार मुगु गाउँका १६.९ प्रतिशत घरपरिवारसँग रेडियो रहेको छ। त्यसै गरी ३.९ प्रतिशत घरपरिवारसँग टेलिभिजन र १७.६ प्रतिशत घरपरिवारसँग मोबाइल फोन रहेको छ। यी तथ्याङ्कले मुगु गाउँका धेरै घरपरिवार सूचना तथा सञ्चारको युग भनेर चिनिएका वर्तमान समयमा पनि आमसञ्चारको सुविधाबाट वञ्चित रहेको देखाएको छ।

तस्बिर ६. मुगु गाउँमा सञ्चालित भिस्याट टेलिफोन सेवा

३.७.६ यातायात

नेपालका अधिकांश हिमाली भेगमा सडक पूर्वाधारको विस्तार भएको छैन। छिमेकी तिब्बती गाउँमा सडक पूर्वाधारको राम्रो सुविधा भए पनि मुगु गाउँमा सडक पूर्वाधार एवम् बिजुली बत्ती पुगेको छैन। सदरमुकाम गमगढी आउन तीन दिनको पैदल यात्रा गर्नुपर्दछ भने राजधानी काठमाडौँ आइपुग्न गमगढीबाट कम्तीमा ४ दिन कच्ची सडकको कष्टपूर्ण यात्रा गर्नुपर्दछ। नेपालगञ्ज-तालचा हवाईसेवा सञ्चालनमा रहे पनि नियमित उडान हुँदैन।

सडक पूर्वाधारको विकल्पमा मुगु गाउँका बासिन्दाले यातायातका साधनको रूपमा याक, चौँरी र घोडा प्रयोग गर्ने गर्दछन् । उनीहरू याक, चौँरी र घोडाबाट नै सामान ओसारपसार गर्दछन् । यातायातको सुविधाको अभावमा समयमै उपचार पाउन नसकेका कारण यहाँका धेरै मानिसले अकालमा ज्यान गुमाइरहेका छन् । यातायातको सुविधा नभएकै कारणले खाद्यान्न तथा लत्ता कपडा किन्न गमगढी, सुर्खेतलगायतको शहरहरूमा जान धेरै दिनको पैदल यात्रा गर्नुपर्दछ ।

तस्बिर ७. यातायातको साधनका रूपमा प्रयोग गरिने याक तथा चौँरी । फोटोः दावा लामा मुगुम

३.७.७ सुरक्षा

सुरक्षा भयरहित समाजका लागि एक महत्वपूर्ण संयन्त्र हो । मुगु गाउँ तिब्बती सिमानासँग जोडिएको गाउँ हो । सिमानामा पर्ने यस गाउँमा सुरक्षाका लागि एक प्रहरी चेकपोस्ट स्थापना गरिएको

छ । द्वन्द्वकालमा विस्थापित यस चौकीलाई वि.सं. २०६३ मा स्थापित लोकतन्त्रसँगै पुनः बहाली गरिएको हो । पाँडे (२०६२) का अनुसार वि.सं. २०२७ सालसम्म यहाँ भारतीय सेनाले चेकपोष्ट सञ्चालन गरेको थियो ।

३.८ सामाजिक गतिशीलता

३.८.१ बसाइँसराइ

मानिस गतिशील प्राणी हो । ऊ आफ्नो जीवनलाई सहज बनाउने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुने गर्दछ । त्यस प्रक्रियालाई सामान्य भाषामा बसाइँसराइ भन्दछौँ । मानिसले बसाइँसराइ मुख्यतः दुई कारणले गर्दछन् । एउटा विकर्षणका कारण र अर्को आकर्षणका कारण । विकर्षणका कारणहरूमा प्रतिकूल हावापानी, कठिन जीवनयापन, सेवा, सुविधा, अवसरको अभाव आदि हुन् भने आकर्षणका कारणहरूमा शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, भौतिक पूर्वाधार आदिका सुविधा हुन् ।

मुगाल जातिको बसाइँसराइ विशेष गरी प्रतिकूल हावापानी, कठिन जीवनयापन, शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, व्यापार/व्यवसाय, राजनीतिजस्ता विभिन्न कारणले भएको पाइन्छ । समयको आधारमा मुगाल जातिमा मुख्यतः दुई किसिमको बसाइँसराइ देखिन्छ । एउटा स्थायी बसाइँसराइ र अर्को मौसमी/आवधिक बसाइँसराइ ।

मुगालहरू मुख्य गरी मुगु सदरमुकाम गमगढी, जुम्ला, काठमाडौँ र भारतका हिमाञ्चल प्रदेशमा स्थायी बसाइँसराइ गरेको पाइन्छ। मुगु गाउँमा वर्षभरिलाई पुग्ने खाद्यान्न उत्पादन नहुने भएकोले खाद्यान्न जोहो गर्नका लागि परिवारका केही सदस्य मुख्यतः पुरुष

सदस्य मुलुकका विभिन्न शहरहरू जस्तै गमगढी, जुम्ला, नेपालगञ्ज, सुर्खेत, काठमाडौँ र मुलुक बाहिरसमेत व्यापार तथा रोजगारीका लागि अस्थायी बसाइँसराइ गर्दछन् । त्यति मात्र नभई मुगु गाउँमा मङ्सिरदेखि चैत्र महिनासम्म अत्याधिक हिउँ पर्ने हुनाले जाडो छल्न मुगालहरू पाँच महिनाका लागि गाउँबाट दुई घण्टा तल सिरानी चौर तथा आसपासका ठाउँहरू मा मौसमी बसाइँसराइ गर्ने गर्दछन् । यस अवधिमा यिनीहरू कोही अस्थायी गोठ[20] बनाई बस्दछन् भने कोही ओढारमा बस्दछन् । बसाइँसराइको अवधिमा चाहिने आवश्यक खाद्यान्न केही मात्रामा गाउँबाट र केही सदरमुकाम गमगढीबाट ल्याउने गर्दछन् । वस्तुभाउ पनि सँगै लैजाने हुँदा दूग्धजन्य पदार्थको आपूर्तिमा भने खासै कठिनाइ हुँदैन । बचत भएको दूग्धजन्य पदार्थबाट निर्मित घ्यू, चीज, छुर्पीलगायतका वस्तुहरू गमगढी, जुम्ला, सुर्खेत, नेपालगञ्ज आदि शहरहरूमा लगि बिक्री गर्दछन् । हिउँद मौसममा पूरै गाउँ नै बेसी झर्ने भएकाले मुगु गाउँमा रहेका विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी र भन्सार कार्यालय छ महिना (कार्तिकदेखि चैत्तसम्म) का लागि बन्द हुने गर्दछन् ।

विभिन्न अवधिमा प्रकाशित मुगु गाउँको जनसङ्ख्या विवरणले यहाँको बसाइँसराइ प्रक्रिया तीव्र रहेको देखाएको छ । जसलाई तल चित्रमा प्रस्तुत गरिएको छ ।

[20] सामान्य दाउरा वा काठ उठाएर त्यसमाथि प्लाष्टिक वा त्रिपालले छोपेर बनाएको अस्थायी बस्ने ठाउँ/छाप्रो ।

चित्र ६ : विभिन्न अवधिमा भएको जनगणनामा मुगु गाउँको जनसङ्ख्या



(स्रोत : पाँडे, २०३४ वि.सं., राष्ट्रिय जनगणना, २०५८ वि.सं. र राष्ट्रिय जनगणना, २०६८ वि.सं.)

माथिको चित्रअनुसार मुगु गाउँमा घरधुरी सङ्ख्या क्रमशः घट्दै गएको देखिन्छ । वि.सं. २०२८ सालमा यहाँ १६९ घरधुरीमा ९८३ जनसङ्ख्या रहेको थियो भने २०५८ सालमा आइपुग्दा घरधुरी सङ्ख्या १५७ र जनसङ्ख्या ६९२ जनामा सीमित रहेको देखिन्छ । वि.सं. २०६८ आइपुग्दा जनसङ्ख्या थोरै वृद्धि भएको देखिए तापनि घरधुरी सङ्ख्या भने घटेको देखिन्छ । ४० वर्षको अवधिमा मुगु गाउँको जनसङ्ख्या बढ्नुको साटो घट्नुको प्रमुख कारण बसाइँसराइ नै हो । यसरी जनसङ्ख्यामा ह्रास आउनुका पछाडि राजनीतिक कारण बढी जिम्मेवार देखिन्छ । सन् १९५९ मा चीनले तिब्बत कब्जा गरेसँगै नेपालसँगको सबै नाका बन्द गरिदियो । यसको प्रत्यक्ष प्रभाव तिब्बतसँगको व्यापारमा निर्भर मुगालहरूको जीवनमा पऱ्यो ।

पहिले लेक जान डराउने तल्लो भेग (खसान क्षेत्र) का मान्छेहरू विस्तारै व्यापारका लागि माथि (लंक) जान थाले । व्यापारका लागि आउने-जाने क्रममा खसान क्षेत्रका मान्छेहरूले पनि विस्तारै हिमाली वातावरणमा अनुकलन हुन सिके । उनीहरूले हिमाली क्षेत्रको जाडो पचाउन पनि सक्ने भए । खसान क्षेत्रका मानिसहरू सिधै तिब्बतमा गएर व्यापार गर्न थालेपछि मुगालहरूको एकलौटी पेसा र व्यवसाय विस्तारै सङ्कटमा पर्दै गयो ।

मौसमी रूपमा लाग्ने हाट बजारबाट मुगालहरूलाई केही फाइदा/आयआर्जन हुन्थ्यो । यद्यपि कहिलेकाहीँ हुने आम्दानीले जीवन जिउन सहज भएन । त्यसताका कर्णाली क्षेत्रमा *'हाट लागे मुगाल नलागे कङ्गाल'* भन्ने उखान नै चलेको पाइन्छ (तामाङ, २०६२) । व्यवसायमा आएको संकटसँगै मुगालहरूको जीवन विस्तारै कठिन बन्दै गयो । वि.सं. २०२२ सालसम्म आइपुग्दा स्थिति साह्रै नाजुक भएपछि आम्दानीको विकल्प खोज्ने क्रममा धेरै मुगालहरूले गाउँ नै छोडे । त्यो समय एकै सालमा मुगु गाउँका दुई तिहाइ घरपरिवारले गाउँ छाडी अन्यत्र बसाइँ सरेको थिए ।[21]

तस्बिर ८. मुगाल जाति हिउँद महिनामा अस्थायी बसोबास सर्ने ठाउँ, सिरानचौर

[21] तामाङ (२०६३) तथा स्थानीयहरूसँगको कुराकानीमा आधारित

३.८.२ राजनीति

राजनीति शक्ति अभ्यासको एक महत्वपूर्ण माध्यम हो । राजनीतिक सहभागिता, पहुँचजस्ता कुराले पनि कुनै पनि समुदायको विकासको स्थितिलाई झल्काउँछ । आफ्नै पेसा/व्यवसायमा लागेका मुगाल समुदाय केन्द्रीय राजनीतिबाट टाढा देखिन्छन् । भौगोलिक विकटता, राजनीतिक चेतनाको कमी, सञ्चार माध्यमको असुविधा, अशिक्षाजस्ता विभिन्न कारणले मुगाल जाति राजनीतिप्रति खासै आकर्षित हुन सकेका छैनन् । मुगालहरू कुनै पनि निर्वाचन प्रक्रियामा चाखपूर्वक भाग लिने र मतदान गर्नसमेत आवश्यक ठान्दैनन् । नीति निर्माण गर्ने विधायिका संसद्, मन्त्रिपरिषद्/कार्यपालिका तथा न्यायपालिकाजस्ता राज्यका महत्वपूर्ण अङ्गहरूमा मुगाल जातिको प्रतिनिधित्व भएको देखिँदैन । तर वि.सं २०७९ सालको प्रतिनिधि सभाको निर्वाचनमा पहिलो पटक समानुपातिक निर्वाचन तर्फबाट मुगाल समुदायको एक जना महिला सदस्य प्रतिनिधिसभाको सदस्यमा निर्वाचित भएका छन् ।

अधिकांश मुगालहरूमा राजनीतिक ज्ञान र चेतनाको कमी देखिन्छ । धेरैलाई राज्य सञ्चालन प्रक्रिया र विधिबारे जानकारी पनि छैन । निर्वाचनको समयमा सकभर गाउँमा सबै सहभागी भई कुनै एक राजनीतिक दल तथा प्रतिनिधिलाई मतदान गर्न सहमत जुटाउँदछन् । स्थानीय तहको निर्वाचनमा भने गाउँका टाठाबाठा/हुनेखाने मुगालहरूले प्रतिनिधित्व गर्ने गर्दछन् ।

अध्याय : चार

भाषा र धर्म

मुगाल जातिका आफ्नै भाषा, संस्कृति, परम्परा र धर्म रहेका छन् । विश्वव्यापीकरण र आधुनिकीकरण प्रक्रियाले नेपालका धेरैजसो जनजातिका भाषा तथा संस्कृति लोप हुँदै गए पनि मुगाल जाति भने आफ्नो रैथाने संस्कृति संरक्षण गर्न तुलनात्मक रूपमा सफल छन् ।

४.१ भाषा

भाषा सञ्चार तथा अन्तर्क्रियाको एक महत्वपूर्ण माध्यम हो । मुगालहरूको आफ्नै भाषा र लिपि छ । उनीहरूले बोल्ने भाषालाई खाम कुरा भनिन्छ (गौतम र थापा-मगर, १९९४; पाँडे, २०३४ र तामाङ, २०६३) । मुगाल जातिले बोल्ने खाम कुरा रोल्पा र रुकुमका मगरले बोल्ने खाम कुराभन्दा भिन्न छन् । पछिल्लो समय मुगालहरू आफ्नो भाषालाई मुगुम वा म्हुवे के भाषा भनेर भन्ने गर्दछन् ।

मुगुम भाषाको लिपिलाई सम्बोटा लिपि भनिन्छ । मुगालहरू आफ्नो घरपरिवारमा मातृभाषा बोल्ने गर्दछन् । विभिन्न ठाउँमा बसाइँसराइ गरेका मुगालहरूसमेत मुगुम भाषा राम्रोसँग बोल्न र लेख्न सक्दछन् । यिनीहरू अन्य भाषालाई भन्दा आफ्नो भाषालाई बढी महत्व दिने गर्दछन् । मुगालहरूले बोल्ने भाषा तिब्बती भाषिक परिवारअन्तर्गत पर्दछ । यिनीहरूले बोल्ने भाषा धेरै हदसम्म तिब्बती भाषासँग मिल्दछ ।



तस्विर ९. मुगुम भाषामा प्रयोग गरिने सम्बोटा लिपि

मुगाल समुदायले बोल्ने मुगुम भाषाका केही शब्दहरू तामाङ समुदायले बोल्ने तामाङ भाषा र शेर्पा भाषासँग पनि मिल्दछन् । मुगाल र तामाङ दुवै भाषाको जड तिब्बती भाषा भएकोले यसो भएको देखिन्छ । मुगुम भाषा र तामाङ भाषामा मिल्ने केही शब्दहरू तल तालिकामा देखाइएको छ ।

मुगाल (मुगुम) भाषा र तामाङ भाषामा मिल्ने केही शब्दहरू

नेपाली भाषा	मुगुम भाषा	तामाङ भाषा
आमा	आमा	आमा
बुबा	आपा	आपा
घोडा	ता	ता
म	ङ्हा	ङ
मन	सेम	सेम
नाम	मिन	मिन

मान्छे	म्ही	म्ही
वन	ऋ	ऋ
लुगा	ग्वोयलाग	ग्वोइला
दाउरा	सिङ	सिङ
मासु	स्या	स्या
देवता	ल्हा	ल्हा
आगो	मे	मे
वर्षा	नाम	नाम
गाउँ	ह्यूल	ह्यूल
मासु	स्या	स्या
पिठ्यूँ	ग्याप	ग्याप
घिऊ	म्हार	म्हार
दाउरा	सीङ	सीङ
नसा	चा	चा

४.१.१ मुगाल (मुगुम) भाषाका केही शब्दहरू

नेपाली भाषा	मुगुम भाषा	नेपाली भाषा	मुगुम भाषा
घर	खाङवा	पानी	छ्यु
किताब	धेप	भेडा	ल्हुग
खोला	चाङबु	गुम्बा	घोपा (गोन्पा)
पुरुष	केरग्याल	बाटो	ल्हाम
महिला	केरमेन	आँखा	मिग
दिदी	ई	हाँस्नु	ग्होची

बहिनी	न्हु	आलु	पिन्डाल
कुकुर	की	यार्सागुम्बा	यार्चागुम्बु
भात	ह्योबा	भाषा	के
दाइ	आइ	बारी	स्हिङ
भाइ	न्हो	गहुँ	ढो
भाउजु	सु	भच्याङ	टेहे
छोरा	भिजा	चौंरी	डिउँ
छोरी	भ्वोउ	फूल	म्हेन्दोग
टाउको	गो	पिठो	ढुलु
नाक	ना	तेल	म्होर्गु
घाँटी	ङ्या	तोरी	तोरे
जिब्रो	चे	भैंसी	म्हाइ
गाला	देबा	गोरु	लोङ्
औला	जुगु	बाख्रा	राऊ
कुम	रेदो	पंजा	ल्हेग्दिल
पैतला	तिङ्जा	आँखी भौ	मिक् मिरा
परेला	मिक् जेवाँ	कानेगुँजी	नाओल
गर्दन	ङ्या	रगत	ठाग
पेट	ढोबा	कुखुरा	ज्याउँ
नङ	सेमु	परेवा	पुरेन
रगत	ठाग	पुतली	फेवाँलुङ
चिउडो	ओङ्मा	बंगरा	बुग्सी
पाखुरा	पुङ्बा	नशा	चा
दुध	ह्वाँ	पिठँयु	घ्याप्
कपाल (रौ)	सा	मकै	माकोए

कान	नाम्जोग	धान	स्योम्बा
दाँत	सो	अण्डा	ग्वाँ
नाइटो	ते	ढिडो	फेजेन
खुट्टा	काङबा	तरकारी	पा
ढाड	केबा	सिकाउनु	लोप्जी
शिर	गो	चिया	ज्या
औषधि	मेन	घडेरी	खाँसा
करङ	चिमा	जाँड	छ्याङ
फोक्सो	लोवा	सिमी	ग्यासेन
कलेजो	छिपा	भेडा	ल्हुग
चन्द्रमा	दागार	किरा	बु
हड्डी	रेवा	कमिला	ड्वाँबु
चामल	डे	चरा	ज्ओचुङ्
मुला	ल्हउ	काग	खोरोग
फापर	डोऊ	गधा	भुङगु
पिठो	दुलु	बाघ	जिग
रोटी	कोइ	बञ्चरो	तेरी
माछा	ङ्हा	छुरी	डिई
खुकुरी	दावँ	लौरो	भेर्का
सियो	खाप	थाल	देर्मा
चम्चा	खिबुग	रुख	बुङ
गोरु	लोङ्	भ्याल	कोर्गुङ
घोडा	ता	चितुवा	ताक्

हसियाँ	स्होरा	चक्कु	डिई
बन्दुक	देवाग्	डोरी	थाक्पा
कोदालो	तोक्सी	गलैंचा	डुम्ची
चुल्हो	थाप	ढोका	घो
पर्खाल	चिक्बा	माया	चेवा
गर्मी	छान्दी	हिउँ	रवा
शित	श्हिल्बा	दाम्लो	थाक्पा
पूजारी	कोडेर	घाँस	चा
ताल	छो	खेतवारी	स्हिङ्
राम्रो	ल्हाऊ	जडीबुटी	डोमेन
जानु	डोई	भन्नु	स्हेर्जी
गर्नु	गिजी	दर्गुनु	ग्यू डोई
लेख्नु	डिक्ची	कराउनु	केदोन्जी
बाल्नु	चेजी	बग्नु	ग्यूग्छु
माया	घाइ	सिकाउनु	लोप्जी
विवाह	भालेन	सुत्नु	ङ्याल्जी
तारा	कार्मा	चुचुरो	टुपु
नराम्रो	मेऊ	रुख	बुङ्
सम्बन्ध	डेवा	भारी	खुर्ब
पूजा	सोल्गा	कपडा	गोएलाग्
घाम	डेवा	वर्षा	नाम
वन	र्‍ह	माया	चेवा
घडेरी	खाँसा	गाग्री	गारी
छाना	ह्यान्दा	ढोका	घो
आगो	म्हे	सिरानी	डे
गलैचा	डुम्ची	कचौरा	बोटु
डोरी	थाक्पा	चक्कु	डिई

चितुवा	ताक्	झोपा	झो
बन्चरो	तेरी	बाघ	जिग
गधा	भुङगु	छाउरो	कियु
काग	खोरोग	चरा	ज्ओचुङ्
खाट	ठिई	कम्बल	म्होल्दु
छाला	किची	मृगौला	खाल्मा
धान	स्योम्बा	मकै	माकोए
तोरी	तोरे	लसुन	धोक्पा
अण्डा	ग्वाँ	ढिडो	फेजेन
तरकारी	पा	मासु	स्या
चिया	ज्या	घ्यू	म्हार
जाँड	छ्याङ्	सिमी	ग्यासेन
चौरी	याक्	खच्चड	ङ्अे
गाई	भालाङ्	बोका	राऊ फारा
चल्ला	जोब्डुग	खरायो	भेङ्जी रेवाङ्
माछा	ङ्या	किरा	बु
पोथी	ज्याऊँ	पुतली	फेवाँलुङ्
पाडो	रिऊ	परेवा	पुरेन
कुखुरा	ज्याउँ	खसी	ल्हुग
बाखा	राऊ	भैसी	म्हाइ
रक्सी	रेक्सी	सुकुटी	स्येकाम
दाल	ग्यासेन	जौ	स्वा

४.१.२ मुगाल (मुगुम) भाषाका केही वाक्यहरू

मुगुम भाषाका केही वाक्यहरू

नेपाली भाषा : मङ्सिरदेखि फागुनसम्म मुगु गाउँमा हिउँ पर्छ ।
मुगुम भाषा : ता वी दाने न्हाम्दो दा ठाला मुगुम ह्यूल्दु खा बाउजी दाक ।
नेपाली भाषा : तपाईंको नाम के हो ?
मुगुम भाषा : ख्युइ म्हिनला चिना ?
नेपाली भाषा : तपाईं कुन जातको मान्छे हो ?
मुगुम भाषा : ख्युइ ह्रिग चिना ।
नेपाली भाषा : तपाईंको घर कहाँ हो ?
मुगुम भाषा : ख्युइ खाङपा गोनु हिन्ना ।
नेपाली भाषा : तपाईंले खाना खानुभयो ?
मुगुम भाषा : ख्योराङ ह्योवा जे वे ?
नेपाली भाषा : आज धेरै गर्मी छ ।
मुगुम भाषा : दिरिङ छाँदी जिउ दुग ।
नेपाली भाषा : ल्होसारमा भेटौँ है ।
मुगुम भाषा : ल्होसाररु थुरच्योङ ग्वए ।
नेपाली भाषा : मुगु गाउँमा अन्नबाली कम हुन्छ ।
मुगुम भाषा : म्हुम ह्युल्ला ल्होतोग इह्युमी होङजिदाग ।
नेपाली भाषा : यसपालि व्यापार राम्रो छैन ।
मुगुम भाषा : दालो छोङ ल्हाऊ म्हिन्दुग ।
नेपाली भाषा : म काठमाडौँ बसेको १० वर्ष भयो ।
मुगुम भाषा : ङा भालबुरु देना ल्हो च्यु जुङसोङ ।
नेपाली भाषा : दावा भोलि आउँछ ।
मुगुम भाषा : दावा ङेरोक होङजी दाग ।

नेपाली भाषा : मलाई आफ्नै गाउँ प्यारो लाग्छ । *मुगुम भाषा : ङा ङेरे ह्युल लाहु सेगिदुक गाइदुक (खाइदु) ।*
नेपाली भाषा : हामी आफ्नो भाषामा कुरा गर्न बढी रुचाउँछौँ । *मुगुम भाषा : हे ग्या हेरे केल्हा ल्हाप् सेरजी म्हा गाइदुक ।*
नेपाली भाषा : मुगु गाउँलाई हाम्रो भाषामा मुगुम भनिन्छ । *मुगुम भाषा : मुगु ह्युल्ला मु होए केल मुगुम स्हेर्जी हिन ।*
नेपाली भाषा : नेपाली बजारभन्दा तिब्बती बजार हामीलाई नजिक पर्छ । *मुगुम भाषा : बालह्युल गी ग्यालसाल्हे बोद्गी ग्याल्सा हेल ङे होङजी द ।*
नेपाली भाषा : विश्वव्यापीकरणको प्रभावले हाम्रो संस्कृति मासिँदै गएकामा हामीलाई चिन्ता लागिरहेको छ । *मुगुम भाषा : छि ग्याल गी ऋकसुङ दाङ ल्हुकसो गादी ज्ये जिनी होरे ऋकसुङदाङ ल्हुकसो छाङमा म्हेदार सोङजिनी हे ग्याला दुङाल होइट ।*

४.१.३ मुगाल (मुगुम) भाषामा सात बारको नाम

सात बारको नामलाई मुगुम भाषामा निम्नअनुसार भनिन्छ ।

मुगुम भाषामा सात बारको नाम

आइतबार	आत
सोमबार	स्वाँ
मङ्गलबार	माङ्गल
बुधबार	बुद्
बिहिबार	बिबी
शुक्रबार	सुक
शनिबार	छेन्जेर

४.१.४ मुगाल (मुगुम) भाषामा अङ्क गणना

मुगाल भाषामा अङ्क गणना

१	चिग
२	ञ्यी
३	सुम
४	स्ही

५	ङा
६	ढुक
७	धुन
८	घ्हेत
९	घु
१०	च्यु

तालिका ५: मुगु गाउँमा मातृभाषा बोल्ने वक्ताको सङ्ख्या

गा.वि.स.	मातृभाषा	जनसङ्ख्या		कुल जनसङ्ख्या	प्रतिशत
		पुरुष	महिला		
मुगु	तामाङ	४२३	४४१	८६४	९६.२१
	नेपाली	१४	१४	२८	३.१२
	अन्य	३	३	६	०.६७
जम्मा		**४४०**	**४५८**	**८९८**	**१००**

(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०१४)

मुगु गाउँका कुल जनसङ्ख्याको ९६.२१ प्रतिशतले मुगुम भाषा अर्थात् म्हुवे केलाई मातृभाषाका रूपमा प्रयोग गर्दछन् । त्यसै गरी ३.११ प्रतिशतले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दछन् भने ०.६६ प्रतिशतले अन्य भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दछन् । केन्द्रीय तथ्याङ्क विभागअनुसार मुगाल जातिको कुल जनसङ्ख्या ८६७ मध्ये ८६४ जना अर्थात् ९९.६५ प्रतिशतले आफ्नै मातृभाषा बोल्दछन् भने तीन जनाले बोल्दैनन् । तर व्यवहारमा त्यस्तो देखिँदैनन् । मुगु गाउँका हरेक सदस्यले मुगुम भाषा (म्हुवे के) बोल्दछन् । चाखलाग्दो कुरा, यहाँका गैर मुगालहरूले समेत मुगुम भाषा राम्ररी बोल्दछन् ।[22]

माथि तालिकामा उल्लेख गरिएको तामाङ भाषा नभई मुगुम भाषा हो । तामाङ मुगाल समुदायको भाषा होइन । राज्यले मुगाल जातिलाई तामाङ जातिका रूपमा चिनाएकाले उनीहरूले बोल्ने भाषा तामाङ राखिएको हो । मुगालहरूको मातृभाषा मुगुम अर्थात् 'म्हुवे' हो । त्यसैले माथि तालिकामा उल्लेखित मातृभाषा तामाङ नभई म्हुवे हो ।

४.२ धर्म

धर्म अलौकिक शक्तिमाथिको विश्वास हो । समाजशास्त्री इमाइल दुर्खिम (हारालम्बस तथा होल्वर्न, २००५ मा उद्धृत) का अनुसार धर्मले समाजका सदस्यहरूलाई जोड्ने काम गर्नका साथै धार्मिक मूल्य, मान्यता र आस्थाका माध्यमद्वारा सामाजिक निर्देशन र नियन्त्रण गर्ने कार्य पनि गर्दछ । प्रत्येक कालखण्ड र समाजमा रहेका मानिसहरूले धर्मलाई जीवनको एउटा महत्वपूर्ण अङ्ग मान्दै आएका छन् ।

[22] मुगाल समुदायका सदस्यहरूसँगको छलफल र अन्तरक्रियामा आधारित ।

अहिलेसम्म विश्वमा थुप्रै धर्महरू स्थापित भइसकेका छन् र हरेक धर्मका आ-आफ्नै नैतिक मान्यताहरू छन् ।

मुगालहरू बौद्ध धर्ममा आस्था राख्दछन् । मुगुमा बौद्ध धर्मलाई कोन्चोक गोन्बोले १३औँ शताब्दीमा भित्र्याएका हुन् ।[23] यो भन्दा अघि यिनीहरू बोन धर्ममा विश्वास गर्दथे । मुगुमा केही लामाहरू कग्यूप र केही शाक्यप सम्प्रदायको रहेपनि बहुसङ्ख्यक लामाहरूले बौद्ध धर्मको निङ्मपा सम्प्रदायलाई अनुसरण गर्दछन् ।

तस्बिर १०. मुगु गाउँमा अवस्थित भगवान् बुद्धको मूर्ति

मुगालहरू बढी धार्मिक हुन्छन् । त्यसैले यिनीहरूको मुख्य बसोबास रहेको मुगु गाउँमा थुप्रै गुम्बाहरू, छ्योर्तेन (स्तुपा), चिटिम (माने) हरू निर्माण गरेका छन् । यिनीहरू बसाइँसराइ गरी गएको ठाउँहरूमा समेत गुम्बा तथा छ्योर्तेनहरू बनाउने गर्दछन् ।

[23] खेन्पो लोड्रो राबसल र हिसेफिल्केसँगको कुराकानी (२०६८/६९) तथा मुगुम स्टोरी (२००७) मा आधारित ।

मुगालहरूको सबै खालका सामाजिक तथा सांस्कृतिक विधि/व्यवहार बौद्ध धर्म विधिअनुसार गरिन्छन् । धर्मप्रति बढी आस्थावन मुगालहरू मुगु गाउँदेखि काठमाडौँसम्म बौद्धनाथ र स्वयम्भूनाथको दर्शन गर्नसमेत आउने गर्दछन् । धार्मिक अनुष्ठानका लागि मुगु गाउँमा झण्डै एक दर्जन गुम्बाहरू, एउटा ठूलो बुद्धको मूर्ति र थुप्रै स्तुपाहरू र मानेहरू स्थापना गरेका छन् । त्यसैले यस गाउँलाई गुम्बै गुम्बाको गाउँको रूपमा समेत चिनिन्छ ।

धर्ममा बढी आस्था र विश्वास राख्ने मुगालहरू धर्म कमाउने ध्येयले धेरैजसोले आफ्नै गुम्बा बनाउने गर्दछन् । यस्ता गुम्बाहरू निजी लगानीमै निर्माण र व्यवस्थापन हुने गर्दछन् । बौद्ध धर्मका अनुयायी मुगालहरू आफ्ना बालबच्चालाई लामा पढाउन गुम्बामा पठाउने गर्दछन् । मूलधारको शिक्षामा भन्दा यिनीहरू धार्मिक शिक्षालाई बढी प्राथमिकता र विश्वास गर्दछन् । त्यसैले मुगु गाउँमा मूलधारको शिक्षा लिनेभन्दा धार्मिक शिक्षा लिनेको सङ्ख्या बढी पाइन्छ । यहाँ मूलधारको उच्च शिक्षा उतिर्ण गर्नेको सङ्ख्याभन्दा बौद्ध दर्शनमा उच्च शिक्षा हासिल गर्नेहरूको सङ्ख्या बढी रहेका छन् । मुगालहरू आफ्ना छोरा तथा छोरी दुवैलाई बौद्ध दर्शन अध्ययन गर्न काठमाडौँ तथा भारतका विभिन्न गुम्बाहरूमा पठाउने गर्दछन् ।

धेरैजसो हिमाली समुदायमा माहिलो छोरालाई लामा बनाउने प्रचलन रहे पनि मुगाल समुदायमा भने घरको जेठो छोरालाई लामा बनाउन र अन्यलाई घर व्यवहार तथा व्यापारमा लगाउन चाहन्छन् । पहिले यस्तो परम्परा धेरै प्रचलनमा रहे पनि अहिले मुगाल परिवारका जुनसुकै छोरा पनि लामा बन्न सक्दछन् । लामा बनाउन चाहनुको कारण एकातिर सामाजिक प्रतिष्ठा हुने र अर्कोतिर पापबाट मुक्त भई

धर्म कमाउनु हो । बौद्ध दर्शनको विभिन्न तहहरूको अध्ययनपछि मुगालहरू खेन्पो, लोपेन, चुन्बा, लामा, आनी आदि बन्ने गरेका छन् ।

तस्बिर ११. धर्म कमाउनको लागि बनाइएका माने

४.३ गुम्बा व्यवस्थापन

गुम्बा बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो । सत्प्रतिशत मुगालहरू बौद्ध धर्ममा आस्था राख्दछन् । मुगु गाउँमा दुई वटा सार्वजानिक र आठ वटा निजी गरी दश वटा गुम्बाहरू रहेका छन् ।[24] सार्वजानिक गुम्बा नेपाल सरकारअन्तर्गत रहेको गुम्बा विकास सेवा समिति र गाउँपालिकामा प्राप्त रकम तथा गाउँलेहरूको सहयोगले सञ्चालित हुन्छन् । निजी गुम्बा भने निजी आर्थिक स्रोतबाट नै सञ्चालन हुन्छन् । सार्वजनिक गुम्बाको आफ्नै व्यवस्थापन समिति हुने गर्दछ ।

[24] गुम्बाहरूको नाम अनुसूची २ मा राखिएको छ ।

गुम्बा व्यवस्थापन समितिको अध्यक्ष गाउँको पाको लामा हुने गर्दछ । सबैभन्दा पाको व्यक्ति नै गुम्बाको मूल लामा बन्ने गर्दछ । प्रत्येक गुम्बामा पालैपालो गरी पूजापाठ गरिन्छ । पूजापाठको समयमा सम्पूर्ण गाउँलेहरू जम्मा भई धर्म कमाउने गर्दछन् । यस प्रकारको कार्यले मुगाल समुदायमा सामाजिक एकता कायम भएको पाइन्छ ।

तस्बिर १२. मुगु गाउँमा अवस्थित सेरखाङ (वचन बोल्ने) गुम्बा

४.४ मुगाल समुदायको तीर्थस्थल

मुगालहरूको व्यवहार धार्मिक प्रकृतिका हुन्छन् । धर्ममा धेरै आस्था राख्ने र विश्वास गर्ने यिनीहरू जीवनमा कम्तीमा पनि एक पटक स्वयम्भू तथा बौद्धनाथको दर्शन गर्नुपर्ने विश्वास राख्छन् । स्वयम्भूनाथ, बौद्धनाथ, छाँयानाथ, नमोबुद्ध, लुम्बिनी तथा भारतको बोधगया मुगालहरूको प्रमुख धार्मिक तीर्थस्थलहरू हुन् ।

४.५ मुगाल समुदायका देवीदेवताहरू

बौद्धमार्गी मुगाल समुदायले विभिन्न देवीदेवतालाई मान्ने गर्दछन् । यिनीहरू शाक्यमुनि बुद्ध (बुद्ध धर्मका संस्थापक), अवलोकितेश्वर (चेन्ग्रेसिक)[25], मन्जुश्री[26], पद्मसम्वत (गुरु रेम्पोर्छे)[27], महाकाल[28], तारा(देवी)[29] आदि देवीदेवताहरूको पूजाआजा गर्ने गर्दछन् ।

[25] अनुकम्पाको बोधिसत्व

[26] बुद्धि/ज्ञानको बोधिसत्व

[27] तिब्बती बौद्ध धर्मका संस्थापक

[28] संरक्षक देवता

[29] ताराका पाँच रूपहरू छन्: हरियो, सेतो, निलो, रातो र पहेंलो तारा । उनी एक महान रक्षकको रूपमा मानिन्छन्; जसले मानिसहरूलाई जीवनका आठ प्रमुख खतराहरूबाट जोगाउँछन् । ती हुन्- गर्व, भ्रम, क्रोध, ईर्ष्या, गलत दृष्टिकोण, लोभ, इच्छा र शंका ।

अध्याय : पाँच

संस्कार, रहनसहन र परम्परा

संस्कार मानव जीवनलाई अनुशासित बनाउने माध्यम हो । संस्कारको पालनाले नै मानव जीवनलाई पूर्णता बनाएको हुन्छ । संस्कारले व्यक्तिलाई सामाजिकीकरण गराउने एउटा महत्वपूर्ण माध्यम हो । यसले जीवन जिउने तरिका सिकाउँदछ । संस्कार मानव समाजलाई नियमित तथा एकीकृत रूपमा अगाडि बढाउनका लागि विकास गरिएका नियम हो । हरेक समुदायका आआफ्ना विशिष्ट संस्कारहरू रहेका हुन्छन् । ती संस्कारहरूमा फरक-फरक संकेतहरू प्रयोग हुने गर्दछ र प्रत्येक संकेतका अलग अलग अर्थ रहेका हुन्छन् । संस्कार गर्भाधानदेखि मृत्यु पछिसम्म पनि मानव शरीरलाई पवित्र पार्ने माध्यम हो ।

मुगाल समुदायका सदस्यहरूलाई पूर्णता बनाउनका लागि विभिन्न संस्कारहरू विकास गरिएको पाइन्छ । यो समुदायमा प्रचलित विभिन्न संस्कारहरूमध्ये प्रमुख पाँच संस्कारहरूबारे यस अध्यायमा चर्चा गरिएको छ ।

५.१ जन्मसंस्कार

मुगालहरू बौद्धमार्गी हुन् । उनीहरूको सामाजिक विधि र संस्कार बौद्ध धर्ममा आधारित हुन्छन् । जन्मसंस्कारमा लामा गुरुहरूको महत्वपूर्ण भूमिका हुने गर्दछ । मुगाल समुदायमा नयाँ शिशुको जन्म भएपछि सबैभन्दा पहिले तातो पानीले नुहाइन्छ । जसलाई ठुइ गरेको भनिन्छ । शिशु जन्मेको यत्ति नै दिनमा नाम राख्ने भन्ने चलन मुगालहरूमा हुँदैन । नामकरण एक वर्षभित्र लामाको साइतअनुसार

कुनै पनि दिनमा राख्न सकिन्छ । यद्यपि धेरै जसो शिशु जन्मेको केही दिनपछि नामकरण गर्ने गरिन्छ । त्यसलाई साँ भनिन्छ ।

बच्चाको जन्मसंस्कार अर्थात् न्वारान गर्नका लागि लामालाई बोलाइन्छ । सामान्यतः सुत्केरी भएको सात दिनभित्र साइत हेरेर साङ[30] पूजा गर्ने चलन रहेको छ । पूजाको दिन लामा गुरुले नवजात शिशुका लागि आशीर्वाद तथा शुभकामना दिने र शिशुको नाम राख्ने गरिन्छ । त्यसदिन घर सरसफाइ गरी शिशु र सुत्केरीलाई तातो पानीले नुहाइ चोख्याउने गरिन्छ । सुत्केरी चोख्याउँदा विभिन्न जडिबुटी तथा झारपातको धूप बाल्ने गरिन्छ । यसो गर्दा भूतप्रेतजस्ता हानिकारक तत्वहरू र अन्य हानिकारक जीवाणुहरूको समेत नष्ट भई सुत्केरी आमा र बच्चा दुवैलाई स्वस्थ बनाई राख्छ भन्ने मान्यता रहेको छ ।

शिशुको नाम ग्रह-दशा, नक्षत्र र तिथिअनुसार राखिन्छ । मुगाल समुदायमा बच्चा जन्मेको साल, महिना, बार, स्थान र समयलाई ख्याल गर्ने चलन छ । यसैको आधारमा बच्चाको चरित्र, व्यवहार, अध्ययन आदिबारे भविष्यवाणी गर्ने गरिन्छ । यो समुदायमा छोरा जन्मेमा दावा, पेमा, छिरिङ, उर्गेन, कर्म, सोनामजस्ता नाम राख्ने प्रचलन छ भने छोरीको म्हिन्जोङ, साङ्मु, डोल्माजस्ता नाम राख्ने प्रचलन छ ।

साङ पूजाको दिन छिमेकीहरू सातु र छ्याङ लिइ आउने गर्दछ । मुगाल समुदायमा सुत्केरीलाई प्रशस्त मात्रामा सातु र घ्यू खुवाउने प्रचलन रहेको छ ।

[30] सुत्केरी चोख्याउने संस्कार ।

५.२ विवाहसंस्कार

विवाह मानव जीवनको महत्वपूर्ण संस्कारमध्ये एक हो । यो सामाजिक संस्थाले मानव समाजलाई निरन्तरता दिनका लागि महत्वपूर्ण योगदान दिएको हुन्छ । यसले समाजलाई संगठित र नियन्त्रित तवरबाट अगाडि बढ्न सघाउ पुऱ्याउँदछ । विवाहबाट नै परिवार तथा नातासम्बन्ध जस्ता आधारभूत सामाजिक संस्थाहरूको विकास भएको हुन्छ ।

विवाहसंस्कार सबै समाजमा सार्वभौम रूपमा रहेको छ । तर प्रत्येक समुदायमा यो संस्कार सम्पन्न गर्ने विधिहरू भने आ-आफ्नो समुदायको रीतिरिवाज र चालचलनअनुसार फरक-फरक रूपमा सम्पन्न हुने गर्दछ ।

मुगाल समुदायमा केही वर्ष अघिसम्म धेरै मात्रामा बालविवाह गर्ने प्रचलन थियो । शिक्षा, चेतना, बसाइँसराइ, आधुनिकीकरण आदिका कारण अहिले यो प्रचलनमा केही कमी आएको देखिन्छ । सामान्यतः ६/७ वर्षकै उमेरमा विवाह गर्ने चलन यस जातिमा रहेको पाइन्छ । केटाले धेरैजसो आफूभन्दा ५/६ वर्ष जेठी उमेरकी केटीसँग विवाह गर्ने गर्छ । यसो गर्नका कारण मुगालका अभिभावकहरू काम गर्ने लोभले ५/६ वर्षकी जेठी बुहारी भित्र्याउन मन पराउँछन् । विवाहित महिलाको उमेर कम छ भने दिनभरि श्रीमानको घरमा सकेको काम गर्ने र साँझ आफ्नै माइत जाने गर्दछन् । १६/१७ वर्ष उमेर पुगेपछि मात्र सधैँका लागि श्रीमानको घरमा बस्ने चलन छ । हाल यस्तो प्रचलन कमै मात्रामा पाइन्छ ।

वैवाहिक सम्बन्ध गाउँभित्रै हुने गरेकाले एक अर्काको घरमा आवश्यक सहयोग आदानप्रदान गर्न सजिलो हुन्छ । यसले मुगालहरूको

नातासम्बन्ध प्रगाढ र बलियो बनाएको छ । अन्य जनजाति समुदाय (तामाङ, गुरुङ, मगर आदि) मा जस्तै मुगाल जातिमा पनि मामाचेला, फूपूचेली विवाह गर्ने/हुने प्रचलन रहेको पाइन्छ ।

तस्बिर १३: मुगाल जातिको वैवाहिक संस्कार । फोटो: दावा लामा (मुगुम)

मुगाल समुदायमा विशेष गरी तीन प्रकारका विवाहसंस्कार प्रचलनमा रहेका छन् । ती निम्नअनुसार छन्-

१. मागी विवाह
२. भागी (प्रेम) विवाह र
३. जारी विवाह

५.२.१ मागी विवाह

मागी विवाह मुगाल समुदायमा सबैभन्दा बढी प्रचलित विवाह हो । यस समुदायको मागी विवाहसंस्कार आफ्नै किसिमको छ ।

यिनीहरूमा ६/७ वर्षमै केटाकेटी माग्ने र १५/१६ वर्ष उमेर पुगेपछि विवाह गर्ने प्रचलन रहेको छ। केही वर्ष अघिसम्म मुगु गाउँका धेरैजसो मुगाल युवायुवतीको १५/१६ वर्षको उमेरमा विवाह भइसकेको हुन्थ्यो। अहिले भने यो समुदायमा ढिलो विवाह गर्ने चलन बढ्दै गएको देखिन्छ।

मागी विवाहसंस्कारमा सबैभन्दा पहिले केटाको घरबाट दुईजना मान्छे नातेदार विशेषतः काका र मामा लमीको रूपमा पठाउँछन। केटी माग्न जाँदा एउटा ठेकी (पारी) को मुखमा तीन छेउमा घिउको टसी लगाएर घाँटीमा गजनी (कपडा) बाँधेर भित्र छ्याङले भरेर लगिन्छ। केटीका आमाबाबुलाई केटा र केटी दुवैको प्रशंसा गर्दै उक्त सगुन (कोसेली) स्वीकार गर्न अनुरोध गरिन्छ। केटी दिन आनीकानी गरे विभिन्न प्रकारले प्रशंसा गरी दोहोऱ्याइ तेहेऱ्याइ अनुरोध गर्ने गरिन्छ। यदि केटी दिन मन्जुर भए उनीहरूले त्यो सगुनलाई स्वीकार गर्दछन् र नदिने भए त्यो सगुन फिर्ता गर्ने गरिन्छ।

केटी दिने कुरा निश्चित भए पनि मुगाल समुदायमा तुरुन्तै विवाह गर्ने चलन छैन। विवाहका लागि मन्जुर भएपछि ढिलोमा ५/६ वर्ष र छिटोमा एक वर्षभित्र विवाह गर्ने चलन छ। विवाहसंस्कार सम्पन्न नभइन्जेल केटीका आमाबाबु तथा काका र मामालाई केटा पक्षले खाना (मासु र छ्याङ) खुवाउनुपर्दछ। यो कार्य वर्षको दुईपटक जेठ/असार वा कार्तिक/मङ्सिरमा गरिन्छ। यस चलनलाई मुगाल भाषामा काँकोक भन्दछन्। बिहेको साइत लामा वा काका र मामाले हेर्दछन्।

विवाहका दिन बेलुका केटापट्टिका नातेदारहरू बेहुलाको घरमा जम्मा हुन्छन्। जम्मा भएका पाहुनालाई गीतद्वारा स्वागत गर्दछन्। स्वागत गीत नजिकको आफन्तहरूले गाउने गर्दछन्। यदि आफन्तले

गाउँन जान्दैनन भने जान्ने मान्छे ल्याउने गर्दछन्, जसलाई मुगालहरू *गोवा*[31] भन्ने गर्छन् । मुगाल जातिको विवाहका अवसरमा गाइने स्वागत गीतमा यस प्रकारको भाव रहेको हुन्छ ।

ग्रुङेन थोबु ला छ्यइना म्हाङसु ठुँ

जोम्बी नाङदु इहिला सोङ्जेन दाङज्यू

जोम जोम सेराता जोम्बी होसाङ ठा ज्ञा

जोम्बी गाटेन इह्याम का बिला थेना ज्यू

नेपालीमा भावानुवाद

आकाश अग्लोमा पनि धर्तीमा जस्तै माटो

घाँस हुन्छ । त्यहीँ जम्मा भएको भित्र सूर्य छ ।

चन्द्रमा, तारा, बादल जम्मा भयो

जम्मा भएकोलाई स्वागत

खुसी भएर मन शान्त भयो ।

गोवा संस्कारविज्ञ भएकाले उनलाई भलाद्मीका रूपमा चिन्ने गरिन्छ । विवाहको समयमा बेहुला र बेहुली दुवैतिर गोवा राख्ने चलन छ । बेहुलापट्टिको गोवालाई इ्याबा र बेहुलीपट्टिकालाई इ्योर्तु भनिन्छ । त्यसै गरी मुगाल भाषामा बेहुलालाई बाक्पा सार्पा र बेहुलीलाई बाङ्मा सार्पा भनिन्छ ।

पाहुनाहरूलाई खानपिन गराइसकेपछि राती १२ बजेतिर बेहुली लिन जन्ती जान्छन् । जन्तीहरू १८/२० जनाको सङ्ख्यामा हुने

[31] संस्कारविज्ञ/विवाह कार्यक्रममा गीत गाउन जान्ने व्यक्ति ।

गर्दछन् । मुगाल समुदायमा बेहुली लिन जाँदा बेहुला नजाने परम्परा रहेको छ । जन्ती केटीको घरमा पुगेपछि स्वागत गर्नका साथै गीतको जुहारी खेलिन्छ । जुहारीलाई नेतृत्व गर्ने काम ङ्योर्तुले गर्दछन् । गीतको जुहारी यसप्रकारको हुन्छ ।

ठिम सुम्बा थोर्बा टासी ङ्यारचो छो

ङेन सेन्बारी स्ह्युगता

मी लानी तेना ला डाङु ता लानी तेना

सिङगी ङा सिन्ता ला स्योनबा छो

ङेन सेन्बारी स्ह्युगला

खेगीमा धँदा ह्योङ ह्योङबा

माने ह्योङ दोनुग डोडो पा गोनु डो

खेगीमा कुदोन घाना ह्योत्

सासा पाची गाना ह्योत्

टुङ्टुङ् पाजी गाना ह्योत्

किलकिल पाजी गाना ह्योत्

नेपालीमा भावानुवादः

कानून थितिअनुसारको जन्ती सबैले

कान सुनी बस्नुहोला

मान्छेलाई देख्दा भगवानजस्तो

घोडालाई देख्दा सिंह बाघजस्तो

बाघमा चढेको भगवान सबै

कान सुनी बस्नुहोला

तपाईंहरू आज कहाँबाट आउनुभयो ?

तपाईंहरूको यहाँ के काम छ ?

घरमा जम्मा गरेको सम्पत्ति कहाँ छ ?

ङ्योर्तुले यसरी गीतबाट प्रश्न राखेपछि बेहुलापक्षको ङ्याबाले निम्नअनुसारको जवाफ फर्काउने गर्दछ ।

ठिम सुम्बा थोबी टासी ङयोरतुँ छो

डेन सेन्बारी स्ह्युगला

मी लानी ला डा

ता लानी तेना सिङ्गी डा

सिङ्ता ला स्योन्बा छो

डेन सेन्बारी स्ह्युगला

डे किमा धाता ह्योङ ह्योङपा

स्यास्यो ल्हामुने ह्योङ ल्हामु रु डो

डे कीमा कुदोन देना ह्योत

गुकीमा स्ह्युङमु देना ह्योत

फाप्साङकी दोमु ल्हेन्दु ह्योङ

स्याङसाङ्की छामु ल्हेन्दु ह्योङ

छ्याङ् तुँ तुँ बाङ्मा रु तोङ्दु ह्योङ

ह्योपा जेजे ल्हाङमा रु तोङदु ह्योङ

सासा पाजी देना ह्योत

टुङ्टुङ् पाजी देना ह्योत

किलकिल पाजी देन ह्योत

नेपालीमा भावानुवाद

थितिअनुसारको बेहुलीको माइतीलाई

कान सुनी बस्नुहोला ।

मान्छेलाई हेरे भगवानजस्तो

घोडालाई हेरे सिंह बाघ जस्तो

सिंह बाघलाई चढेको मानिसहरू

कान सुनी बस्नुहोला ।

हामीहरू अहिले पूर्वबाट आएको

हामीहरू जाने अहिले पश्चिममा

हामीहरूको काम यहीँ छ

निहुरेको बाण यहीँ छ

खानदान राम्रो बाबुको छोरी लिन आएको

मावलीको भान्जी लिन आएको

मासु खाएको हड्डी बनाउन आएको

छ्याङ् खाएको कड बनाउन आएको

भात खाएको सिता बनाउन आएको

हाम्रो सम्पत्तिको ठाउँ यहीँ छ र ।

ड्योर्तु र ड्याबाबीचको जुहारी/दोहोरी लामो समय अर्थात् १२ घण्टाभन्दा पनि बढी समय पनि चल्ने गर्दछ । बाहिरी दोहोरी चलिरहँदा भित्र दुलही तयार पार्ने काम हुन्छ । विवाहका लागि चाहिने आवश्यक लुगालगायत गरगहनाको व्यवस्था बेहुलीपक्षले नै गर्ने गर्दछन् । बेहुलापक्षले बेहुलीलाई सुनको गहना '*यूँ*' बाहेक अन्य केही पनि दिनु नपर्ने चलन मुगाल समुदायमा छ ।

बेहुली ल्याएपछि जन्तीहरू घरभित्र पस्नुअघि केही विधिहरू पूरा गर्नुपर्दछ । बेहुलीसहित जन्तीहरू आँगनमा उभिएर बस्नुपर्दछ । तिनीहरूमध्ये कान्छा जन्तीले बेहुलीलाई ढाडमा बोकेर ल्याउँछ । बेहुलीसँगै उनका साथीहरू पनि बेहुलाको घरमा आएका हुन्छन् । मन्त्र पढी लामाले दुलहीसँगै आउन सक्ने भूतप्रेतलाई भगाइदिने गर्दछ । त्यसपछि बेहुला बाहिर निस्कन्छ । उसँग एउटा धनुषवाण हुन्छ । दुलहीको पछ्यौरा (ड्योङयु) लाई जन्तीले तानेर बेहुलाको अगाडि ढालजस्तो तारो बनाई दिन्छन् र दुलहाले आफ्नो धनुषवाणले दुलहीको त्यस तन्काएको पछ्यौरालाई हान्ने गर्दछ । त्यसपछि दुलहा र लामा भित्र जान्छन् । त्यसपछि दुलाही लिन सासू बाहिर आउँछिन् र घिउको टीका लगाई स्वागत गर्दै दुलाही भित्र्याउँछिन् ।

मुगाल समुदायमा छोरीको विवाहमा माइतीले बटुका, गाग्रीजस्ता भाँडाकुँडालगायत सुन, मुगाको माला आदि उपहार दिने चलन रहेको पाइन्छ । छोरीलाई नयाँ घर चलाउन सजिलो होस् भन्ने हेतुले यस्तो कोसेली दिइएको देखिन्छ । यस समुदायमा भाञ्जाको

बिहेमा मामाले अनिवार्य रूपमा सुनको गहना उपहार दिने चलन छ। यस गहना/उपहारलाई मुगाल भाषामा ओल्जुँ भनिन्छ।

मुगाल समुदायमा बुहारी दिउँसो घरमा काम गर्छे र राति लोग्ने र परिवारसँग नबसी माइतमा फर्कन्छे। फेरि बिहानै उठेर लोग्नेको घर आउँछे। यो कार्य प्रायः बच्चा नपाउञ्जेल चलिरहन्छ। बच्चा पाएपछि मात्रै नियमित रूपमा श्रीमान्सँग घरमा बस्न थाल्दछे।[32]

५.२.२ भागी (प्रेम) विवाह

भागी विवाह नेपालका धेरैजसो आदिवासी जनजाति समुदायहरूमा प्रचलनमा रहेको पाइन्छ। यो विवाह मुगु गाउँका मुगाल समुदायमा पनि अभ्यासमा रहेको छ। विभिन्न धार्मिक तीर्थस्थलहरूमा मेला भर्न जाँदा केटाकेटीबीच चिनजान भई एक अर्कालाई मन पराउने गर्दछन्। र अभिभावकको स्वीकृति विना केटीलाई केटाले लाने गर्दछन्। केटीलाई माइती पक्षले देख्छ भनेर घरभन्दा टाढा गोठ वा जङ्गलमा लुकाएर राख्छन्। पछि खुला रूपमा विहे गर्छन्। यदि केटालाई केटीको माइती पक्षले मन पराएन वा केटीलाई केटाको घर पक्षले मन पराएन भने केटा केटीलाई छुट्टाउने कोसिस गर्दछन् र यो कार्य असफल भयो भने पछि केटा पक्षले केटा केटी दुवैलाई घरमा भित्र्याई केटाको आमाले दुवैलाई घ्यूको टीका निधारमा लगाई दिन्छन्। यदि घरमा आमा रहेनछ भने सो कार्य जेठी दिदी वा बहिनीले गर्ने प्रचलन रहेको छ। त्यसपछि सातु, घ्यू र छ्याङ खुवाउने गरिन्छ। यो विधिपछि केटाकेटीले औपचारिक रूपमा श्रीमान श्रीमतीको हैसियत प्राप्त गर्दछ।

---

[32] विवाहसम्बन्धी जानकारी मुगु गाउँका मुगालहरूसँगको कुराकानीका साथै पाँडे (२०३४), शाही (२०५८), तामाङ (२०६३) र गौतम तथा थापा-मगर (१९९४) मा आधारित।

माथिका संस्कार सम्पन्न भइसकेपछि केटा पक्षका मानिसहरू केटीको माइत पक्षलाई बोलाउन केटीको माइतीमा जान्छन् तर केटीका आमाबुबा रिसाउने गर्दछन् । यद्यपि अन्तमा निम्तोलाई स्वीकार गरी छोरीको घरमा आउने गर्छन् । त्यसदिन केटाको घरमा भोज खुवाइ विवाहको औपचारिक समापन गर्दछन् ।

५.२.३ जारी विवाह

अर्काकी श्रीमती भगाएर विवाह गर्ने संस्कारलाई जारी विवाह भनिन्छ । जारी विवाहको प्रचलन नेपालको धेरैजसो जनजाति समुदायमा पाइन्छ । मुगाल जातिमा पनि चालीस/पचास वर्ष पहिले यो विवाह प्रचलन रहेको देखिन्छ । अचेल यो प्रचलन प्रायः बन्द भएको छ । मुगाल जातिको जारी विवाह प्रथा आफ्नै किसिमको थियो । जारी विवाहमा अर्काकी श्रीमती भगाएर लाने गरिन्थ्यो । यसो गर्दा आफ्नो श्रीमती लाने जारलाई पहिलेको जार (श्रीमान) ले कुटपिट तथा झगडा गर्ने गर्दथ्यो र यसबखत जार सहेर बस्ने चलन मुगाल समुदायमा रहेको थियो । अरूको श्रीमती ल्याउने जारलाई समाजको नियमअनुसार ४० हजार रुपैयाँसम्म जारी तिराउने चलन थियो ।[33] पहिले विवाह गर्दा लागेको खर्च र दुलहीलाई दिएको गरगहणा र लत्ता कपडा आदिको मूल्याङ्कन गरी जारी तोक्ने चलन रहेको थियो ।

चाखलाग्दो कुरा, मुगाल जातिमा छोरा नहुनेले ज्वाइँ माग्न जाने चलन पनि पाइन्छ । ज्वाइँ माग्न जाँदा बुहारी माग्न जाँदाको जस्तो सबै रीत भने पूरा गरिरहनु पर्दैन । तर धेरैजसो रीत पूरा गर्नुपर्दछ, जुन बुहारी माग्न जाँदा गर्नुपर्ने हुन्छ । यो समुदायमा बहुपत्नी विवाहको प्रचलन कमै मात्रामा हुने गरिन्छ । हिमाली समुदाय भए पनि

---

[33] स्थानीय मुगाल समुदायमा गरिएको सामूहिक छलफल तथा तामाङ (२०६३) मा आधारित ।

अन्य हिमाली क्षेत्रका केही समुदायहरू गोरखा जिल्लाको लार्के (नुप्री), मुस्ताङ जिल्लाको गुरुङ, डोल्पा जिल्लाको भोटे, सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्रका शेर्पा र हुम्ला जिल्लाको भोटे लामा समुदायमा प्रचलनमा रहेको बहुपति विवाह प्रथा मुगाल समुदायमा भने प्रचलनमा रहेको पाइदैन (*हेर्नुहोस्* शेर्पा, २०६८; सौर्य अनलाइन, २०७२; बुढा, २०७६; प्रतीक्षा, २०७५ र घर्ती, २०७६)।

५.३ मृत्युसंस्कार

हरेक जातजातिको आ-आफ्नै मृत्युसंस्कार रहेका हुन्छन्। मुगाल जातिको मृत्युसंस्कार पनि आफ्नै किसिमको रहेको छ। मुगालहरूको दाहसंस्कार लामा पात्रोअनुसार गर्ने गरिन्छ। गाउँमा कोही मान्छे नबाँच्ने स्थिति भयो र मृत्यु हुन लाग्यो भन्ने लागेपछि लामा बोलाइने चलन छ। लामाले मेन्डुप[34] पानीमा भिजाएर मुखमा हालिदिन्छ। यसो गर्दा स्वर्गमा बास हुन्छ भन्ने विश्वास मुगालहरूमा रहेको पाइन्छ।

बिरामीको मृत्यु भइसकेपछि केही समयसम्म जुन ठाउँमा सास गएको त्यहीँ राखिन्छ। केही समयपछि मृतकको जिउमा कपडा फेर्ने काम हुन्छ र लाशलाई सेतो कपडाले छोपिन्छ। मृतकलाई खादा, पैसा पनि चढाइन्छ। मृत्युपछि लामाहरूलाई बोलाइन्छ। लामा आइसकेपछि फोवा[35] गर्ने काम हुन्छ। त्यसपछि लामाले मृत्यु भएको बार राम्रो वा नराम्रो हेर्ने गर्छ। यदि बार नराम्रो छ भने दुई दिनसम्म पनि लाश घरमै राखिने चलन छ। मुगाल समुदायमा शनिबार र बुधबारको दिनलाई नराम्रो बारका रूपमा लिने गरिन्छ। मुगालहरूको दाहसंस्कार

[34] मर्ने व्यक्तिलाई उसको मृत्यु हुनुभन्दा केही क्षण अघि खुवाउने एक प्रकारको प्रसाद।
[35] मृतकको आत्मालाई शान्ति मिलोस् भनी लामा गुरुद्वारा गरिने एक किसिमको संस्कार।

एकै ठाउँमा गर्ने चलन छैन । लामाले पात्रो हेरेर शुभ दिशा पत्ता लगाउँदछ ।

निश्चित विधि सकेपछि लाशलाई घरबाट बाहिर निकालिन्छ । लाशलाई जिउँदो मान्छेलाई जस्तै गरी ढाड फर्काएर बोकेर लाने गरिन्छ । लाशलाई चुन्बा[36]ले घरदेखि केही परसम्म बोक्छ । त्यसपछि मलामीहरूले *ग्योबा*[37] मा राखेर बोकेर लान्छन् । लामाहरूले विभिन्न बाजा बजाएर जस्तै ङा[38], छ्यालम[39], ग्यालिङ[40], स्याङ (डिल्बु)[41], काङ्लिङ[42] आदि बजाएर लाशलाई चिहानसम्म पुऱ्याउँछन् । लाश जलाउनका लागि सबैजना मिलेर दाउरा बोक्ने गर्दछन् । चिहानमा पुऱ्याएपछि मृतकलाई भुइँमा राखिन्छ र लामाले आफ्नो संस्कार सम्पन्न गर्दछ । त्यसपछि लाशलाई जलाउने काम सुरु हुन्छ । लाश जलाउँदा मृतक बोक्ने चुन्बाले आगो लगाउनुपर्दछ । आगो लगाएवापत् चुन्बालाई मृतकको भागको कुनै सम्पत्ति चढाउनुपर्ने चलन चलिआएको पाइन्छ ।

मुगाल समुदायमा छोराले दागबत्ती दिने चलन छैन । दागबत्ती दिइसकेपछि लामा र मलामी फर्कन्छन् । एक/दुई घण्टापछि लाश सबै जलेको नजलेको हेर्न गइन्छ । लाश जल्न बाँकी रहेछ भने पछि दाउरा लिएर गएर जलाउनुपर्छ ।

---

[36] लामा हुनुभन्दा पहिलेको पद ।

[37] मृतकको लाश राख्न बनाइएको काठको एक प्रकारको बाकस ।

[38] गाई वा भैंसीको छालाले बनेको ड्याङग्रो । जसलाई बजाउनको लागि विशेष प्रकारको लट्ठीको प्रयोग गरिन्छ ।

[39] काँस तथा तामाले बनाएको एक प्रकारको बाजा, जुन छुट्टाछुट्टै दुईवटा टुक्रा हुन्छन् र ती टुक्राहरू एकआपसमा घर्षण गरेर बजाइन्छ ।

[40] एक प्रकारको तिब्बतीयन मुरली (बाँसुरी) जुन काँठ, काँस आदिबाट बनाइएको हुन्छ ।

[41] घण्टी

[42] मृत्यु भएको व्यक्तिको खुट्टाको हड्डीबाट बनाएको एक प्रकारको बाजा ।

मृत्यु भएको तीन दिनपछि एकजना साथी लिएर मृतक बोक्ने चुन्बा चिहानमा जाने गर्दछ । चिहानबाट जलेको हड्डी र खरानी ल्याई कर्णाली नदीमा फ्याँक्ने गर्दछ । यसो गर्दा मृतकको आत्माले शान्ति पाउँछ भन्ने विश्वास रहेको पाइन्छ ।

मुगालहरूको सद्गत गर्ने चलन एकनाशको हुँदैन । लामा गुरुको सल्लाहअनुसार कुनैलाई काग वा गिद्धलाई खुवाउने त कुनैलाई माछालाई खुवाउन पानीमा बगाउने प्रचलन रहेको छ । कागलाई खुवाउँदा उनीहरूको भोक शान्त हुन्छ र मृतकले अर्को जुनीमा मुक्ति पाउँछ भन्ने विश्वास रहेको पाइन्छ । पानीमा फ्याँक्दा त्यहाँभित्रको माछालगायत विभिन्न जीवहरूले खान पाओस् र धर्म कमाउन सकियोस् भन्ने विश्वास मुगालहरूमा रहेको छ । मृतकको शरीरलाई टुक्रा-टुक्रा पारेर डाँडामा वा नदीमा फाल्ने चलन पनि मुगाल जातिमा पाइन्छ ।

मुगाल समुदायमा मृतकको लाशसँगै जाने सबै मलामीहरू चिहानबाट मृतकको घरमा फर्कदैनन् । घरबाट लगिएका विभिन्न सामान पुऱ्याउन एकदुई जना मात्र फर्कने गर्दछन् । मलामीहरूलाई गच्छेअनुसार चिहानमा केही नगद रुपैयाँ दिने प्रचलन छ । मलामी जाँदा पाएको पैसा घरमा लानु हुँदैन भन्ने विश्वास छ र मलामीबाट फर्कदा बाटामा पर्ने पसलहरूमा समूह बनाएर छ्याङ खाने गरिन्छ ।

मुगालहरूमा मान्छे मर्दा छोराहरू तथा आफन्तहरूले कपाल खौरने चलन छैन । खानेकुरा तथा लाउने कुरामा पनि बार्नुपर्दैन । बुद्ध धर्म मान्ने भएकाले मान्छे मर्दा कपाल खौरनु नपर्ने उनीहरूको धार्मिक विश्वास रहेको छ । उनीहरूमा नुन बार्ने चलनसमेत छैन । मुगाल

समुदायमा सामान्यतय मृत्यु भएको ३ दिनपछि घेवा[43] गर्ने चलन रहेको छ। घेवा एकैदिनमा सम्पन्न गर्ने गरिन्छ। घेवामा सम्पूर्ण आफन्तहरू तथा नातागोताहरूलाई बोलाइन्छ । नजिकका आफन्त, दाजुभाइ, दिदीबहिनी, छोरी-ज्वाइँ सबैले अलगअलग घेवा गर्नुपर्ने चलन छ । पूजाका लागि चाहिने सामान आ-आफ्नै घरबाट ल्याएर मृतकको घरमा नै घेवा गरिन्छ। दाहसंस्कार तथा घेवा संस्कारमा छोरी-ज्वाइँको उपस्थिति अनिवार्य हुनुपर्दछ। गाउँभन्दा टाढा भए पनि सकेसम्म ज्वाइँ आउनुपर्दछ। यस्ता संस्कारहरूमा ज्वाइँको उपस्थिति भएन भने राम्रो मानिँदैन । मृत्युसंस्कारको विभिन्न प्रकृयाहरूमा ज्वाइँको सक्रिय सहभागिता हुनुपर्दछ।

आर्थिक रूपमा सम्पन्नहरूले ४९औँ दिनसम्म हप्ताको एकपटक मृतकको नाममा पूजा गर्ने चलन रहेको छ। नसक्नेले पनि तीन दिनमा, हप्ता दिनमा र ४९औँ दिनमा गरी तीनपटक चाहिँ पूजा गर्नै पर्दछ। यसो गर्दा मृतकले आफ्ना जीवनमा जानी-नजानी गरेका सम्पूर्ण पाप पखाली मोक्ष प्राप्त गर्दछ र आत्माले शान्ति पाउँछ भन्ने विश्वास रहेको छ। मृत्यु भएको वर्षदिन पुगेपछि फेरि एकपटक पूजा गर्ने चलन रहेको छ । त्यसपछि मात्र मृतकको नाममा गर्नुपर्ने सबै संस्कार पूरा हुन्छ। मरेको मान्छेको नाममा वर्ष दिनको घेवाअगाडि नै आर्थिक हैसियत भएकाहरूले छ्योर्तेन बनाउने गरिन्छ । मुगाल समुदायमा परिवारका सदस्यको मृत्यु भएमा एक वर्षसम्म नाचगान नगर्ने तथा ल्होसार समेत मान्दैनन् ।

[43] मृतकको नाममा गरिने सबैभन्दा ठूलो संस्कार। यसलाई म्हाराक पनि भन्ने गरिन्छ।

तस्बिर १४: मृतकको सम्झनामा बनाइएका चिटिमहरू

५.४ सोल्जी संस्कार

सोल्जी संस्कार मुगाल समुदायका विशिष्ट संस्कृति हुन् । यो समुदायमा आफ्नो आफन्त स्वदेश वा विदेश कतैबाट फर्कदा चेलीहरूले भव्य स्वागत गर्ने चलन छ । यस संस्कारलाई मुगाल भाषामा सोल्जी भनिन्छ । आफन्तलाई स्वागत गर्नका लागि एक ठेकी (पारी) छ्याङ (ठेकीको मुखमा घिउ दलेर) र खादा लिएर बस्छन् । आफन्तको आगमनपछि खादा लगाई स्वागत गरिदिन्छ ।

घरमा बोरेन (टाटे) पकाउनुका साथै स्थानीयस्तरमा पाइने सबै प्रकारका मिठा खानेकुराको व्यवस्था गरिन्छ । चेलीहरू एउटा घरमा जम्मा हुन्छन् । त्यो रात पूरै गाउँ बाजा बजाएर नाच्ने, गाउने तथा मिठा खानेकुरा तथा छ्याङ खाई खुसीयाली गरिन्छ । भोलिपल्ट आगन्तुक आफन्तलाई उसको घरमा पुऱ्याउन जानुपर्छ । पुऱ्याउन जाँदा टाढाबाट आएका आफन्तले चेलीहरूलाई पैसा दिने चलन छ ।

५.५ न्युङ्ने संस्कार

धार्मिक मान्यताअनुरूप बौद्ध धर्मवलम्बीहरू पापबाट मुक्त हुन तथा मोक्ष प्राप्त गर्नका लागि अविवाहित रहनुपर्ने अर्थात् भिक्षु बनी बस्नुपर्दछ । कुनै किसिमको लोभलालच, मोह, ईर्ष्यामा फस्नु हुँदैन । जीवजन्तु तथा पशुपन्छीहरूको हत्या गर्नु हुँदैन । भौतिकवादी बन्नु हुँदैन । तर मुगालहरू जानी-नजानी यी कुराहरू गरिरहेको हुन्छ । यसो गर्नु धार्मिक मान्यता विपरित जानु हो । यसका साथै मानव समुदायले विभिन्न प्रयोजनका लागि थुप्रै प्राणीहरूको हत्या गरेका हुन्छन् । यस्तो कार्यलाई मुगालहरू पाप ठान्दछन् । त्यसैले आफू र अरुले गरेका पापबाट मुक्त भई पुण्य कमाउनका लागि न्युङ्ने संस्कार गर्दछन् ।

मुगाल समुदायमा यो संस्कार वर्षमा दुई पटक मनाउने गर्दछ । तीन दिनसम्म चल्ने यो संस्कारको आयोजना तथा मितिको तय लामाहरूले गर्ने गर्दछ । नेपालमा दशैं र तिहारमा धेरै प्राणीहरूको हत्या गर्ने हुँदा मुगालहरू यो समयमा न्युङ्ने बस्दछन् । यो संस्कार गुम्बामा हुने गर्दछ । संस्कारमा सहभागी हुनेहरू तीन दिनसम्म निराहार बसी धार्मिक मन्त्र उच्चारण गरी बस्दछन् । यसो गर्दा पापबाट मुक्त भई पुण्य प्राप्त हुन्छ भन्ने विश्वास मुगालहरूमा रहेको पाइन्छ ।

५.६ वेषभूषा तथा गरगहना



तस्बिर १५: मुगाल पुरुष पोशाक तथा गहना

मुगुको वातावरण अत्यन्तै चिसो छ । चिसो ठाउँमा बस्ने भएकाले मुगालहरू बाक्लो कपडा लगाउने गर्दछन् । उनीहरू धेरैजसो आफैँले बुनेको घरेलु पोसाक लगाउने गर्दछन् । पुरुषहरूले बुरे तोजी[44], दौ[45] (बख्खु) या लोक्पा, कार्रा (पटुका), स्याकोइ(लुङगी),

[44] टि-सर्टजस्तो माथि लगाउने एक प्रकारको पोसाक

[45] भेडाको छालाबाट बनाएको एक प्रकारको पोसाक



तस्बिर १६: मुगाल महिला पोशाक तथा गहना

बुरेसेन्ज्याम(भोटो), काङजे [46] र कुले (टोपी) लगाउँदछन् भने महिलाहरूले तोजी (चोलो), कारा (पटुका), स्याकोइ (लुङगी), केगु (माइती टाला), न्हानाग (ओड्ने), काङचे लोलिन (ऊनको जुत्ता), दोचा,

[46] छाला र ऊनको डोरीबाट बुनेको एक प्रकारको जुत्ता

मोक्ची लगाउँदछन् । विवाहित पुरुषले सेतो कपडाबाट बुनेको 'थो' लगाउँछन् भने अविवाहित पुरुषहरूले 'थो' लगाउँदैनन् । १३ वर्षमाथिका महिलाहरूले स्यागोइको पछाडि 'केगु' लगाउँछन् । अविवाहित महिलाहरूले अगाडि 'पुङ्गा' लगाउँछन् भने विवाहित महिलाले पछाडिपट्टि 'पाङदेन'[47] लगाउँछन् ।

मुगाल महिलाहरूले मुगा र पोतेको माला लगाउने गर्दछन् । सम्पन्न परिवारका महिलाले 'यु' भन्ने बहुमूल्य पत्थरलाई चाँदी र सुनले मोरेर लगाउने गर्दछन् । विवाहित पुरुषले चाँदीको घालु लगाउने गर्दछ । र मुगाल पुरुष तथा महिलाले लामाले बनाएको जन्तर पनि लगाउने गर्दछन् ।

तस्बिर १७: मौलिक वेषभूषामा मुगाल पुरुष तथा महिला । फोटोः लामा ठिन्ले

[47] रंगीन धागोबाट बनेको एक प्रकारको रुमाल ।

५.७ खानपान

मुगालहरूको खानपिन अन्य हिमाली समुदायको जस्तै हुने गर्दछ । भोटे चिया यिनीहरूका मुख्य खानाजस्तै हो । मुगालहरू दिनमा धेरै पटक भोटे चिया पिउने गर्दछन् । आलु अर्थात् पिण्डाल (स्थानीय भाषामा) मुगालहरूका अर्को महत्वपूर्ण खाना हो । अन्य खानाहरूमा भुटेको गहुँ, जौँ, उवा र चिनोको पीठो, फापर, कोदोको ढिँडो र रोटी हुन् । सिस्नु मुगालहरूको मुख्य तरकारी हो । मुगालहरू बौद्ध धर्मावलम्बी हुनाले यिनीहरूको खानपिनको संस्कारहरू बौद्ध धर्मबाट निर्दिष्ट हुन्छन् । यिनीहरू मांसहारी भए पनि आफैँ भने काटमार गर्दैनन् । तर मरेका वा अरूले मारेको पशुको भने मासु खाने गर्दछन् ।

विभिन्न चाडपर्व तथा उत्सवहरूमा मुगालहरू छ्याङ, भोटे चिया र सातु चिया प्रशस्त मात्रामा पिउने गर्दछन् । छ्याङ विशेष गरी कोदोको बनाउने चलन मुगाल समुदायमा छ । भोटे चिया बनाउँदा भोटे चियापत्ती हालेर पानी उमालिन्छ र त्यसमा चौँरीगाईको घिउ, दूध र नुन हाली घोउ[48] मा राखी घोल्ने गरिन्छ । त्यसैगरी सातु चियामा गहुँ, फापर, कोदो, उवा, जौँ आदि मिसाएर पिसेर बनाएको पीठो हालिन्छ र कचौरामा हाली खाने गरिन्छ । मुगालहरू चियामा चिनीको प्रयोग गर्दैनन्, किनकि एकातिर हिमाली विकट गाउँमा चिनी सजिलै उपलब्ध हुँदैनन र अर्कातिर चिनीले भन्दा पनि नुन चियाले चिसो तापक्रममा शरीरलाई बढी फाइदा गर्छन् भन्ने विश्वास यिनीहरूमा रहेको पाइन्छ ।

[48] काठले बनेको एक प्रकारको मुड्ग्रा जसको बाहिरपट्टि तामा र पित्तलले बाँधेको हुन्छ ।

५.८ परम्परागत प्रथाहरू

५.८.१ सामाजिक तथा न्यायिक निकाय/व्यक्ति

आदिवासी समुदायहरूमा परम्परागत प्रथाहरू तथा प्रथाजनित कानूनहरू महत्वपूर्ण हुन्छन् । आदिवासी समुदायहरूमा प्रचलित विभिन्न प्रथाहरूमध्ये सामाजिक तथा न्यायिक एक महत्वपूर्ण व्यवस्था हो । जसले समुदायमा राजनीतिक तथा न्यायिक प्रणाली सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दछन् ।

मुगाल समुदायमा लामा तथा चुन्बालाई धार्मिक गुरु मात्र नभई सामाजिक तथा न्यायिक व्यक्तिका रूपमा पनि मानिन्छ । लामाहरूमा पनि सबैभन्दा जेष्ठ उमेरको लामालाई गाउँको मुख्य व्यक्तिका रूपमा मान्ने चलन छ । गाउँमा हुने विभिन्न प्रकारका विवादहरूको समाधान गर्ने कार्यदेखि लिएर विकासका कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा पनि लामाको नै महत्वपूर्ण भूमिका हुने गर्दछ । गाउँमा हुने धार्मिक एवम् सांस्कृतिक कार्यहरू पनि लामाको निर्देशन र सल्लाह बमोजिम नै हुने गर्दछन् । शाही (२०५८) का अनुसार बहुदलीय व्यवस्था स्थापना हुनुभन्दा पहिले मुगु गाउँ तथा बाह्र करान क्षेत्रमा *'चोहु'*[49] ले नेतृत्व प्रदान गर्दथे । यो वंशमा आधारित परम्परा थियो । *'चोहु'* को जेठो छोरो *'चोहु'* नै हुने परम्परा थियो । तर मुगु गाउँमा अहिले यो परम्परा अस्तित्वमा रहेको पाइँदैन । पहिले *'चोहु'* ले गर्ने कार्य अहिले गाउँका मुख्य लामाले गर्ने गर्दछन् ।

५.८.२ चुन्बा

[49] चोहु एउटा सामाजिक-राजनीतिक पद हो । यो मुगाल जनजातिबाहेक अन्य जनजाति समूह (जस्तैः तामाङ) हरूमा पनि अभ्यासमा रहेको देखिन्छ ।

चुन्बा एक धार्मिक मात्र नभई सामाजिक तथा न्यायिक व्यक्ति र पदवी पनि हो । यो लामा हुनुभन्दा अगाडिको अवस्था हो । चुन्बा हुनका लागि बौद्ध धर्मको परम्परागत विधिअनुसार धार्मिक अनुष्ठानहरू (पञ्चशील) को पालना गर्नुका साथै प्रारम्भिक चरणको गुम्बा शिक्षा प्राप्त गरेको हुनुपर्दछ । लामा गुरुहरूबाट शिक्षादिक्षा दिई विशेष पूजापाठ गरेर आजीवन बौद्ध धर्मका नित्यकर्महरू स्वीकार गर्ने सर्त पालना गरेमा मात्र चुन्बा बन्न योग्य मान्दछ ।

चुन्बाहरू हरेक धार्मिक तथा सांस्कृतिक कार्यहरूमा संलग्न हुने गर्दछन् । चुन्बाहरूले स्वेच्छाले घरगृहस्थी गर्न पाउने नियम छ । मृत्यु भएका मान्छेको लाश बोक्नेदेखि लिएर पूजापाठ गर्नेजस्ता कार्य चुन्बाहरूले नै गर्दछन् । यिनीहरूको सामाजिक हैसियत तथा मान प्रतिष्ठा साधारण मानिसको भन्दा पनि माथि हुने हुँदा हरेक मुगाल परिवारले सकेसम्म कम्तिमा एउटा सदस्य चुन्बा बनाउन चाहन्छन् ।[50]

५.८.३ लामा

लामा बौद्धमार्गीहरूको एक प्रतिष्ठित धार्मिक पदवी हो । लामालाई ईश्वर र आत्मासँग सम्पर्क गर्न सक्ने क्षमता भएको संस्कार विज्ञको रूपमा हेरिन्छ (अटनर, १९७८) । छाम[51]मा बसेर धार्मिक ज्ञान प्राप्त भएको व्यक्ति तथा बौद्ध दर्शनमा निपुण व्यक्ति मात्रै लामा बन्न योग्य हुने गर्दछ । मुगाल समुदायमा लामा बन्नको लागि पहिले चुन्बा भइसकेको हुनुपर्दछ । शैक्षिक उपाधिजस्तै यो एक धार्मिक उपाधि

[50] हेसेफिल्के, दावा लामा, छेवाङ लामासँगको कुराकानीमा आधारित तथा कार्मारोङ तथा साथीहरू (२०६७) मा उल्लेखित ।

[51] आफ्नो घरपरिवारबाट टाढा रही एकान्त ठाउँमा गई अनुभवी तथा दक्ष लामा गुरुबाट शिक्षा दिक्षा लिने कार्य छाम हो । सामान्य अर्थमा यसलाई गुफा बस्ने भनेर पनि चिनिन्छ । छामको समयअवधि निश्चित हुँदैन । यो १ हप्ता, १ महिना, ३ महिना, ६ महिना, ३ वर्ष जति अवधिको पनि हुन सक्छ ।

हो । 'ला' को अर्थ देव तथा उच्च आसनमा रहने व्यक्ति हुन्छ भने 'मा' को अर्थ सबैको अभिभावक, आमा तथा पूजनीय भन्ने बुझिन्छ (कार्मारोङ, २०६७) । त्यसैलाई लामालाई सामाजिक नायकको रूपमा पनि लिइन्छ । लामाले लगाउने पोशाक विशेष खालको हुन्छ ।

लामा वंश परम्परामा आधारित हुने गर्दछ । लामालाई रक्षक, भगवानलाई खुशी पार्न सक्ने र प्रेतात्मा भगाउने संस्कारको सेवा प्रदायकको रूपमा हेरिनुका साथै दीर्घायुको आशीर्वाद दिने र सबैको हित कामना गर्ने प्रतिकको रूपमा लिइन्छ । लामाले शुभ तथा अशुभ दुवै खाले कार्यहरूमा पूजाआजा गर्ने गर्दछ । गुम्बाको रेखदेख गर्ने, गुम्बामा पूजापाठ गर्ने, ध्यान गर्ने र आफूभन्दा मुनिकाहरूलाई शिक्षादीक्षा दिने काम पनि लामाले नै गर्दछ । लामाले गर्ने पुस्तकका मन्त्रहरूको उच्चारणले संसारको सन्तुलन कायम राख्छ भन्ने मान्यता मुगाल समुदायमा रहेको छ । यसका साथै समुदायमा हुने झैंझगडा र विवादहरू मिलाइ शान्ति तथा सहिष्णुता कायम गर्ने कार्यमा समेत लामाको महत्वपूर्ण जिम्मेवारी रहने गर्दछ । सामाजिक नीतिनियम, आदर्श, मूल्य र मान्यता हस्तान्तरण तथा पालनामा लामाको महत्वपूर्ण भूमिका रहने हुँदा लामालाई समाजको गुरु तथा अभिभावकको रूपमा लिने गरिन्छ ।

अध्याय : छ

अर्थतन्त्र

अर्थव्यवस्था/अर्थतन्त्र सामाजिक व्यवस्था सञ्चालनका लागि एउटा महत्वपूर्ण सामाजिक एकाइ हो । जुन उत्पादन, उपभोग, वितरण र विनिमयको एकीकृत स्वरूप हो । समाजका मानिसहरूको रुचिका आधारमा नै उत्पादन, उपभोग तथा वितरणको प्रक्रिया निर्भर रहन्छ, जसलाई सामाजिक, सांस्कृतिक तथा भू-धरातलीय पक्षले प्रभाव पारेको हुन्छ । मानिसले आफ्नो दैनिक जीवनलाई अगाडि बढाउन निश्चित प्रकारका आर्थिक प्रणालीको छनौट गरिएको हुन्छ । उत्पादन प्रणाली छनौटमा त्यस समाजको आदर्श, मूल्य, मान्यता, संस्कृति, विकासको स्तर, सामाजिक-राजनीतिक चेतना आदिले प्रभाव पारेको हुन्छ ।

पर्यावरणले संस्कृतिलाई प्रभाव पार्नमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि ठाउँको हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ, त्यस ठाउँमा त्यस्तै खालको संस्कृतिको विकास हुने गर्दछ । वातावरणीय एवं भौगोलिक निर्धारणवादले वातावरणको अस्तित्व संस्कृतिको भन्दा पहिले नै हुन्छ भन्ने मान्यता राख्दछ । संस्कृति त उपलब्ध वातावरणमा आफूलाई अनुकूलनका लागि निर्माण गरिएको हुन्छ । त्यसैले संसारका समान हावापानी भएका ठाउँमा सांस्कृतिक समानताहरू देख्न सकिन्छ ।

पेसा/व्यवसाय आर्थिक व्यवस्थाको महत्वपूर्ण घटक हुन् । मानिसले छनौट गर्ने पेसा तथा व्यवसायमा उसको छनौट, वरिपरिको वातावरण, संस्कार-संस्कृति, परम्परा र राजनीतिजस्ता कुराहरूले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हिमाली भेगमा बसोबास गर्ने मुगालहरूको पनि आफ्नै खाले पेसा/व्यवसाय रहेको छ । यिनीहरूको

अर्थतन्त्र मिश्रित स्वरूपमा रहेको छ । मुगालहरूको जीविकोपार्जनको मुख्य माध्यम कृषि, पशुपालन र व्यापार हो ।

६.१ कृषि

मुगाल समुदायको मुख्य पेशा तथा जीवन निर्वाहको माध्यम कृषि हो । तर मुगु गाउँमा जनसङ्ख्याको अनुपातमा खेतीयोग्य भूमि थोरै मात्रामा छ । शाही (२०५८) का अनुसार यहाँ खेतीयोग्य जमिन १५ प्रतिशत मात्रै छ । मुगु गाउँमा आलु, फापर र चिनोको उत्पादन हुने गर्दछ । मुगालहरू चैत्र महिनामा आलु र वैशाखमा फापरको खेती गर्दछन् । खेतीयोग्य जमिन थोरै भएकाले मुगालहरूलाई खेतीपातीबाट उत्पादित खाद्यान्नले ६ महिना धान्न पनि मुश्किल हुने गर्दछ । त्यसैले मुगाल समुदायको प्रमुख समस्या भनेको खाद्य सुरक्षा हो ।

उत्पादित खाद्यान्नको सुरक्षा तथा सीमित जग्गाको खण्डीकरण रोक्नको लागि मुगालहरूले विभिन्न रणनीति अपनाएको देखिन्छ । छोराछोरीहरूलाई लामा, आनी पढाउनका लागि गाउँबाहिर पठाउनु तथा व्यापार/व्यवसाय गर्नका लागि अधिकांश पुरुष बाहिर रहने हुँदा उपभोक्ताको सङ्ख्या कम भई खाद्यान्न संकट कम गर्न सजिलो हुने गर्दछ । त्यसैगरी दाजुभाइहरू आ-आफ्ना पेशा र व्यवसायका लागि घर बाहिर रहने हुँदा मनमुनाव नभई छुट्टिने अवस्थामा कमी आई जग्गाको खण्डीकरण रोक्ने कार्य पनि भएको देखिन्छ ।

तस्बिर १८: मुगु गाउँमा रहेको खेतीयोग्य जमिन

मुगालहरू मौसमअनुसार फरक-फरक अन्नबाली लगाउने गर्दछन् । जसलाई तल तालिकामा देखाइएको छ ।

तालिका ६ : मुगु गाउँमा बाली लगाउने र भित्र्याउने समय

क्र.सं	बालीको नाम	लगाउने समय	भित्र्याउने समय
१.	आलु	चैत्र	असोज
२.	फापर	वैशाख	भदौ
३.	चिनो	वैशाख	असोज

(स्रोत : क्षेत्रकार्य अध्ययन, २०६७/६८)

मुगालहरू चैत्र महिनामा आलु, वैशाख महिनामा फापर र चिनो लगाउने गर्दछन् । चैत्र महिनामा लगाएको आलु असोज महिनामा उठाउँछन् भने वैशाख महिनामा लगाएको फापर भदौ महिनामा र

चिनो असोज महिनामा उठाउँदछन् । अत्यन्तै चिसो ठाउँ र कम उब्जनी जमिन भएकोले मुगु गाउँमा एकोहोरो मात्रै खेती गर्ने गरिन्छ ।

६.२ पशुपालन

मुगु गाउँका मुगालहरू खेतीपाती गर्नुका साथै पशुपालन पनि गर्दछन् । यस क्षेत्रमा चरण भूमिहरू प्रशस्त रहेकाले पशुपालनमा बढी जोड दिने गरेका छन् । यहाँ याक, चौँरीगाई, घोडा प्रशस्त पाल्ने गर्दछन् । चीनले तिब्बतलाई आफ्नो कब्जामा लिनुभन्दा अघिसम्म यहाँ भेडा र च्याङ्ग्रा धेरै मात्रामा पाल्ने गर्दथे । हिउँदको समयमा मुगु गाउँमा धेरै हिउँ पर्ने हुँदा त्यतिबेला भेडा र च्याङ्ग्राहरू तिब्बतका इष्टमित्रकहाँ राख्न लैजान्थे । तर तिब्बती नाका बन्द भएसँगै तिब्बतीहरूसँगको साइनो टुट्दै गयो । हिउँदको समयमा भेडा तथा च्याङ्ग्राको व्यावस्थापनमा कठिनाइ भयो । जाडो छल्न लामो समय औलतिर झर्नुपर्दा चरन भूमिको अभाव भएसँगै भेडा तथा च्याङ्ग्रा पालनमा कम महत्व दिन थाल्यो ।

मुगु गाउँमा याक, चौँरीगाई, झोवा, घोडालाई यातायातको साधनको रूपमा प्रयोग गर्दछन् । तिब्बत तथा खसान/दक्षिण क्षेत्रबाट सामान ओसार्नका लागि यिनीहरूको प्रयोग गर्दछन् । मुगालहरू याक तथा चौँरीगाईको रौं र तिब्बतबाट भेडा तथा च्याङ्ग्राको ऊन ल्याई राडीपाखी, गलैंचा तथा विभिन्न पोशाकहरू बनाउँदछन् । उत्पादित सामान केही आफैं प्रयोग गर्छन् भने केही जिल्लाकै अन्य भू-भाग तथा जिल्लाबाहिर जुम्ला, दैलेख, सुर्खेत आदि ठाउँहरूमा लगि बेच्ने गर्दछन् । चौँरीगाई पाल्ने हुँदा दूग्धजन्य पदार्थमा मुगालहरू स्वनिर्भर रहेका छन् । बचत भएको दूग्धजन्य पदार्थ र तिनीबाट बनेका परिकार/वस्तुलाई विभिन्न भागमा लागि बेच्ने गर्दछन् ।

मुगु गाउँमा हिउँदमा अत्याधिक हिउँ पर्ने र जाडो हुने हुँदा मुगालहरू आफ्ना गाईवस्तुहरूसँगै वेसी/औंलतिर झर्ने गर्दछन् । गर्मी महिनामा पुनः गाउँ फर्किन्छन् र गाईवस्तुहरूलाई गाउँभन्दा माथिको चरण क्षेत्र (पाटन) हरूमा लगि छाडिदिन्छन् ।

तस्बिर १९. चौंरी, झोवा, घोडालगायतका पशुहरू चरन क्षेत्रमा चर्दै । फोटोः दावा लामा (मुगुम)

६.३ व्यापार

मुगु गाउँमा खेतीयोग्य जमिन निकै कम छ । मुगु गाउँका बासिन्दालाई खेतीपाती र पशुपालनबाट मात्रै गुजारा चलाउन गाह्रो छ । त्यसैले मुगाल समुदायले व्यापारलाई जीविकोपार्जनको अर्को माध्यम बनाएको देखिन्छ । पहिले मुगालहरूको केन्द्रीय व्यापार नुन र ऊन थियो । यसबाहेक घिउ, नौनी, चुर्पी (दूग्धजन्य पदार्थ), मुगा, घोडा आदिको पनि व्यापार गर्दै आएका थिए, तर पछिल्लो समय यार्सागुम्बा लगायतका जडीबुटीको व्यापारमा लागेका छन् । उनीहरूको प्रमुख

व्यापार तिब्बतसँग छ । मुगालहरूलाई तिब्बतमा स्वतन्त्र रूपमा व्यापार गर्न अनुमति दिएपछि सन् १९५९ सम्म व्यापार राम्ररी फस्टाएको थियो । तिब्बतसँगको व्यापारमा उनीहरूको एकाधिकार थियो । अन्य समुदायका मानिसहरू पनि तिब्बतमा गएर गोप्य व्यापार गरेको थाहा पाए मुगालहरूले उनीहरूका सामानहरू जफत गर्ने र असभ्य व्यवहार गर्ने गर्थे (कर्ममारोङ, २०६७ र शाही, २०५८) ।

मुगालहरूको व्यापारिक संरचनालाई दुई चरणमा विभाजन गर्न सकिन्छ- सन् १९५९ अघि र पछिको अवधि । सन् १९५९ अघि तिनीहरूको व्यापारिक मोडल वस्तु विनिमयमा आधारित देखिन्थ्यो । पछि यो नगदमा आधारित व्यवसायमा परिणत भएको देखिन्छ ।

६.३.१ वस्तु विनिमय प्रणाली

वस्तु विनिमय प्रणाली नेपालको पहाडी र हिमाली क्षेत्रमा प्रचलित आर्थिक संस्कृति हो । केही वर्षअघिसम्म मुगाल समुदायमा यो चलन व्यापक थियो । हिमाली समुदायमा व्याप्त यो आर्थिक प्रणाली मुख्यतः सन् १९५९ मा चीनले तिब्बतलाई आफ्नो नियन्त्रणपछि प्रभावित भएको थियो (फिशर, १९८६ र गुरुङ, २००७) । फिशरका अनुसार चीनले तिब्बतको सिमाना बन्द गर्नुअघि डोल्पोका काइके भाषी मगरहरूले तिब्बतीहरूसँग व्यापार गर्दथे । मुगालहरूको स्थिति काइके भाषी मगरहरूको जस्तै छ । तिब्बत चीनको नियन्त्रणमा आउनुअघि मुगु गाउँ नेपाल र तिब्बतबीचको व्यापारिक केन्द्र थियो । त्यतिबेला तिब्बतीहरूसँग मुगालहरूको व्यापारिक र सांस्कृतिक सम्बन्ध थियो ।

गुरुङ (२००७) का अनुसार १८४३ देखि तिब्बतसँगको व्यापारमा मुगालहरूको एकाधिकार थियो । तर सन् १९५९ मा सीमापार व्यापार केन्द्र बन्द हुँदा र पुरानो मुगुमा सशस्त्र खम्पाको उपस्थितिले

उनीहरूको अर्थतन्त्रमा प्रतिकूल असर पारेको थियो । फिशर (१९८६) का अनुसार सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्वयुद्धले विश्वका धेरै देशहरूमा गहिरो प्रभाव पारेको थियो । युद्धको अन्त्यसँगै छिमेकी चीनको राजनीतिक परिदृश्य पनि उथलपुथल बनेको छ । फलस्वरूप, चीनले १९५९ मा तिब्बतलाई आफ्नो नियन्त्रणमा लियो र तिब्बतसँग जोडिएका सबै नेपालका नाकाहरू बन्द गऱ्यो । उनका अनुसार दोस्रो विश्वयुद्दअघि नेपाल र तिब्बत (भोट) बीच अन्न र नुनको व्यापार थियो । दोस्रो विश्वयुद्दपछि व्यापार बन्द भयो ।

विगतमा तिब्बतीहरू मुगु गाउँमा नुन, ऊन, घिउ, गलैंचा र अन्य वस्तु लिएर आउने गर्थे । आलु, कोदो, जौँ, गहुँ, गहुँ, चामललगायतका अन्न लिएर फर्कने गर्थे । त्यसैगरी खसान अर्थात् दक्षिणी भेगका मानिसहरूले मुगु गाउँमा कोदो, गहुँ, गहुँ, चामल आदि लिएर नुन साट्ने गर्थे । त्यसबेला सामानसँग सामान साट्ने चलन थियो ।

तिब्बतको सिमाना खुला भएको समयमा मुगालहरूसँग व्यापारका धेरै विकल्प थिए । उनीहरू तिब्बतमा आलु, जौँ, गहुँ, चामलजस्ता खाद्यान्न नुन र ऊनसँग साट्ने गर्दथे भने जुम्ला, कालीकोट, दैलेख, सुर्खेत र मुगु जिल्लाका विभिन्न जिल्लामा नुन, ऊन, गलैंचाजस्ता वस्तुहरू अन्नसँग साट्ने गर्दथे । मुगालहरूले गाउँमा आउने तिब्बती र खसानका मानिसहरूबीच मध्यस्थता गर्थे । तिब्बतीहरूले खस भाषा बुझ्दैनथे भने खसहरूले तिब्बती भाषा बुझ्दैनथे । अर्कोतर्फ मुगालहरू तिब्बती र खस दुवै भाषा जान्दथे । त्यो समयमा मुगालहरूको व्यापार निकै सम्पन्न थियो । विनिमयको आफ्नै नियम थियो । यसलाई सुइनी दोती भनिन्थ्यो । कुन वस्तुसँग के र कतिको व्यापार गर्ने र कुन परिमाणमा गर्ने भन्ने कुरा समुदायले तय गर्ने

गर्दथे । उदाहरणका लागि, तिब्बतीहरूसँग व्यापार गर्दा (स्थानीय भाषामा छोपा भनिन्छ), एक फाक्ते (पाथी) नुन बराबर एक फाक्ते/पाथी चामलको व्यापार गरिन्थ्यो । जबकि खसान अर्थात् दक्षिणी भेकका मानिसहरूसँग व्यापार गर्दा चार फाक्ते नुन बराबर पाँच फाक्ते चामल साटिन्थ्यो । त्यसलाई स्थानीय भाषामा 'स्वाई' भनिन्थ्यो । त्यसैगरी, कहिले दुई फाक्ते नुन बराबर तीन फाक्ते चामल साट्ने गरिन्थ्यो । यसलाई मुगाल भाषामा 'बोडे' भनिन्थ्यो भने कहिले दुई फाक्ते नुन बराबर पाँच फाक्ते चामल समुदायले तोकेको नियमअनुसार साट्ने गरिन्थ्यो । यसलाई उनीहरूको भाषामा 'दोपान्चो' भनिन्थ्यो । तिब्बतीहरूले ल्याएको नुन र ऊन दक्षिणी भेकबाट ल्याएको अन्नसँग साट्दा मुगालहरूलाई केही नाफा लिन्थे । मुगालहरूको जीविकोपार्जन यहीँ नाफाबाट प्राप्त आम्दानीमा आधारित थियो । मुगाल समुदायमा निश्चित व्यक्तिसँग मात्रै व्यापार गर्ने चलन थियो । समुदायका प्रत्येक परिवारको आफ्नै इष्टमित्र थियो र उनीहरूसँग मात्रै व्यापार विनिमय गर्ने गर्दथे ।

६.३.२ वस्तु-नगद-वस्तु विनिमय प्रणाली

सन् १९५९ को राजनीतिक घटनाक्रमपछि नेपाल-तिब्बत सीमा नाका बन्द भयो । फलस्वरूप, मुगालहरूको व्यापार घट्यो । चीन सरकारले आफ्नो इच्छाअनुसार वर्षमा दुई-तीन पटक सीमा नाका खोल्ने गर्दथे । अर्को कुरा, नेपालले भारतबाट पोका नुन र भारतीय ऊनका सामान आयात गर्न थाल्यो । फलस्वरूप मुगालहरूको परम्परागत नुन र ऊनको व्यापार संकटमा पऱ्यो । बाँच्नको लागि मुगालहरूले नयाँ व्यापार ढाँचा अपनाउन आफ्नो अनुकूल रणनीति परिवर्तन गरे । जब तिब्बती बजार खुल्यो, तिनीहरूले नगदमा यार्सागुम्बा, सतुवा लगायतका जडीबुटीहरू बेच्न थाले । त्यसबाट प्राप्त नगदले नुन, तेल

र मसलाजस्ता दैनिक आवश्यकताहरू किन्न थाले । अहिले वस्तु-नगद-वस्तु व्यापारले विस्तारै वस्तु विनिमयलाई प्रतिस्थापन गर्दै छ । बदलिँदो परिवेशमा अनुकूलन हुन यार्सागुम्बा, सतुवा, च्याउ लगायतका जडीबुटीको कारोबार गर्ने गरेका छन् । तिब्बतबाहेक चीन, थाइल्याण्ड, हङकङ, अमेरिका, सिङ्गापुर लगायतका देशमा समेत उनीहरूले व्यापार विस्तार गरिरहेका छन् ।

मुगालहरूले व्यापारमा संलग्न हुँदा दुई प्रकारको पूजा गर्छन् । व्यापारमा जाँदा महाकाल र छ्योकु रिन्पोछेको पूजा गर्छन्, जसलाई 'सोका' भनिन्छ । यस पूजामा लामाले व्यापारमा जाने सदस्यको कपालमा घिउ लगाई व्यापार राम्रो होस् भन्ने आशीर्वाद दिएर सगुन खाएर यात्रा सुरु गर्छन् । व्यापारबाट फर्किएपछि व्यापारिक सफलता र सफल यात्राको अवसरमा अर्को पूजा गरिन्छ, जसलाई 'छोक' भनिन्छ ।

६.४ उद्योगधन्दा तथा हस्तकला

मुगालहरूको आफ्नै परम्परागत घरेलु उद्योग छन् । ऊन काट्न, राडीपाखी, गलैँचा, पटुका तथा स्याइकाइ (स्थानीय जुत्ता) बुन्न मुगाल महिलाहरू सिपालु हुन्छन् । आफूलाई चाहिने लत्ताकपडा उनीहरू आफैं तयार गर्छन् । उद्योगका सबैजसो काममा महिलाको संलग्नता रहन्छ ।

मुगु गाउँका मुगालहरू हस्तकलामा पनि निपुण छन् । थाङ्का लेख्न, ढुङ्गामा लामा अक्षर कुद्न र देवीदेवताहरूको मूर्ति बनाउन यिनीहरू धेरै सिपालु छन् । यस्ता कार्यहरूमा पुरुषहरूको पनि संलग्न हुने गर्दछ । मुगाल समुदायमा जुन घरपरिवारमा जनशक्ति वा मानिसहरू धेरै हुन्छन्, उसैलाई सम्पन्न मानिन्छ ।

तस्बिर २० : परम्परागत पोसाक बुन्दै मुगाल महिला

६.५ इष्टमित्र प्रथा[52]

इष्टमित्र मुगाल समुदायको आर्थिक गतिविधि सञ्चालन गर्न विकसित परम्परागत अभ्यास हो । मुगाल समुदाय र तिब्बती समुदाय शताब्दीयौंदेखि आर्थिक रूपमा एक अर्कामा निर्भर थिए । उनीहरूले वस्तु विनिमयमार्फत आफ्नो आवश्यकता पूरा गर्थे । विनिमयको आफ्नै नियम थियो । जो कोहीसँग आफूखुशी वस्तु आदानप्रदान गर्दैनथे । वस्तु विनिमयको लागि उनीहरूले धेरै पहिलेदेखि नै इष्ट अर्थात् काल्पनिक नाता बनाएका हुन्थे । ती इष्टसँग मात्रै मुगालहरू व्यापार विनिमय गर्थे । चाहे त्यो उत्तरका तिब्बतीहरू होस् वा दक्षिणमा खसानहरू, तिनीहरू सबैले आफ्ना इष्टमित्रहरूसँग मात्रै वस्तु विनिमय गर्थे ।

---

[52] यो एक काल्पनिक नाता हो । मुगालहरू र भोटेहरू (तिब्बतीहरू) बीच मित्रता गाँसी नाता सम्बन्ध स्थापित गर्थे । त्यो समयमा तिनीहरूले आफ्नो विचार मिल्ने र समान आर्थिक हैसियत भएकाहरूसँग आफ्नो सम्बन्ध विस्तार गर्ने गर्दथे ।

इष्टले ल्याएको वस्तु मुगालहरूले राख्नुपर्थ्यो । आवश्यकताभन्दा बढी भएमा आफन्त वा समुदायका अन्य सदस्यलाई दिने चलन थियो । मुगु गाउँमा आएकाले आ-आफ्ना इष्टमित्रको घरमा निःशुल्क खाना र बास पाउँथे ।

मुगाल समुदायमा प्रचलित 'इष्टमित्र' प्रचलन निकै पुरानो हो । इष्टमित्रको सम्बन्ध पुर्खौदेखिको हुन्थ्यो । समुदायका सदस्यहरूका आ-आफ्नै निश्चित इष्ट हुने गर्थे । र यो इष्ट सम्बन्ध एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्थ्यो । बाबुको इष्ट विस्तारै छोराहरूलाई हस्तान्तरण गरिदिन्थे । छोरा आमाबाबुबाट अलग रहँदा बाबुआमाले इष्ट पनि भाग लगाइदिन्थे र उनै इष्टमित्रसँग मात्रै व्यापार/विनिमय हुने गर्दथ्यो । तिब्बतको सिमाना बन्द हुनुअघि यो प्रचलन मुगाल समुदायमा व्यापक भएता पनि विस्तारै लोप हुँदै गएको छ ।

६.६ तिरो प्रथा

तिरो प्रथा एक प्रकारको कर प्रणाली हो । पहिले-पहिले मुगालहरूले दुई किसिमको तिरो तिर्नुपर्दथ्यो । एउटा तिरो तिब्बती सरकारलाई तिर्नुपर्दथ्यो भने अर्को तिरो नेपाल सरकारलाई । आफ्नो भूमि छाडेर अन्त बसाइँ सरेको हुनाले तथा मुगालहरू बसोबास गर्ने मुगुलाई पनि आफ्नै भू-भाग सम्झेर तिब्बतीयन सरकारले उनीहरूलाई तिरो लिने गर्दथ्यो । आधुनिक नेपालको एकीकरणपूर्व नेपाल र तिब्बत दुई देशको सीमारेखा पनि स्पष्ट भइनसकेको अवस्था थियो । त्यसैले मुगालहरूले त्यतिबेला मानिसको तिरो तिब्बतमा र जग्गाको तिरो नेपालमा तिर्ने गर्दथे ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा अगाडि मुगाल घरपरिवारबाट चुलो कर उठाउने प्रचलन थियो (तामाङ, २०६३) ।

त्यस समयमा मुगु गाउँमा २३२ चुलाहरू थिए । तिब्बती अधिकारीहरू तिरो उठाउन ४/५ वर्षको एकचोटि मुगु गाउँमा आउने गर्दथे । तर बुद्धिमान् मुगालहरू तिरो तिर्नबाट बच्नका लागि विभिन्न उपाय रच्ने गर्दथे । तिब्बतीहरू आउने मौसमताका उनीहरू आए नआएको हेर्नका लागि मुगालहरूले पालेको[53] व्यवस्था गर्ने गर्दथे । दुई/दुई जनाको दरले गाउँभन्दा माथि लेकको तीन दिशामा पालेहरू बस्ने गर्दथे ।

तिब्बतीहरू तिरो उठाउन आएको चाल पाउनसाथ आगो बालेर धुवाँ निकालेर संकेत दिने गर्थे । वनमा आगो बलेको वा धुवाँ देखेपछि गाउँलेहरूले तिब्बतीहरू कर उठाउन आएको सङ्केत बुझ्थे । त्यसपछि आफ्ना सम्पत्तिहरू घरभित्रै खाल्डो खनेर पुर्थे र केही दिनका लागि घर छाडेर हिँड्थे । गाउँमा कोही नभेटेपछि तिब्बतीहरू फर्कन्थे र उनीहरू फर्केपछि मुगालहरू पनि आफ्नो गाउँ फर्कन्थे । यता नेपालबाट गोर्खालीहरू भूमिकर उठाउन आउँदा पनि यस्तै उपाय अपनाएर कर कम तिर्ने गर्दथे । हाल यस्तो खालको तिरो प्रथा अन्त भइसकेको छ ।

६.७ भन्सार कार्यालय

तिब्बत सिमानामा पर्ने मुगु गाउँमा एउटा भन्सार कार्यालय छ । मुगु र तिब्बत सीमामा अवैध व्यापार नियन्त्रण र राजस्व असुलीका लागि यो भन्सार कार्यालय स्थापना गरिएको हो । सरकारी वेवास्ताका कारण यो कार्यालय लामो समयदेखि सुनसान छ । भन्सारमा कर्मचारी नहुँदा राजस्व असुली शून्य छ भने अवैध व्यापार फस्टाइरहेको छ ।

[53] पाले भन्नाले सूचना दिने एवम् सुरक्षा दिने व्यक्तिलाई जनाउँदछ ।

तस्बिरः २१: मुगु भन्सार कार्यालय

६.८ बजार

अर्थतन्त्रको एउटा महत्वपूर्ण पक्ष बजार हो । मानिसको जीविकोपार्जनमा बजारले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। बजार जति समुदाय नजिक हुन्छ, त्यति नै जीवनस्तर सहज हुने गर्दछ । एकातिर उत्पादित वस्तुलाई बजारमा बिक्री गरी आम्दानी गर्न सकिन्छ भने अर्कातिर आफूलाई आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा र उपभोग्य सामग्री खरिद गर्ने ठाउँ नजिकै छ भने समय तथा खर्च दुवैको समेत बचत गर्न सकिन्छ । विडम्बना ! मुगाल समुदायको पहुँचमा बजार छैन ।

भौगोलिक विकटताका कारण नेपाली बजार अर्थात् सदरमुकाम गमगढीसम्म पुग्न मुगालहरूलाई एकतर्फी तीन दिनको पैदल (२८ कोष दुरी) यात्रा गर्नुपर्दछ । बरु एकै दिनमा तिब्बती हाटबजार ह्याजिमारमा पुग्न सकिन्छ। त्यसैले मुगालहरू आफ्नै देशमा उत्पादित सामग्रीभन्दा पनि चिनियाँ सामग्रीहरू उपभोग गर्न बाध्य छन् । यसरी बाहिरबाट आयतित सामग्री उपभोग गर्दा वर्षेनी ठूलो मात्रामा धनराशी

विदेश जान्छ । तिब्बती हाटबजार पनि प्रत्येक वर्षमा एकपटक मात्रै अस्थायी रूपमा (प्रत्येक वर्षको साउन १ देखि १५ गतेसम्म) सञ्चालन हुने हुँदा मुगालहरूको जीवन कठिन बन्दै गइरहेका छन् । उनीहरू १५ दिनसम्म लाग्ने उक्त हाटमा यार्सागुम्बा लगायतका जडीबुटीहरू बिक्री गर्छन् र त्यहीँ रकमले वर्षभरिलाई पुग्ने खाद्यान्न तथा उपभोग्य सामग्रीको जोहो गर्दछन् ।



तस्बिर २२ : तिब्बती अस्थायी बजार ह्याजिमार । फोटोः दावा लामा (मुगुम)

६.९ पर्यटन

पर्यटन आर्थिक आम्दानीको एउटा महत्वपूर्ण स्रोत हो । मुगु गाउँ पर्यटन सम्भावना बोकेको एउटा गन्तब्व्य हो । प्राकृतिक सुन्दरताका साथै यहाँ हजारौं वर्ष पुरानो एवम् ऐतिहासिक गुम्बाहरू रहनुका साथै अन्य पुरातात्विक महत्व बोकेका सम्पदाहरू छन् । सेरखाङ अर्थात् वचन बोल्ने गुम्बा र लाब्राङ गुम्बा यहाँका ७०० वर्षभन्दा बढी पुराना गुम्बा हुन् । मुगु गाउँका थुप्रै मौलिक संस्कृतिहरू

जीवन्त छन् । याप्लाङ कोगे पर्व, चेलु नाच, गिङलु नाचजस्ता अद्वितीय संस्कृतिहरू सांस्कृतिक पर्यटनका सम्भावनाहरू हुन् ।

यहाँ परम्परागत शैलीका घरहरू देख्न पाइन्छन् । अहिंसामा विश्वास गर्ने मुगाल वस्तीमा जङ्गलका झारल, घोरल, मृग, कस्तुरी, नावर, कालिजहरू सजिलै अवलोकन गर्न सकिन्छ । त्यसैगरी यस क्षेत्रबाट तिब्बत भएर मानसरोवरतर्फ र डोल्फु नाका हुँदै डोल्पास्थित से-फोक्सुण्डो तालसम्मको यात्रा गर्न सकिन्छ । मुगु गाउँमा एउटा ठूलो आकर्षक झरना रहेको छ । गाउँ नजिकै गुफाहरू छन् । यो गाउँबाट कोइकी हिमाल अवलोकन गर्न सकिन्छ । यहीँ गाउँ हुँदै बग्ने मुगु कर्णाली नदीमा जल पर्यटनको ठूलो सम्भावना छ ।

भौतिक पूर्वाधार विकास तथा प्रचारप्रसार गर्न सके मुगाल समुदायले मात्रै नभई सिंगो मुलुकले यहाँको पर्यटनबाट ठूलो आर्थिक लाभ लिन सक्छ ।

तस्बिर २३ : मुगु गाउँबाट देखिने हिमालको दृश्य । फोटोः कविराज कार्की

अध्याय : सात

मुगाल जातिका चाडपर्व तथा नाचहरू

जात/जाति, समुदाय तथा भूगोल विशेषका आ-आफ्नै चाडपर्व, उत्सव, परम्परा तथा रीतिरिवाजहरू हुन्छन् । हरेक चाडपर्व तथा नाचहरूको धार्मिक, सांस्कृतिक, सामाजिक, आध्यात्मिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिकजस्ता पक्षहरू हुन्छन् । चाडपर्वले समुदायका सदस्यहरूलाई भावनात्मक रूपले जोड्ने काम गर्दछ ।

मुगाल समुदायको पनि आफ्नै संस्कार, संस्कृति, परम्परा, चाडपर्वहरू तथा नाचहरू छन् । जसले समुदायका सदस्यहरूलाई भावनात्मक रूपले जोड्ने काम गरेका छन् । मुगालहरू विभिन्न चाडपर्वहरू तथा उत्सवहरू मनाउने गर्दछन् । यी समुदायमा प्रचलित मुख्य चाडपर्वहरू तथा नाचहरूलाई यहाँ चर्चा गरिएको छ ।

७.१ ल्होसार

ल्होसार हिमाली तथा पहाडी भूभागको बौद्ध धर्मावलम्बी आदिवासी जनजाति समुदायको ऐतिहासिक र सबैभन्दा ठूलो चाड हो । 'ल्हो' र 'सार' दुई भिन्नभिन्नै मिलेर बनेको शब्द हो- ल्होसार । 'ल्हो' ले विभिन्न १२ जीवजन्तुको नाममा आधारित तत्वीय वर्षलाई बुझाउँछ भने 'सार' ले नयाँ भन्ने बुझाउँछ । त्यसैले ल्होसारको अर्थ नयाँ वर्ष भन्ने हो । १२ जीवले भोग गर्ने वर्षहरूको एउटा लोकोर या ल्होखोर्लो (वर्षचक्र) हुन्छ । यहीँ वर्षचक्रको एउटा जीव सङ्केतको एउटा वर्षबाट अर्को जीव सङ्केत वर्ष फेरिने दिनलाई नै ल्होसार भनिन्छ ।

नेपालमा हिन्दूकरणको प्रभावले थोरैले बाहेक यस चाडलाई प्रमुख चाडका रूपमा मनाउँदैनन् । राज्यद्वारा लादिएको एक भाषा, एक भेष, एक धर्म, एक देश नीतिले आदिवासी जनजातिका मौलिक चाडपर्वहरूलाई विस्थापित गराइदिए तापनि भौगोलिक रूपमा विकट एवम् राज्यको कम उपस्थिति रहेको मुगु गाउँका मुगालहरूमा हिन्दूकरणको प्रभाव कम पर्न गएका कारण आफ्नो मौलिक संस्कृतिलाई जीवित राख्न उनीहरू सफल देखिन्छ ।



ल्होसार मुगाल समुदायको प्रमुख चाड हो । उनीहरू वर्षमा दुईपटक यो चाड मान्ने गर्दछन् । नयाँ सालको पहिलो महिनाको पहिलो दिन (नेपाली पात्रोअनुसार माघ महिना) सोनाम ल्होसार मान्दछन् भने यसको एक महिनापछि (फाल्गुन महिना) ग्याल्बो ल्होसार मान्दछन् ।[54] ल्होसार हरेक वर्ष एउटा जीवजन्तुको नाममा मान्ने गरिन्छ । १२ जीवजन्तुको नाममा ल्होसार मनाइने भएकाले हरेक १२ वर्षमा एउटा चक्र पूरा हुन्छ । यसलाई उनीहरू ल्होखोर भनिन्छ । मुगालहरूको पात्रोमा प्रयोग हुने १२ वटा जीवजन्तुहरू यसप्रकार रहेका छन् ।

[54] ग्याल्बो ल्होसारलाई मुगालहरू धावा दाङबु ल्होसार भन्ने गर्दछन् ।

चित्र ७ : बाह्र वटा जीवजन्तुमा आधारित ल्होसार



मुगुम भाषामा १२ वटा जीवजन्तुहरूका नाम

क्रम सङ्ख्या	नेपाली भाषा	मुगुम भाषा
१.	मुसा	जिवा
२.	गोरु	लाङ
३.	बाघ	तग
४.	खरायो	ह्योइ

५.	गरुड	डुक
६.	सर्प	डुल
७.	घोडा	ता
८.	भेडा	ल्हुक
९.	बाँदर	टे
१०.	चरा	ज्या
११.	कुकुर	खी
१२.	बँदेल	फाक

मुगालहरू आफ्नो पात्रोको अन्तिम महिनाको २९ गतेदेखि ल्होसार मनाउन सुरु गर्छन् । जुन दिनलाई *गुप्तोर* भनिन्छ । गुप्तोर औँसीभन्दा एक दिन अगाडि पर्छ । यस दिन मुगालहरू विभिन्न नौ थरीका खानेकुराहरू जस्तैः छुर्पी, पानी, उवा, चामल, गहुँ, नुन, मासु आदि जम्मा गरी विशेष प्रकारको परिकार बनाउँछन् । यसलाई उनीहरू घुथुक[55] भनिन्छ । परिवारका सबै सदस्यहरू भेला भई खुशीसाथ घुथुक खान्छन् । घुथुक खानुभन्दा अघि पीठोको डल्ला बनाएर परिवारका सबै सदस्यहरूको शरीरलाई छुवाउदै सम्पूर्ण दशा ग्रहहरू हटोस् भन्ने

[55] 'घु'को अर्थ नौ र 'थुक' भनेको विभिन्न प्रकारका अन्नबाट बनाइएको विशेष प्रकारको थुक्पा ।

प्रार्थना गर्दै पीठोको डल्लाको भूत (डिल्हू) बनाएर घर बाहिर राखिन्छ । गुतोरको भोलिपल्ट ३० गते अर्थात् औँसीका दिन चेलिबेटीलगायतका आफन्त तथा नातेदारहरूलाई बोलाइन्छ । त्यस दिन दिउँसो करिब ३ बजेदेखि साँझ अबेरसम्म घरमा पूजापाठको काम हुन्छ । भोलिपल्ट उज्यालो नहुँदै बिहान ३ बजेतिर नै उठेर पूजाका लागि पानी लिन जान्छन् । पहिले-पहिले मुगालहरू पूजा गर्ने पानी ह्युँसे भन्ने ठाउँ (गाउँबाट ३/४ घण्टा टाढा) बाट ल्याउने गर्दथे । आजभोलि भने त्यस्तो चलन छैन । पूजाको लागि चाहिने पानी नजिकैको मुगु खोलाबाट ल्याउने गर्छन् ।

मुगु गाउँ छाडेकाहरूले भने जहाँ पानीको स्रोत भेटिन्छ, त्यहींबाट ल्याउने गर्दछन् । एक गतेका दिन पूजाको खानेकुरा बाँडेर खाने चलन छ । मुगालहरूको ल्होसारको पूजामा भेडा/खसीको टाउको राख्ने चलन छ । त्यस दिन अर्थात् १ गतेका दिन त्यस खसीको टाउको पकाएर खाने गरिन्छ । ल्होसारका समयमा मुगालहरू सबैका घरघरमा पूजापाठ गर्ने गर्दछन् । उहिले यो क्रम तीन चार दिनसम्म चल्दथ्यो, तर अहिले एकै दिनमा सक्ने गरिन्छ । ल्होसारको समय आफ्ना दाजुभाइहरूका बीचमा एकअर्काको घरमा पालैपालो गरी खाने तथा खुवाउने गरिन्छ । खान बोलाउँदा पहिले ठूलाले सानालाई बोलाउने चलन छ । दाइका घरमा गएर खाएपछि फेरि भाइहरूले दाइलाई बोलाएर खुवाउने गरिन्छ । यो क्रम २०/२५ दिनसम्म चल्दछ । यसको लगतै ग्याल्बो ल्होसार आइसक्छ । यो ल्होसारलाई भने मुगालहरू खासै मान्यता दिँदैनन् ।

मुगालहरू सोनाम ल्होसारलाई भव्यसाथ मनाउने गर्दछन् । ल्होसारका समयमा गाउँबाहिर रहेकाहरू पनि गाउँ फर्कने गर्दछन् । यस पर्वका अवसरमा यिनीहरू मिठामिठा परिकारहरू खाने तथा नयाँ-

नयाँ लुगा लगाउने गर्दछन् । ल्होसारमा मुख्यतः मासु, खाप्से, छ्याङ आदि खाने गर्दछन् । यसका साथै सबै जना भेला भएर नाचगान गरी रमाइलो गर्ने गर्दछन् । केटाकेटीहरू ठाउँठाउँमा जम्मा भएर आगो बाल्ने, रातभरि गाउने नाच्ने गर्दछन् । हरेक टोल-टोलमा परम्परादेखि नै आगो बाल्नको लागि निश्चित ठाउँ तोकिएको हुन्छ ।

मुगु गाउँमा ल्होसारको बेग्लै विशेषता रहेको पाइन्छ । नयाँ वर्ष वा 'ल्हो' सुरु भएको दिन गारा (कामी) हरू प्रत्येक घरमा पुगी टीका लगाउने चलन रहेको छ । हरेक घरमा पुग्नैपर्ने नियम भएकाले उनीहरू टीका लाउनको लागि बिहानैदेखि घरघरमा पस्नुपर्दछ । कुनै घर छुटेमा जरिवाना गर्ने गरिन्छ । त्यसैले उनीहरू भाग लगाएर को, कहाँ जाने भन्ने छुट्टाएर जाने गर्दछन् । मुगुमा गाराहरू जम्मा ८/१० घरधुरी छन् । गाराहरूले गाउँका सम्पूर्ण केटाकेटीहरूदेखि लिएर वृद्धवृद्धाहरूलाई टीका लगाई दिने परम्परा धेरै वर्ष पहिलेदेखिको हो । उनीहरूले ल्होसारको समयमा गाउँका मान्छेका अलावा घरको भ्याल र ढोकामा पनि टीका लगाई दिनुपर्दछ ।

ल्होसारमा चाहिने खानेकुराहरू जस्तैः छ्याङ, रक्सी, मासु आदि तथा अन्य सामग्रीहरू केही समय पहिले नै बन्दोबस्त गरेर राखिएको हुन्छ । ल्होसारमा अनिवार्य रूपमा चाहिने खसीको टाउको पनि मङ्सिर महिनातिरै व्यवस्था गरिएको हुन्छ । चिसो ठाउँ भएकाले मुगु गाउँमा तीन चार वर्षसम्मको पुरानो मासुसमेत पाउन सकिन्छ ।[56]

७.२ मुगाल जातिको १२ महिनाको नाम

मुगाल जातिमा १२ महिनालाई जनाउने आफ्नै नाम रहेका छन् । उनीहरूको नयाँ वर्ष पुस महिनादेखि सुरु हुन्छ ।

[56] दावा तामाङ र याङजोर लामासँगको कुराकानी र तामाङ (२०६३) मा आधारित ।

तालिका ७ : मुगाल भाषामा १२ महिनाको नाम

क्रम सङ्ख्या	मुगुम भाषा	नेपाली
१	ठेला	पुस
२	भेला	माघ
३	नाम्दो	फागुन
४	दुगु	चैत
५	डापरी	वैशाख
६	क्याङ	जेठ
७	ल्हुकिडिङ	असार
८	बिक्पा	साउन
९	माल्पु	भदौ
१०	मिन्डुग	असोज
११	होउ	कात्तिक
१२	तावा	मङ्सिर

७.३ याप्लाङ कोगे पर्व

मुगालहरूको अर्को महत्वपूर्ण पर्व याप्लाङ कोगे पर्व हो । ल्होसारजस्तै यो पर्व पनि वर्षको दुईपटक मनाउने गर्दछन् । यस पर्वको बेग्लै खालको विशेषता रहेको पाइन्छ । जेठ महिनामा मनाइने याप्लाङ कोगे मुगु गाउँदेखि उँभो छोट्टी चौर जसलाई मुगालहरू च्याम्जेन भनिन्छ, मा गएर मनाइन्छ भने कात्तिक महिनामा मनाइने यो पर्व गाउँकै ठाडो गुम्बा (जसलाई मुगालहरू नेसार्वा भन्ने गरिन्छ) मा गएर मनाउने गर्दछन् ।

यो पर्व मनाउन करिब १६ वर्षदेखि २५ वर्षसम्मका केटाकेटी/महिला र पुरुषहरू सहभागी हुने गर्दछ । पर्वका धेरैजसो सहभागीहरू अविवाहित हुने गर्दछन्, तर विवाहित भए पनि बालबच्चा भइनसकेका महिलाहरू सहभागी हुन्छन् । विवाहित र अविवाहितले लगाउने पोशाक फरक हुने भएकाले को विवाहित को अविवाहित भन्ने सजिलै छुट्याउन सकिन्छ । विवाहित पुरुषले सेतो पगरी र महिलाले विशेष किसिमको गहना लगाउँछ ।

याप्लाङ कोगे पर्वमा एक महिनासम्म हाँसखेल तथा रमाइलो गरेर मनाउने गरिन्छ । मनोरञ्जन गरेर मनाइने यो पर्वमा १५/२० जनाको अलगअलग जोडी बनाएर एक महिनाका लागि पुग्ने खाने, लाउने र बस्ने कुराहरू बोकेर जान्छन् । बस्नको लागि पालको व्यवस्था गरिएको हुन्छ । पर्व मनाउनको लागि हरेक उमेरका पुरुष तथा महिलालाई विभिन्न समूहमा विभाजन गरिन्छ । समूह विभाजन गर्दा आफ्नै श्रीमान/श्रीमती भने सँगै राखिँदैन । यो पर्वको विशेषता नै मनोरञ्जन दिलाउने भएकाले पर्वमा केटाकेटीहरूबीच ख्याल ठट्टा गर्ने, माया प्रेमका कुरा गरी जिस्काउने, भावना साटासाट गर्ने गरिन्छ । यो पर्वले मुगाल केटाकेटीबीच भावनात्मक सम्बन्ध बढाइदिनुको साथै प्रेम प्रस्ताव राख्ने र आफूलाई मनपर्ने जोडी छनौट गर्ने अवसर समेत दिलाउछ । पर्वको समयमा गरिने मायाजालका कुरा, एक अर्कालाई मन पराउने कुरा तथा प्रेम प्रस्ताव राख्नेजस्ता कुराहरूमा परिवारको कुनै पनि प्रकारको हस्तक्षेप एवम् दबाब हुँदैन । यस समयमा विवाहितबीच एकअर्कालाई मन पराइ अरुको लोग्ने/स्वास्नी भगाउने कामसमेत हुने गर्दछ । त्यसैले याप्लाङ कोगे पर्व र नाचलाई असल प्रेमको पर्यायको रूपमा लिइन्छ ।

७.४ मुगाल जातिमा प्रचलित नाचहरू

सदियौँ पहिलेदेखि मानिसहरूले कुनै न कुनै रूपमा आफ्नो परिवेशअनुसार विभिन्न प्रकारका मनोरञ्जनका साधनहरूको सिर्जना गर्दै र त्यसैलाई प्रचलन बनाएर सञ्चालन गर्दै आएको पाइन्छ । मानसिक तनावलाई घटाई मन र शरीरलाई उत्साहित गराई आनन्द दिलाउने हुँदा यस्ता मनोरञ्जनका प्रचलनहरू मानव जीवनका महत्वपूर्ण अभिन्न अङ्गका रूपमा स्थापित हुँदै आएका छन् । हरेक जातजातिका आआफ्नै मौलिक नाचहरू हुन्छन् । हरेक नाचहरूसँग ऐतिहासिक सम्बन्ध रहेको हुन्छ ।

मुगाल समुदायमा विभिन्न नाचहरू प्रचलित छन् । यी समुदायमा मुख्यतः चार प्रकारका नाचहरू बढी प्रचलनमा छन् । ती नाचहरू निम्नअनुसारका छन् ।

१. स्ह्याबरु
२. चेलु
३. गिङ्लु
४. याब्लाङ कोगे नाच

७.४.१ स्ह्याबरु नाच

स्ह्याबरु मुगाल समुदायमा प्रचलित एक नाच हो । यो नाच विभिन्न सामाजिक तथा सांस्कृतिक अवसरहरूमा नाच्ने गरिन्छ । यो नाच केटा र केटी/महिला र पुरुष मिलेर छिटोछिटो गतिमा नाच्ने गरिन्छ । ल्होसार पर्वमा, विवाहमा, नयाँ गुम्बा बनाउँदा, घर बनाउँदा र पूजा लाउँदा यो नाच प्रस्तुत गर्ने गरिन्छ । यो नाचमा आफ्नै मौलिक पोसाक लगाएर नाच्ने गरिन्छ । यो नाचमा गाइने गीतका बोलहरू:

- पासाङ बुटिग
- डिल्पु चिङचिङ
- कर्मा थाराथुरु
- छ्युमु हाँडो
- ग्यागर स्यारला चियाङदुग आदि ।

७.४.२ चेलु नाच

चेलु मुगाल समुदायमा प्रचलित अर्को नाच हो । यो पनि ल्होसार, नयाँ गुम्बा बनाउँदा, पूजा गर्दा तथा अन्य सांस्कृतिक अवसरहरूमा नाचिन्छ । यो स्हयाबरु नाचभन्दा अलि ढिलो गतिमा नाचिन्छ । यस नाचमा ५/६ जनादेखि १०० जनासम्मको समूह बनाएर नाचिन्छ । चेलु नाचमा गाइने गीतका बोलहरू यसप्रकार छन् ।

- टासीपी लु
- लु ताली ताली
- स्यूहारला ल्हामु ग्यानी डो
- स्यूहारला छ्योक्धाङ
- म्हेन्दोग ग्याङ्ने जेसोङ

७.४.३ गिङलु नाच

मुगाल समुदायको अर्को महत्वपूर्ण नाच गिङलु नाच हो । यो नाच चेलु नाचभन्दा पनि अझ ढिलो गतिमा नाचिन्छ । यो नाचमा सहभागीहरूले अनिवार्य रूपमा आफ्नो जातीय पोशाक लगाउनुपर्दछ । यस नाचमा गाइने गीतका बोलहरू यसप्रकार छन् ।

- ख्युङ डोलाए

- गोदी स्ह्यारगी छ्योकला
- गिलीङ लिङपु खारगी
- ङा छो ह्याह्या डोद्वी, खाबा म्हाङम्हाङ बापसोम

७.४.४ याप्लाङ कोगे नाच

याप्लाङ कोगे मुगाल समुदायको एक मौलिक एवम् महत्वपूर्ण नाच हो । यो याप्लाङ कोगे पर्वको नामबाट रहन गएको हो । याप्लाङ कोगे पर्वमा नाचिने भएकाले नै यसलाई याप्लाङ कोगे नाच भनिएको हो । यो नाच याप्लाङ कोगे पर्वबाहेक अन्य उत्सव तथा शुभ कार्यहरूमा समेत नाच्ने गरिन्छ । यस नाचमा युवायुवतीहरू आफ्नो मौलिक वेषभूषा तथा गरगहनाहरू लगाई नाच्ने गरिन्छ ।

तस्बिर २४: याप्लाङ कोगे नाच नाच्दै मुगालहरू । फोटो: दावा लामा (मुगुम)

७.५ मुगाल लोक बाजा

हरेक आदिवासी जनजाति समुदायका आ-आफ्नै मौलिक लोक बाजाहरू छन् । लोक बाजाहरू गीत, नृत्य र सन्दर्भअनुसार बजाइने गरिन्छ । मुगाल समुदायको प्रसिद्ध लोक बाजा घोऊँ हो । यसलाई *डाङीन* पनि भनिन्छ । 'डा' को अर्थ आवाज र 'ङीन' को अर्थ मिठो अथवा सुरिलो भन्ने बुझिन्छ । मिठो आवाज निस्कने भएकाले डाङीन भनिएको हो । यसका साथै मुगाल समुदायका अन्य बाजाहरूमा ड्याङ्ग्रो (ङा), भ्याम्टा (छ्यालाम), केलिङ, डिल्बु (घण्टी), शङ्ख आदि हुन् । धार्मिक तथा सांस्कृतिक कार्यक्रमअनुसार यी फरक-फरक बाजाहरू बजाउने गरिन्छ ।

तस्बिर २५: मुगाल जातिको परम्परागत बाजा घोऊँ/डाङीन

अध्याय : आठ

आदिवासी तथा परम्परागत ज्ञान र सीप

आदिवासी जनजाति समुदायका आ-आफ्नै परम्परागत ज्ञान तथा सीप हुने गर्दछन् । स्थानीय पर्यावरणसँग अनुकूलन एवम् समायोजन हुनका लागि यिनीहरूले आफ्नै खाले सीप तथा ज्ञानको विकास गरेको हुन्छन् । मुगाल आदिवासी जनजातिको पनि आफ्नै खाले सीप तथा ज्ञान रहेको छ । सदियौँदेखि अभ्यास गर्दै आएको यिनीहरूको सीप तथा ज्ञानलाई आधुनिकताको नाममा विकसित ज्ञान र प्रविधिले विस्तारै विस्थापित गरिँदै लगिएको देखिन्छ ।

८.१ प्राकृतिक स्वास्थ्योपचार

आदिवासी जनजातिका आफ्नै खाले स्वास्थ्योपचार रहेको हुन्छ । यिनीहरूमा प्राकृतिक स्वास्थ्योपचारको अभ्यास धेरै पहिलेदेखि हुँदै आएको पाइन्छ । प्राकृतिक स्वास्थ्योपचार दुर्गम तथा विकट गाउँमा बस्नेहरूको परम्परा नै हो । मुगालहरूको बसोबास रहेको मुगु गाउँ अत्यन्तै दुर्गम तथा पिछडिएको ठाउँमा पर्दछ । आधुनिक स्वास्थ्य सेवाको सुविधाबाट टाढा रहेको मुगु गाउँका मुगालहरू प्राचीन समयदेखि नै प्रकृतिमा पाइने विभिन्न जडीबुटीबाट स्वास्थ्योपचार गर्दै आएका छन् । उनीहरू आदिवासी ज्ञानको माध्यमबाट रोगलाई पहिचान गरी उपचार गर्ने गर्दछन् । बिरामी उपचार गर्ने चिकित्सकलाई मुगालहरू एम्जी भनिन्छ । एम्जीले आयुर्वेदिक विद्यामा ज्ञान हासिल गरेको हुन्छ ।

बिरामी पर्दा मुगाल जातिले प्रयोग गर्ने घरायसी जडीबुटी विभिन्न प्रकारका हुन्छन् र तिनलाई बिरामीको प्रकृति हेरी प्रयोग

गर्दछन् । मुगाल जातिले प्रयोग गर्ने जडिबुटी र तिनको निदान तरिका यसप्रकार रहेको छ ।

क्र.सं.	रोगको प्रकृति	उपचार विधि
१.	साधारण घाउचोट लागेमा	▪ सेतो डुडसिल (खार्गुङ ढुङ्गा) घोटेर लगाइन्छ ।
२.	टाउको दुखेमा र ज्वरो आएमा	■ चिराइतो खुवाइन्छ ।
३.	आँखा पाकेमा	■ चुत्रो (क्येर्बा) को खोटी बनाई लगाइन्छ ।
४.	कान पाकेमा	■ चौँरीगाईको घिउ हाल्ने गरिन्छ ।
५.	पेट दुख्दा	■ तातो पानी खाने गरिन्छ ।
६.	खोकी लाग्दा	■ चिराइतो र मह खाने गरिन्छ ।
७.	हात/खुट्टा भाँच्चिएमा	■ पहेलफूले र बेलो बान्ने जार कुटेर घाउमा राखी काप्री बान्ने गरिन्छ ।
८.	औलो ज्वरो आएमा	■ भालुको पित्त खुवाउने गरिन्छ ।
९.	शीत ज्वरो आएमा	■ झ्यारलको नाभी तातो पानीमा उमाली खाने गरिन्छ ।
१०.	सर्पले टोकेमा	■ कस्तुरीको बिना खुवाउने गरिन्छ ।

११.	दमको रोग लागेमा	▪ दुम्सीको पित्त वा बाँदरको पित्त खुवाउने गरिन्छ ।
१२.	धरिलो हातहतियारले काटेमा	▪ सतुवा घोटेर लगाउने गरिन्छ ।

८.२ धार्मिक लोकरीति

आदिवासी जनजाति समुदायहरूमा विभिन्न धार्मिक लोकरीतिहरू हुन्छन् । मुगाल समुदायमा पनि धार्मिक परम्परामा आधारित विभिन्न उपचार रीत र विधिहरू रहेका छन् । यो समुदायमा महिला सुत्केरी हुन नसकेमा वा सुत्केरी हुन गाह्रो भएमा ४ ढोके मोहर पैसा देखाइनुका साथै लामाले घिउको माछा बनाई त्यसलाई तन्त्रमन्त्रद्वारा जप गराई महिलालाई खुवाउने गर्छन् । यसो गर्दा महिला सुत्केरी हुन सजिलो हुन्छ भन्ने विश्वास रहेको छ । त्यसैगरी महिलाको सालनाल नखसेमा पनि ४ ढोके मोहर देखाइन्छ र मुखभित्र कपाल हालेर वाक-वाक गर्न लगाउँदछन् । कसैलाई छारे रोग लागेमा वा भूतप्रेत लागेमा चुन्बा वा लामाले तन्त्रमन्त्र र पूजा गरी सञ्चो गराउने लोकपरम्परा मुगाल जातिमा रहेको छ ।[57]

८.३ प्राकृतिक स्रोत व्यवस्थापन

आदिवासी जनजातिहरूको प्रकृतिसँग घनिष्ठ सम्बन्ध रहेका हुन्छन् । जल, जमिन र जङ्गलसँग उनीहरूको विशेष सम्बन्ध रहेको

[57] मुगाल समुदायका सदस्यहरूसँगको कुराकानी तथा शाही (२०५८) मा आधारित ।

हुन्छ । उनीहरूको प्राकृतिक स्रोत व्यवस्थापनको तरिका आफ्नै खालको हुने गर्दछ ।

मुगु कर्णाली नदी किनारामा अवस्थित गाउँ हो । यस गाउँमा यार्सागुम्बाजस्ता बहुमूल्य जडिबुटी पाइनुका साथै धूपी, कट्टुसजस्ता औषधीजन्य जडिबुटीहरू पाइन्छन् । मुगालहरू स्थानीयस्तरमा पाइने जडिबुटी तथा जङ्गली जनावरहरूको संरक्षण गर्ने गर्दछन् । आफ्नो भूमिमा पाइने जडिबुटीहरूलाई उनीहरूको अनुमतिबिना बाहिरी मानिसलाई सङ्कलन गर्न दिँदैनन् । उनीहरू यार्सागुम्बा वर्षको एकपल्ट जेठ महिनामा मात्रै निश्चित कर लिई सङ्कलन गर्ने अनुमति दिन्छन् । करबाट प्राप्त रकमलाई गाउँको विकासमा प्रयोग गर्दछन् र केही रकम गुम्बा व्यवस्थापनजस्ता धार्मिक कार्यमा खर्च गर्ने गर्दछन् ।

मुगालहरू प्राकृतिक स्रोतहरूको अनावश्यक दोहन गर्दैनन् । नदी किनारामै बसे पनि उनीहरू ढुङ्गा तथा बालुवा झिक्दैनन् । नदीलाई सधै सफा राख्नुपर्दछ भन्ने विश्वास उनीहरूमा पाइन्छ । प्राकृतिक स्रोत व्यवस्थापनमा मुगु गाउँमा स्थापित सङ्घसंस्थाहरूले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । मुगु गाउँमा कस्तुरी, घोराल, झारल, नाउरजस्ता वन्यजन्तुहरू पाइन्छन् । मुगालहरू बौद्धमार्गी भएकाले जनावरहरूको सिकार गर्दैनन् र अरूलाई पनि गर्न दिँदैनन् ।

त्यसैगरी हिमाली गाउँ मुगुका मुगालहरू चिसोबाट बच्न घर निर्माणमा स्थानीय ढुङ्गा र काठको मात्र प्रयोग गर्दछन् । चिसोबाट बच्नका लागि घरमा सानो एउटा झ्याल मात्र राख्ने गर्दछन् । याक, चौँरीगाई तथा भेडाको ऊन प्रशस्त पाइने हुँदा हरेक घरमा पशुजन्य कुटीर उद्योग हुन्छन् । यसबाट उत्पादित सामग्रीहरू आफैं प्रयोग गर्छन् र बचत भएमा अन्य ठाउँमा लगि बिक्री गर्छन् । मुगु गाउँको वातावरण

र जमिन आलु खेतीका लागि उपयुक्त भएकाले त्यसलाई प्राथमिकता दिने गर्दछन् ।

गाउँमा वनजङ्गल थोरै भएकाले र तिनका संरक्षणका हेतुले आफूलाई आवश्यक पर्ने काठ/दाउरा गाउँभन्दा धेरै टाढा-टाढाबाट ल्याउने गर्दछन् । चिसो ठाउँमा दाउरा धेरै चाहिने हुनाले हरेक घरपरिवारले बढीभन्दा बढी दाउरा सङ्कलन गरेर बचत गरी राखेको हुन्छ । खेतीयोग्य जमिन सीमित भएको हुनाले जमिनको खण्डीकरण रोक्नका लागि सकेसम्म दाजुभाइ नछुट्टी बस्ने र छुट्टिनुपऱ्यो भने पनि ढिलो छुट्टिने चलन रहेको पाइन्छ ।

अध्याय - नौ

मुगाल जातिमा प्रचलित जनश्रुति

मुगु गाउँका मुगाल जातिमा दुईवटा जनश्रुतिहरू विशेष प्रचलनमा रहेका पाइन्छन् । अहिलेका धेरै युवा पुस्तालाई यस जनश्रुतिहरूका बारेमा जानकारी नभए पनि पुराना पुस्ताका माझ यी लोकप्रिय छन् ।

९.१ मुगु गाउँमा काग, सर्प र बाघ आउँदैन भन्ने जनश्रुति

मुगु गाउँमा काग, सर्प र बाघ आउँदैन भन्ने जनविश्वास रहेको छ । यो विश्वास ऐतिहासिक घटनासँग जोडिएर गर्ने गरेको पाइन्छ । मुगु गाउँमा मानवबस्तीको विस्तार हुनुअघि धूपीको जङ्गल थियो । यस गाउँको ठीक पारिपट्टिको जङ्गलमा रहेको गुफामा तिब्बतबाट आएका लामा छ्योकु रिम्पोछे आफ्ना सहयोगीहरूसहित ध्यानमा बसेका थिए । एक दिन उनले पारिपट्टिको जङ्गलका बीचमा राति आगो बलिरहेको देखे । जुन ठाउँ अहिलेको मुगु गाउँ थियो । जङ्गलका बीचमा आगो बल्ने क्रम निरन्तर चलिरह्यो । त्यसपछि छ्योकु रिम्पोछेले त्यस आगो बल्ने ठाउँमा बस्ती बसाल्ने विचार गरे । सोहीअनुरूप एक रात उनले बत्ती बलिरहेको ठाउँमा दहीले भरिएको कचौरा फ्याँके । भोलिपल्ट बिहानै हेर्न जाँदा त्यो कचौरा जङ्गलको बीचमा रहेको एउटा धूपीको रुखको टुप्पामा देखियो । त्यसपछि उनले आफ्ना चेलाहरूलाई त्यो रुख काट्न लगाए । उनीहरूले त्यो आगो बल्ने रुख काट्ने प्रयास गरे । तर रुख धेरै ठूलो भएकाले एकै दिनमा ढाल्न सकेनन् । काट्दा काट्दै रात परेकाले छोडेर उनीहरू गुफा हिँडे । भोलिपल्ट बिहानै रुख ढाल्नका लागि आए, तर अचम्म के भयो भने एक दिन अगाडि काटिएको भाग पुरिएर जस्ताको

तस्तै थियो । यो देखेर उनीहरू चकित भए । यस्तो खाले घटनाक्रम तीन दिनसम्म लगातार दोहोरिएकाले रुख काट्दा काटिएको भाग लामाले आफ्नो पटुकाले बेस्सरी बाँधेर गुफा फर्किए ।

भोलिपल्ट फर्केर आउँदा अघिल्लो दिन जस्तो घट्ना दोहोरिएन र बाँकी भाग काटेर रुख ढालियो, तर अचम्म के भयो भने रुख ढाल्दा त्यहाँबाट एउटा काग, एउटा सर्प र एउटा बाघ गरी तीनवटा प्राणीहरू प्रकट भए । रुखबाट प्रकट भएको काग उड्दै उत्तरतिर लाग्यो । गुरु रिम्पोछेले कागलाई लखेट्दै गए । लखेटदै जाँदा चाक्तोचेन भन्ने ठाउँमा काग भेटियो र त्यसलाई गुरुले त्यहीँ मारे । कागलाई मार्दा कागको रगत सबैतिर छरियो र ढुङ्गा, माटो र पानी रगताम्य भयो । त्यसैले अहिलेसम्म पनि चाक्तोचेनको सबै चिज रातै भएको हो भन्ने विश्वास मुगाल समुदायमा रहेको छ ।

उत्तर भोटतिरबाट उडेर आउने कागहरू चाक्तोचेन नाघेर मुगु गाउँतिर आउँदैनन् र फर्केर उतै जान्छन् भन्ने जनविश्वास मुगाल समुदायमा रहेको छ । मुगु गाउँमा आउने काग भोटतिरबाट नभई खसानतिरबाट आएका हुन् भन्ने उनीहरूको विश्वास छ ।

कागलाई मारेपछि छ्योकु रिम्पोछेले सर्पलाई लखेटे । सर्प उँधोतिर लाग्यो । लखेट्दै जाँदा सर्प बाक्सो सा भन्ने ठाउँमा भेटियो र छ्योकुले सर्पलाई त्यहीँ मारिदिए । त्यस बेलादेखि उँधोबाट सर्प लेकतिर आउन नसकेको र मुगु गाउँमा कहिल्यै सर्प आउँदैन भन्ने विश्वास मुगाल समुदायमा रहेको छ । छ्योकु रिम्पोछे हिंसाका विरोधी भए पनि जनकल्याणका लागि र अनिष्टबाट बचाउनका लागि उनले प्राणी हत्या गरेका हुन् भन्ने भनाइ रहेको छ ।

सर्पलाई मारेपछि रिम्पोछेले उँधोतिर लागेको बाघलाई लखेट्दै गए, तर उहाँले बाघलाई भेट्टाउन सक्नुभएन । पछि रिम्पोछेले बाघ

कहिल्यै फर्केर आउन नसकोस् भनी मन्त्र पाठ गरे । त्यस बेलादेखि अहिलेसम्म मुगु गाउँमा बाघ नआएको र नआउने जनविश्वास रहेको छ ।

९.२ मुगाल समुदायमा प्रचलित 'वचन बोल्ने' नामबारे जनश्रुति

मुगाल समुदायमा प्रचलित अर्को किंवदन्ती हो मूर्तिले '*वचन बोल्ने*'। किंवदन्तीअनुसार धेरै समयपहिले सेरखाङ गुम्बाको छ्योकु रिम्पोछेको मूर्ति चोरी भएछ । त्यो मूर्ति तीन जना चोरहरूले मिलेर चोरेका रहेछन् । चोरहरूले मूर्तिलाई सिरानी चौरको एउटा ओढारमा राखेछन् र तीन जनाले बराबर बाँड्न मूर्तिलाई काट्न खुकुरी हान्दा मूर्तिले 'अच्छ मुङगेन' भनेर मुगुम भाषामा बोलेछ र मूर्ति उफ्रेर ओढारमाथि बसेछ र ओढार भत्केर तीन जना चोरहरू त्यहीँ मरेछन् । अनि छ्योकु रिम्पोछेको मूर्ति फर्केर पहिलेको ठाउँमा नै गएर बसेछ । दोस्रोचोटी गुम्बामा आगलागी हुँदा आगो लाग्यो भनेर मूर्ति बोलेछ । यहीँ बेलादेखि सेरखाङ गुम्बालाई 'वचन बोल्ने' गुम्बाको नामबाट चिनिन थालेको हो भन्ने जनविश्वास रहेको छ । अहिले पनि मुगाल समुदायमा वचन बोल्ने नाम धेरै प्रसिद्ध छ ।

अध्याय : दश

मुगाल समुदाय र संस्कृति : परिवर्तन र निरन्तरता

यस शीर्षकअन्तर्गत मुगाल जातिको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक जीवनमा देखा परेका परिवर्तन र निरन्तरतालाई प्रस्तुत गरिएको छ ।

सिंगो विश्व एक गाउँ बन्दै गएको वर्तमान समयमा कुनै पनि राष्ट्र, समाज, समुदाय, परिवार र व्यक्ति स्वतन्त्र र अलग रहन सक्दैनन् । विश्वव्यापीकरण प्रकृयाले विश्वभरिका विभिन्न समाज र संस्कृतिहरूबीच अन्तरसम्पर्कपना र अन्तरनिर्भरतालाई बढाउदै लगेको छ र यसले स्थानीय समुदायका सामजिक-सांस्कृतिक जीवनलाई ठूलो प्रभाव पारेको देखिन्छ ।

रन्किन (२००४) का अनुसार अन्तर्राष्ट्रिय बसाइँसराइ, वस्तुहरूको विस्तार, टेलिभिजन र इन्टरनेटको माध्यमबाट सांस्कृतिक वस्तु, मूल्य र मान्यताहरू एक स्थानबाट अर्को स्थानमा स्थान्तरण भइरहन्छ । कुनै निश्चित भौगोलिक परिधिभित्र मात्र अब संस्कृति सीमित रहन सक्ने अवस्था छैन । तर पनि भौगोलिक रूपमा एक्लिएर रहेको दुर्गम मुगु गाउँ र मुगाल समुदायका धेरै संस्कार, संस्कृति र परम्पराले अझै निरन्तर पाएका छन् । एब्लाङ कोगे, ल्होसार, सोल्जी, गिङलु, चेलु आदि मुगाल समुदायका जीवित संस्कार र परम्परा हुन् । व्यक्तिगत लाभ र हानीको हिसाब किताबमा चल्ने वर्तमान पूँजीवादी समाजमा अझै पनि सामूहिकताको भावनाबाट प्रेरित छन्, अपवादको रूपमा मुगाल समुदाय । आफ्ना समुदायका सदस्यहरूको दुःखसुखमा साथ र सहयोग दिन मुगालहरू अहिले पनि उत्तिकै सक्रिय छन् । यी समुदायले आफ्ना समुदायका सदस्यहरूलाई एकीकृत गर्न अझै पनि

मुगुम वचन बोल्ने समूह, मुगुम बुद्धिष्ट वेलफेयर एसोसियनजस्ता सामुदायिक संस्थाहरू क्रियाशील छन् ।

बढ्दो पूँजीवादी संस्कार, विश्वव्यापीकरण र आधुनिकीकरणको प्रभावबाट मुगाल समुदाय अछुतो रहन सकेको छैन । सामान्य तथा परम्परागत जीवन बिताएका मुगालहरूको व्यापारिक क्रियाकलाप अन्य ठाउँतिर विस्तारित हुँदै जाँदा आधुनिकताको नाममा उनीहरूमा उपभोक्तावादी संस्कृति भित्रिदै गएको पाइन्छ । पश्चिमी संस्कृतिले मुगालहरूको वेषभूषा, गरगहना तथा जीवनयापनको प्रत्येक पाइला पछ्याउँदै गएको देखिन्छ । तर पनि बदलिदै गएको आधुनिक जीवनशैलीका कारण अन्य समुदायहरूका मौलिक संस्कृति लोप हुँदै गएको अवस्थामा मुगाल समुदायले भने बचाइराखेको पाइन्छ ।

चाडपर्वमा अनपेक्षित खर्च बढाउँदै जानु, विलासिताका सामानहरू उच्च मूल्यमा आयात गर्नु र प्रयोग गर्नुले मुगालहरू विस्तारै उपभोक्तावादी बन्दै गएको देखिन्छ । यस्ता खाले व्यवहार र संस्कारले मुगालहरू पुँजीवादतिर आकर्षण हुँदै गएको प्रष्ट हुन्छ । विवाहलगायत अन्य सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरूमा भौतिक वस्तुहरूको अत्याधिक मात्रामा महत्व बढेसँगै मुगालहरूमा आर्थिक बोझ पनि थपिँदै गएको देखिन्छ ।

नवउदारवादसँगै विस्तारित बजारहरूले मुगाल समुदायको परम्परागत घरेलु उद्योगहरूलाई मात्रै विस्थापित गरेका छैनन् । धनी र गरिबबीचको खाडललाई झनै बढाएका देखिन्छन् । कुनै समय तिब्बत र नेपालबीच व्यापारिक गतिविधिको केन्द्रको रूपमा रहेको मुगु गाउँमा केही कुलीन/टाठाबाठा (Elites) ले व्यावसायिक क्षेत्रबाट आयआर्जन गर्न सके पनि सोझा र निमुखाहरूको दैनिकी दिनानुदिन कठिन बन्दै गएको देखिन्छ ।

लत्ताकपडालगयात अन्य घरायसी सामग्रीहरूमा आत्मनिर्भर मुगालहरू विस्तारै परनिर्भर बन्दै गएका छन् । स्थानीयस्तरमा उत्पादित परम्परागत वेषभूषा र गरगहनाहरूलाई बाहिरबाट आयतित त्यस्ता सामग्रीले विस्थापित गर्दै लगेको देखिन्छ । पहिले दैनिक रूपमा लगाउने जातीय पोशाक तथा गरगहना अहिले विशेष चाडपर्वहरूमा मात्रै लगाउनेमा सीमित देखिन्छ ।

आधुनिकताको नाममा आफ्नो रैथाने संस्कृति, परम्परा, सीप र ज्ञानलाई बिर्सदै र गुमाउँदै गएको देखिन्छ । व्यापार/व्यवसाय र वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी काठमाडौँजस्ता शहरी क्षेत्रहरूमा लगानी गरी त्यतै बसोबास गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यसरी सेवा, सुविधा तथा अवसरका लागि गाउँबाट सहर पस्ने क्रम बढेसँगै सामाजिक संरचना, सम्बन्ध र अन्तर्क्रियाका स्वरूपहरूमा परिवर्तन हुँदै आएको पाइन्छ । मुगु गाउँ बच्चा, वृद्ध र गरिबहरूको मात्र आश्रयस्थलको रूपमा रूपान्तरित हुँदै गएको देखिन्छ । आधुनिक विकासको नाममा स्थापित राजनीतिक प्रणालीले मुगाल जातिको परम्परागत राजनीतिक तथा सामाजिक व्यवस्थालाई कमजोर बनाइएको पाइन्छ ।

सामूहिक लाभ र हानीमा चल्ने मुगाल समुदाय पुँजीवादी व्यवस्थामा जोडिएसँगै व्यक्तिवादी हुँदै गएको देखिन्छ । विकासका नाममा विभिन्न सङ्घसंस्था स्थापना गरी पश्चिमी विकासे मोडललाई पछ्याइरहेका छन् । परिणामस्वरूप मौलिक ज्ञान र सीप लोप हुँदै गएका छन् । मानिसको गतिशीलता बढेसँगै मुगाल जातिको पुख्यौंली व्यापार/व्यवसाय जोखिममा पर्दै गएका छन् । वर्षौंदेखि यार्सागुम्बा लगायतका जडिबुटी व्यवसायमा एकलौटी अधिपत्य रहदै आएकोमा

बाहिरी मानिसको आगमन र हस्तक्षेप भएसँगै उनीहरूको पेशामा नै संकट आएको छ ।

आधुनिकीकरण र भूमण्डलीकरणको प्रभाव कम विकसित मुलुकहरूमा सकारात्मकभन्दा नकारात्मक बढी हुन्छ भन्ने ग्रिण्डल (२०००) को तर्कलाई मुगाल समुदायमा देखिएको प्रभावले सही साबित गरेको छ । नकारात्मक प्रभावहरूका बीच मुगाल समुदायमा थुप्रै सकारात्मक परिवर्तनहरू पनि भएको पाइन्छ । आफ्नो जातीय पहिचानप्रतिको लगाव र संघर्ष अनि अन्तर्राष्ट्रिय बजारसम्म आफ्नो व्यापार/व्यवसायलाई पुऱ्याउन सक्नु भूमण्डलीकरणको सकारात्मक पाटो मान्न सकिन्छ । त्यसैगरी शिक्षामा पहुँच विस्तार भएसँगै विकृतको रूपमा रहेको बालविवाहमा कमी आएको छ । चेतनाको विकास सँगसँगै तामाङ, लामा, मुगाल आदि नामले चिनिएका मुगालहरू अहिले मुगुम जातिले चिनिने क्रममा छन् । यो कुरा मुगालहरू बसोबास गर्ने गाउँपालिकाको नामबाट नै पुष्टि गर्दछ । वि.सं. २०६२/६३ को जनआन्दोलन र मधेश आन्दोलनबाट नेपाल संघीय गणतन्त्र मुलुकको रूपमा रूपान्तरित भएसँगै उनीहरूको गाउँपालिकाको नामकरण उनीहरूकै समुदायको नामबाट 'मुगुम कार्मारोङ' राखिएको छ । स्वास्थ्य सेवाबाट वञ्चित मुगाल समुदायका निम्ति नजिकैको पुलु गाउँमा वि.सं. २०७५ सालमा सुविधा सम्पन्न अस्पताल स्थापना गरिएको छ । कृषियोग्य जमिनको अभावका बावजुद् पनि व्यापार तथा वैदेशिक रोजगारीको अवसरले मुगाल समुदायको आर्थिक क्षेत्रमा ठूलो प्रगति भएको छ । केही वर्षअघिसम्म सञ्चार सेवा र सुविधाबाट वञ्चित समुदायमा अहिले मोबाइल, रेडियो, टेलिभिजनजस्ता आधुनिक सञ्चारका साधनहरू अपरिहार्य भइसकेको छ ।

आधुनिक राजनीतिक व्यवस्थाबाट बेखबर मुगालहरू विश्वव्यवस्थामा जोडिएसँगै राष्ट्रिय राजनीतिमा सक्रिय हुँदैछन् । जुन कुरा स्थानीय तह, प्रादेशिक तहको निर्वाचन र पहिचानको राजनीतिमा उनीहरूले देखाएको सहभागिताले पुष्टि गरेको छ । पछिल्लो समय स्थानीय नै केन्द्र (Local is Focal) भन्ने मान्यता बहसमा आएसँगै स्थानीय स्रोत र साधनको व्यवस्थापन र उपभोगमा मुगाल समुदायको सक्रियता बढेको पाइन्छ ।

अध्यायः एघार

निष्कर्ष

मुगाल नेपालको एक सिमान्तकृत एवम् अल्पसङ्ख्यक आदिवासी समुदाय हुन् । आधुनिक शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिलगायतका क्षेत्रमा यो समुदायको उपस्थिति निकै न्यून छ । भौतिक पूर्वाधारको अभाव र स्वास्थ्य सेवामा पहुँचको कमीका कारण समुदायका धेरै सदस्यहरू अकालमै ज्यान गुमाउन बाध्य छन् । गाउँको एक मात्र प्राथमिक विद्यालयमा नियमित पठनपाठन हुँदैन र बालबालिकाको सिकाइ उपलब्धि निकै कमजोर रहेको छ । आधुनिकताको नाममा थोपरिएको नयाँ राजनीतिक व्यवस्थाले समुदायका चोहु, घोवाजस्ता परम्परागत सामाजिक-राजनीतिक र न्यायिक व्यवस्थालाई विस्थापित गरिदिएका छन् ।

भौगोलिक दृष्टिले दुर्गम मुगु गाउँमा राज्यको उपस्थिति लगभग शून्यजस्तै रहेको छ। सडक पूर्वाधार नहुँदा बजार र प्रशासनिक कामका लागि जिल्ला सदरमुकाम पुग्न तीन दिनभन्दा बढी पैदल हिँड्नुपर्ने बाध्यता मुगाल समुदायको छ । तिब्बती बजार नजिक भए पनि कूटनीतिक प्रयासको अभावमा चिनियाँ सरकारले वर्षमा एकपटक मात्रै नाका खोल्ने गरेको छ । सिमाना खुलेको समयमा मुगालहरूले तिब्बतबाट वर्षभरिलाई पुग्ने खाद्यान्न लगायतका दैनिक उपभोग्य वस्तुहरू ल्याई संचय गर्ने गर्दछन्। खेतीयोग्य जमिन नहुँदा मुगु गाउँमा खाद्य संकटको समस्या विकाराल रहेको छ । गाउँमा उत्पादन हुने खाद्यान्नले छ महिनासम्म धान्न निकै गाह्रो हुन्छ । तर पनि राज्यको नजर त्यसतर्फ जान सकेको देखिदैन ।

सामाजिक बहिष्करण र सीमान्तकृत भए पनि मुगाल समुदाय सांस्कृतिक रूपमा भने सम्पन्न देखिन्छ । भूमण्डलीकरणको प्रक्रियासँगै फैलिएको पश्चिमी संस्कृतिबाट यो समुदाय अझै टाढा रहेको देखिन्छ । याप्लाङ कोगे, ल्होसार र सोल्जीजस्ता धेरै परम्परागत आदिवासी संस्कृति र अनुष्ठानहरूले समुदायमा निरन्तरता पाइरहेका छन् । आत्मा, प्रकृति र मानव समुदाय एक अर्कामा निर्भर छन र यी तीन तत्वको व्याख्याबाट मात्र मानव संसार बुझ्न सकिन्छ भन्ने मुगाल विश्व दृष्टिकोण आज पनि जीवित छन् ।

मुगाल समुदायमा जन्म, विवाह र मृत्युजस्ता धेरै अनौठो चलनहरू छन् । पुँजीवादले सामूहिक जीवन पद्दतिलाई ध्वस्त पार्दै गएको वर्तमान सन्दर्भमा पनि मुगाल समुदायमा समानता, सहकार्य, एकता र सामूहिकताको भावना बलियो रहेको देखिन्छ । आरामदायी जीवन र अवसरको खोजीमा घर छाडेर हिँडेका मुगलहरूले समेत आफ्नो भाषाको संरक्षण गरेको पाइन्छ ।

सूचना तथा प्रविधिको विकास र विश्वव्यापीकरणजस्ता प्रक्रियाहरूले मुगाल समुदायमा पनि केही सकारात्मक परिवर्तन ल्याएका छन् । अहिले यस समुदायको चेतनाको स्तर बढ्दै गएको र परम्परागत गुम्बा शिक्षासँगै आधुनिक शिक्षामा समेत जोड दिदै आएको छ । मुगालहरू प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्यायजस्ता मुद्दाहरूमा सचेत हुँदै गएका छन् । विगतमा आफूमाथि भएको अन्याय, उत्पीडन र शोषणको विरुद्धमा बोल्न नसक्ने मुगाल अहिले आफूलाई सशक्त रूपमा प्रस्तुत गर्न सक्षम भएका छन् । यसले मुगाल समुदाय क्रमश सशक्तीकरण हुँदै गएको सङ्केत गर्छ ।

पहिचानको विश्वव्यापी राजनीतिले मुगालहरूलाई पनि प्रभाव पारेको छ । फलस्वरूप यो समुदाय केही वर्षयता पहिचानको राजनीतिमा सक्रिय छ । नेपालका आदिवासी जनजातिहरूका भाषा, धर्म, संस्कृति, रीतिरिवाज, परम्परा आदिको संरक्षण र प्रवर्द्धन गर्न स्थापना भएको नेपाल आदिवासी जनजाति महासंघमा मुगाल समुदायको प्रतिनिधित्वले उनीहरू पहिचानको आन्दोलनमा सक्रिय रहेको पुष्टि गर्दछ ।

राज्य नागरिकको अभिभावक हो । अभिभावकले आफ्नो जिम्मेवारीबाट कहिल्यै पन्छाउनुहुँदैन । राज्यले नागरिकप्रति अभिभावकको भूमिका निर्वाह गर्न सकेन भने नागरिकले राज्यको स्वामित्व लिन सक्दैनन । यसको अर्थ नागरिक आफ्नो राष्ट्रियताबाट विस्तारै विचलित बन्दै जाने छन् । राज्यले आफ्नो कर्तव्य र दायित्व भूल्यो भनेको राष्ट्रियता कमजोर हुने खतरा बढ्दै जान्छ । साढे दुई सय वर्षको राज्यसत्ताका कमजोरीलाई सच्याउनु वर्तमान संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यको कर्तव्य र दायित्व हो । जनतामा राज्यको बलियो उपस्थितिबाट मात्रै राष्ट्रवाद बलियो हुने सैद्धान्तिक मान्यता छ । त्यसैले मुगालजस्ता अधिकारबाट वञ्चित समुदायहरूमा राज्यको उपस्थिति हुन जरुरी छ । प्रत्येक जातजातिको योगदान र सहभागिताले मात्र बलियो राज्य निर्माण गर्न सकिन्छ । त्यसैले राज्यले सबै जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र धर्मलाई समान व्यवहार गर्नुपर्छ । राज्य/राष्ट्र निर्माणको प्रक्रियामा सबैलाई समान सहभागी बनाउन अनुकूल वातावरण सिर्जना गर्नुपर्छ । प्रत्येक नागरिकलाई राज्यको मूलधारमा ल्याएर मात्रा नेपाली हुनुमा गर्व गर्न सकिन्छ । तसर्थ सामाजिक, आर्थिक र राजनीतिक रूपमा पिछडिएका मुगाल जातिलाई राज्यको मूलधारमा ल्याउनुपर्दछ । उनीहरूका पहिचानसँग जोडिएका भाषा, धर्म, संस्कार र संस्कृतिको संरक्षण गरी नेपाली भएकोमा गर्व गर्न दिनुपर्छ ।

सन्दर्भ सूची

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ । नेपाल कानून आयोग ।

आहुति (२०१०) । *नेपालमा वर्णव्यवस्था र वर्ग-संघर्ष* । ललितपुर: समता फाउण्डेशन ।

कार्मारोङ, गुरु श्याङ्ग्याप, कार्मारोङ, सोनाम तोर्चे र कार्मारोङ, जिग्मेद (२०६७) । *हामी कार्मारोङ* । मुगु: करानी सामुदायिक विकास केन्द्र ।

केन्द्रीय तथ्याङ्क विभाग (२०२३, २०१४ र २००३) । *जातिगत तथा जिल्लागत जनगणना तथ्याङ्क* । नेपाल सरकार ।

गुरुङ, ओम र अन्य (२०६५) । *नेपालका आदिवासी जनजातिहरूको पहिचान र सूचीकरण* । काठमाडौं : अप्रकाशित प्रतिवेदन ।

गुरुङ, हर्क (२००७) । *मैले देखेको नेपाल* । काठमाडौं : हिमाल किताब एसोसियसन ।

घर्ती, पुष्पा (२०७६) । *बहुपति प्रथा अन्त्यका लागि हाम्रो दायित्व* । कुशेमालिका अनलाइन (२०७६ पुष ७)

जिल्ला विकास प्रतिवेदन (२०७२) । जिल्ला विकास समिति, मुगु ।

डोल्पो, टासी टेवा (२०७५) । *के हिमालमा दलित छैनन् ?* अन्नपूर्ण पोस्ट दैनिक, काठमाडौं (२०७५ साउन १)

तामाङ, परशुराम (२०७५) । *तामाङ जाति* । काठमाडौं: शैलुङ बुक्स प्रा.लि. ।

तामाङ, प्रतीक (२०६३)। *मुगाल जनजाति एक अध्ययन*। काठमाडौँ: मुगाल जनजाति कल्याण केन्द्र।

तामाङ, रविन्द्र (२०६२)। *तामाङ थरहरू: एक अध्ययन*। काठमाडौँ

निर्वाचन परिणाम (२०७९)। निर्वाचन आयोग, काठमाडौं, नेपाल।

नेपालको संविधान (२०७२)।

नेपाल मानव विकास प्रतिवेदन (२००४)। काठमाडौँ : युनडिपी।

प्रतीक्षा, त्रिचन्द्र (२०७५)। *जात-जातिहरूको विवाहसंस्कार*। काठमाडौँ: नारी मासिक पत्रिका (२०७५ माघ २२)।

पाठ्यक्रम विकास केन्द्र (२०७६)। *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप*। भक्तपुर: नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

पाँडे, आर. कुमार (२०३४)। *मुगुका मुगाल जाति*। जीवनचन्द्र कोइराला सम्पादित हाम्रो चिनारी हाम्रो संस्कृति/मधुपर्क, काठमाडौँ।

बुढा, विष्णुलाल (२०७६)। *माथिल्लो डोल्पामा अझै बहुपति प्रथा*। रेडियो कान्तिपुर (२०७६ आश्विन ११)।

मेचीदेखि महाकाली (२०३१)। काठमाडौँ : सूचना विभाग।

विष्ट, डोरबहादुर (२००७)। *सबै जातको फूलबारी*। ललितपुर: हिमाल बुक्स।

शर्मा, जनकलाल (२०३९)। *हाम्रो समाज एक अध्ययन*। ललितपुर : साझा प्रकाशन।

शाही, कृष्णबहादुर (२०५८)। *मुगाल जनजाति।* काठमाडौँः ग्रामीण उत्थान समाज नेपाल।

शाही, राजबहादुर (२०७२)। *हिमालपारि मुगु गाउँ*। कान्तिपुर दैनिक (२०७२ पुष १८)।

शेर्पा, लाक्पा (२०६८)। *लार्के (नुप्री) जातिको चिनारी*। ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।

शेरचन, संजय (२००४)। नेपाली राज्य र आदिवासी जनजाति। काठमाडौँः पसरिह गरयोवा।

सौर्य अनलाइन (२०७२)। *मुस्ताङमा बहुपति प्रथा कायमै। २०७२ असार २३।*

Annapurna Express (2019). *Schools here open only three months a year*. Kathmandu: Annapurna Media Network. 2019-01-04

Barber, B. (1957). *Social Stratification: A Comparative Analysis of Structure and Process*. New York: Harcourt, Brace and Company.

Davis, K & W. Moore (1945). Some Principles of Social Stratification, American Sociological Review 10 No.2

Durkheim, Emile. *The Division of Labour in Society.* Trans. W. D. Halls, intro. Lewis A. Coser. New York: Free Press, 1997, pp. 39, 60, 108

Fisher, J.F. (1986). *Tans-Himalayan Traders*. India: National Publication.

Fricke, T.E.(1993). *Himalayan Households: Tamang Demogrphy and Domestice Processes*. India: Book Faith.

Gautam, R. & Thapa-Magar, A.K. (1994). *Tribal Ethnography of Nepal Vol II*. India: Book Faith.

Grindle, Merilee S. (2000). Ready or Not: The Developing World and Globalization in Joseph S. Nye Jr. & John D. Donahue (eds.) *Governance in a Globalizing World.* Washington DC: Brookings Instituttion Press.

Gurung, Om (2009). *Indigenous People's Movement in Nepal: Past and Present*(in Nepali). Janajati Awaj.

Hangen, S. & Lawati, M. (2013). *Nationalism and Ethnic Conflict in Nepal.* USA: Routledge.

Haralambos & Holborn (2005). *Sociology Themes and Perspectives*. London Harper: Collins Publishers Limited.

Harris, M. (1966).*The Cultural Ecology of India's Sacred Cattle.* Chicago: The University of Chicago Press.

Holmberg, D. (1989). *Order in Paradox: Myth, Ritual and Exchange among Nepal's Tamang*. USA: Cornell University Press.

MIWUI (2014). *Climate Change Destryoing Livelihoods and Traditions of Mugal Women in Nepal.* http://apwld.org/wp-content/uploads/2014/12/flyer-mwui-corrected-12-1.pdf

Mugum Story (2007). Kathmandu: Mugum Budhist Welfare Association.

Nepal Human Development Report (2014). Kathmandu: National Planning Commission.

NPC & UNDP (2006). *Millennuim Development Goals, Need Assessment for Nepal*. Kathmandu: Government of Nepal, Natioanal Planning Commision (NPC).

Ortner, S. (1978). *Sherpas through their rituals*. London, Newyork, Melbourne: Cambridge University Press.

Rankin, Katharine N.(2004). The Cultural Politics of Markets: Economic Liberalization and Social Change in Nepal. London: Pluto Press.

Steward, J. (1955).*Theory of Cultural Change: The Methods of Mulitilinear Evolution.*Urbana: University of Illinois Press.

Tamang, M. (2008).*Himalaya Indigeneity: Histories, Memories, and Identity among Tamang in Nepal:* Unpublished Ph.D. dissertation submitted to Cornell University, USA.

UNDP (2004). *Nepal Human Development Report*. Kathmandu: United Nation Development Project.

Ukyab, T & Adhikari, S. (2000). *The Nationalities of Nepal*. Kathmandu: His Majesty's Government of Nepal, Ministry of Local Development, National Committee for Development of Nationalities.

अनुसूची- १

मुगाल समुदायसँग सम्बन्धित सामुदायिक तथा गैरसरकारी सङ्घसंस्थाहरू

क्रम सङ्ख्या	संस्थाको नाम	ठेगाना
१.	मुगाल जनजाति समाज कल्याण केन्द्र	मुगु
२.	मुगुम बुद्धिस्ट वेलफेयर एसोसिएसन	काठमाडौँ
३.	मुगुम वचन बोल्ने समूह	काठमाडौँ
४.	मुगुम शान्ति युवा क्लब	मुगु
५.	मुगुम जनजाति महिला विकास केन्द्र	मुगु

अनुसूची-२

मुगु गाउँमा रहेका गुम्बाहरू

क्रम सङ्ख्या	गुम्बाको नाम	स्वामित्व
१.	लाब्राङ गुम्बा	सार्वजनिक
२.	सेरखाङ गुम्बा/वचन बोल्ने गुम्बा	सार्वजनिक
३.	धोमधोङ यार (ठारा) गुम्बा	निजी
४.	अरुरा (उरा) गुम्बा	निजी
५.	धोङ्क छोइखोरलिङ (धोइछे) गुम्बा	निजी

६.	स्हिमखाङ बर्मा गुम्बा	निजी
७.	खावालुङ गुम्बा	निजी
८.	गुम्बा ल्हाखा	निजी
९.	डाग्डोन साङक छ्योइखोरलिङ गुम्बा	निजी
१०.	डाक्छा ल्हामो/ढुम्पा थार्पा गुम्बा	निजी

अनुसूची- ३

क. मुगु जिल्लाको नक्सा



ख. मुगु गाउँको नक्सा


MUGU VDC
DISTRICT : MUGU
VDC CODE : 65013
SHRIMASTA
MIMI
PULU
DOLPHU
Humla Patan
Khaptang
Khaptangchaur
Tankyachaur
Purano Mugu (Korpe)
Mugu
Kobale
Chyargola Bhanjyang
Thanjuchaur
Rolagechaur
Chitai
82°24'
82°32'
82°40'
29°56'
29°48'
29°40'
Copyright © Survey Department, Government of Nepal
SCALE 1:222500
Map produced by NGIIP, Survey Department, Government of Nepal.
6675 0 6675 13350 20025 Meters
DISTRICT LOCATION MAP
HUMLA
JUMLA
MUGU
KALIKOT
MUGU VDC
Area: 668 Sq. Km. (Approx.)
Map based on National Topographic Database, 2002 - 2007.
LEGEND
Highway
Secondary Road
Other Road
Cart Track, Trail
Bridge, Other crossing
Railway Line
International Boundary
District Boundary
VDC/Municipality Boundary
Ward Boundary
Airport
VDC/Municipality
Settlement
Ward No.
GUNDU
GUNDU
Dharapani
6
VDC/MUNICIPALITY LOCATION MAP

लेखक परिचय

नाम	: कर्मध्वज लामा
स्थायी ठेगाना	: साविक मादन कुँडारी गा.वि.स. वडा नं. १ र हाल चौरी देउराली गाउँपालिका वडा नं. ७, काभ्रेपलाञ्चोक ।
अस्थायी ठेगाना	: बालकोट-२, भक्तपुर ।
शिक्षा	: एम.फिल (शिक्षा), एम.ए (समाजशास्त्र) र एम.ए. (राजनीतिशास्त्र)
पेशा	: प्राध्यापन तथा अनुसन्धान (सन् २००९ देखि हालसम्म त्रिभुवन विश्वविद्यालय, त्रि-चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर र सन् २०१४ देखि पशुपति बहुमुखी क्याम्पस र काठमाडौं मोडेल कलेज, काठमाडौंमा समाजशास्त्र विषय प्राध्यापनरत)
अनुसन्धान तथा परामर्श अनुभव	: शिक्षा मन्त्रालय (सन् २०२२ तथा २०२१), अजराउप्र (२०२१, २०१६, २०११), युएनडीपी (२०१७), युनेस्को (२०१३), विश्वविद्यालय अनुदान आयोग (२०१३), विश्वशिक्षा (२०१२ र २०१३), आरहुस युनिभर्सिटि, डेनमार्क (२००८) लगायत थुप्रै राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुमा ।
अनुसन्धान रुचिका विषयहरु	: सामाजिक असमानता, पहिचान, जातीयता र शिक्षाको समाजशास्त्र आदि ।
ईमेल	: waiba.karma@gmail.com

प्रकाशक

नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

9 789937 955683